# भेरीगंगा नगरपालिकाको

## आ.व. २०८३/०८४ को वार्षिक बजेट, नीति तथा कार्यक्रम

## (नगर विकास योजना)

# भेरीगंगा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

छिन्चु, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

**भेरीगंगा नगरपालिका**
**नगर विकास योजना**
**आ.व. २०८३/०८४**


**प्रकाशक**
**भेरीगंगा नगरपालिका**
छिन्चु, सुर्खेत

**सम्पादन मण्डल**
श्री हरि बहादुर खत्री, प्रमुख प्रशासकीय अधिकृत
श्री मानबहादुर ठाडा, प्रमुख लेखा अधिकृत
श्री सरीता हमाल, सूचना प्रविधि अधिकृत
श्री कुलबहादुर खड्का, प्रशासकीय अधिकृत
श्री युवराज देवकोटा, लेखा अधिकृत



**सम्पर्क**
फोन नं. : ०८३-५४०१५४/५४०३१०/५४०३११/५४०३१२
टोलफ्रि नम्बर : १८१०५०००३११
ईमेल : info@bheriganggamun.gov.np
ito.bheriganggamun@gmail.com
वेवसाईट : www.bheriganggamun.gov.np



**ले-आउट**
**इन्द्रजित पहाडी**
ईमेल : pahadi427@gmail.com

**मुद्रक**
**अस्मिता प्रिन्टिङ्ग (अफ्सेट) प्रेस**
वीरेन्द्रनगर-६, वुद्धपथ, सुर्खेत
फोन नं.: ०८३-५२१३५२/५२१७७०
ईमेल : asmitaoffsetskt@gmail.com

# हामी कहाँ छौं ?



# भेरीगंगा नगरपालिकाको नगर गान

बबई गोचे भेरी नदी नगरका सीमाना,
भेरीगंगा प्रबेशद्वार कर्णालीको सान ।
छिञ्चु रामघाट मैनतडाका फाँटहरु रमाइला,
लेखपराजुल र हर्रेडाँडा झन बढि घमाइला ।
बराह गिद्दे डुमकोटडाँडा नगरका गौरव,
देउतीबज्यै शिद्धभूमि संस्कृति सौरभ ।
दूध, फलफूल सागसब्जी समृद्धिका आधार,
शान्ति सद्भाव पुण्यकर्म फैलाउँ वरपर ।
पञ्चेबाजा राजी नाच हाम्रो परम्परा,
टप्पा मयुर सोरठीले लोभ्याउछन् अपार ।
हाम्रो भेरीगंगा ! राम्रो भेरीगंगा !! सुखि भेरीगंगा !!! समृद्ध भेरीगंगा !!!!

# भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**छिन्चु, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**



## शुभकामना मन्तव्य

भेरीगंगा नगरपालिकाको नगरसभाको १९औँ अधिवेशनमार्फत भेरीगंगा नगरपालिकाको आ.व. २०८३।०८४ सालको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा निक्कै गौरवको अनुभूति गरिरहेका छौँ। सिमित श्रोत तथ साधनलाई असिमित आवश्यकता पूरा गर्नका लागि तादम्यता दिने यो बिशेष अवस्थामा फेरी पनि म भेरीगंगावासी आमाबुवा दाजुभाई तथा दिदीबहिनीहरुलाई हृदयदेखि नमन गर्न चाहन्छु। स्थानीय तहको दोश्रो निर्वाचन मार्फत विजयी गराई पाँचौँ पटक बजेट विनियोजन गर्ने अवसर प्राप्त भएको छ।सबैमा आभार प्रकट गर्दछु।

सबैभन्दा पहिले जनताको अधिकार स्थापित गराउने क्रममा आफ्नो जीवन उत्सर्ग गरी विभिन्न जनआन्दोलनहरुमा वीरगति प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। हामीले जनतासामु गरेका बाचा तथा प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्नका लागि हामीले जनताकै चाहाना अनुसार भेरीगंगा नगरपालिका छिन्चु, सुर्खेतको आगामी आर्थिक बर्ष २०८३।०८४ को नगरसभाको १९ औँ अधिवेशन सम्पन्न गर्न गईरहेका छौँ। नेपालको संविधान २०७२ ले गरेको व्यवस्थाबमोजिम नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रुपान्तरित भएको छ। संविधानले व्यवस्था गरेबमोजिम तीन तहको सरकारमध्ये जनताको नजिकको सरकार स्थानीय सरकारको रुपमा स्थानीय संरचना भई हालको भेरीगंगा नगरपालिकाको स्थापना भएको हो। भित्री मधेशका विभिन्न जिल्लाहरु मध्ये सुर्खेत जिल्लाको दक्षिण–पूर्व भागतर्फ रहेको तराईका भुभाग देखिने लेकहात्तिखाल, हर्रे, लेखपराजुल, मनिरामकाँडा समुन्द्री सतहदेखि ४०० देखि १५०० मिटरसम्मको उचाईमा अवस्थित उक्त स्थानको हावापानी तथा मौसममा विविधता रहेको छ। भौगोलिक सहजता नभएको यस नगरपालिकाको क्षेत्रमा विकासका पूर्वाधार तयार गर्न केहि सहज भएता पनि भौगोलिक आधारमा दुर्गम क्षेत्रको रुपमा रहेका वडा नं. १, २, ३, ४, ५, ६ र ७ मा बढि भौगोलिक विकटता रहेको छ। विकासका पूर्वाधार तयार गर्न समय र लागत पनि बढि लाग्दछ। नगरपालिकाको आन्तरिक आम्दानी निक्कै कम रहेको अवस्थामा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा बढी निर्भर रहनुपरिरहेको छ। नगरवासीका असिमित आवश्यकताहरुलाई प्राथमिकताको आधारमा सम्बोधन गर्न योजनाबद्ध विकासको मोडेललाई अवलम्बन गर्दै वडामा जाने बजेट तथा नगर कार्यपालिकाको निर्णय अनुसार थप बजेट व्यवस्था गरी आयोजना कार्यान्वयन गर्दै आएको अवस्था छ। कर्णाली प्रदेशको प्रबेशद्वारको रुपमा रहेको यो नगरपालिकामा हामी सबैको सकारात्मक सोच र प्रतिबद्धता भएमा विकासले द्रुत गति लिने संभावना रहेको छ।

अन्त्यमा, भेरीगंगा नगरपालिकाको नगरसभाको १९औँ अधिवेशन सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण नगर सभाका सदस्यज्यूहरु, राजनैतिक दलका प्रतिनिधि ज्यूहरु, शिक्षक, कर्मचारी, पत्रकार तथा सुरक्षाकर्मी ज्यूहरु लगायतलाई धन्यवाद दिँदै समृद्ध भेरीगंगा, सुखी भेरीगंगावासीको दीर्घकालिन लक्ष्य पुरा गर्न २०८३।०८४ को नीति तथा कार्यक्रम र बजेटले नगरपालिकाको समग्र विकासमा थप आधारहरु सिर्जना गर्ने अपेक्षा गर्दै यसको प्रभावकारी कार्यान्वयन गर्नमा सबैले आ–आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्नुहुन अनुरोध गर्दै सबैमा धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद !

**यज्ञप्रसाद ढकाल**
**नगर प्रमुख**

# भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**छिन्चु, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**



## शुभकामना मन्तव्य

नेपालको संविधान २०७२ ले गरेको व्यवस्थाबमोजिम नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रुपान्तरित भएको छ। संविधानले व्यवस्था गरेबमोजिम तीन तहको सरकारमध्ये जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारमा हामी चुनिएर आएपश्चात यो पाँचौँपटकको बजेट तथा कार्यक्रम ल्याउन पाउँदा निक्कै हर्षित भएका छौँ।

शासन व्यवस्थामा जनताको अधिकार स्थापित गराउन र लोकतन्त्र, स्वतन्त्रतार सार्वभौमसत्ताको प्राप्ती र समृद्धिका लागि आफ्नो जीवन उत्सर्ग गरी विभिन्न जनआन्दोलनहरुमा वीरगति प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । त्यसैगरी राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिका लागि संघर्ष गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वप्रति हार्दिक सम्मान प्रकट गर्दछु।

भौगोलिक रुपमा विकटता रहेको यस नगरपालिकाका साविक लेखपराजुल क्षेत्रको विकासका लागि हामीले निक्कै मेहनत गर्नुपर्ने अवस्था आएको छ। छिन्चु, रामघाट र मैनतडा क्षेत्रको उत्तिकै विकास गर्नुपर्ने बाध्यता रहेको छ । नगरपालिकाले आफ्नो आन्तरिक स्रोत साधन तथा आय न्यून रहेको र संघीय तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा सिमित भएको हुँदा नगरवासीको असिमित आंकाक्षाहरुलाई पुरा गर्न कठिन अवस्था रहेको छ। नगर वासीको असिमित आवश्यकताहरुलाई प्राथमिकताको आधारमा सम्बोधन गर्न योजनाबद्ध विकासको मोडललाई पालना गर्दै वडामा जाने बजेट तथा नगर कार्यपालिकाको निर्णय अनुसार आयोजनाहरु कार्यान्वयन गर्दै आएको अवस्था छ।

राजनीतिक परिवर्तनको यात्राबाट अव हामी आर्थिक, सामाजिक रुपान्तरणका माध्यमबाट समृद्धिको यात्रामा अघि बढेका छौं। अशिक्षा, अस्वस्थता, गरीवी, बेरोजगारी, परम्परागत कार्यशैली तथा संघियता विरोधी एकात्मक मनोविज्ञान समस्याको रुपमा अगाडी खडा रहेका छन् । त्यसका लागि हामी सवैमा संघीय शासन प्रणाली प्रति विश्वास, जनमैत्री कार्यशैली, जनतालाई केन्द्रमा राखेर निर्माण गरिने योजना तथा कार्यक्रम, उच्च नैतिक आचरण, विधिको शासनप्रतिको निष्ठा र समर्पणबाट मात्र यो यात्रालाई सफल पार्न सकिने कुरामा म विश्वस्त छु। बजेट तर्जुमा गर्दा संविधानले तय गरेको मौलिक हकहरुको रक्षा गर्दै शान्ति, स्थिरता, सुशासन, विकास र समृद्धिको आकांक्षालाई सम्बोधन गर्न सहयोग हुने कार्यक्रम, योजना तथा क्रियाकलापहरु समावेश गर्न आवश्यक हुन्छ।

अन्तमा, हामीलाई प्राप्त सुझाव, हाम्रो सिकाईलाई आधार मान्दै आगामी दिनमा नगरपालिकालाई चुस्त, दुरुस्त बनाउनका लागि करदातासँग समेत समन्वय गरिनेछ। नगरको विकासको मेरुदण्ड भनेकै राजश्व भएको कुरालाई आत्मसात गर्दै करदाता र नगरपालिकावीच सुमधुर सम्बन्ध बनाउँदै आन्तरिक श्रोत अभिवृद्धिको कार्यक्रम अगाडि बढाउँदै भेरीगंगाको सम्वृद्धिको आधार तयार गर्न सबैलाई हातेमालो गर्न समेत अनुरोध गर्दछु।

धन्यवाद !

**धनसरा बोहरा**
**नगर उपप्रमुख**

# भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल



## शुभकामना मन्तव्य

कर्णाली प्रदेशको प्रवेशद्वारको रुपमा रहेको यस भेरीगंगा नगरपालिका **"समृद्ध भेरीगंगा, सुखी भेरीगंगावासी"** भन्ने मूल नाराका साथ हामी नगरसभाको १९औँ अधिवेशनमा आईपुगेका छौँ । यस अधिवेशन सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, पदाधिकारीहरु, पत्रकार मित्रहरु, उद्योगी, व्यापारी तथा अन्य नगरवासीहरुलाई सबैभन्दा पहिले म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु। जनताका प्रतिनिधिज्यूहरुको आगमनसँगै नगरपालिकाको विकासका लागि जनताका योजना तथा कार्यक्रम कार्यान्वयनको मुख्य थलो भनेकै नगरसभा भएकोले यो नगर सभा नै नागरिक आवाज बुलन्द गर्ने पहिलो खुड्कीलो हो ।

कर्णाली प्रदेशकै प्रवेशद्वारको नगरपालिका भएकोले पनि भेरीगंगा नगरपालिका आफैमा सम्भावनाको खानीको रुपमा रहेको नगरपालिका हो । भेरीबबई डाईभर्सन बहुउद्देश्यीय आयोजना लगायतका महत्वका योजनाका कारण समेत यो नगरपालिकाको अझ महत्व बढेको छ। सुनको सिरानी हालेर नुनको खोजीमा भौतारिन बाध्य हामी कर्णाली प्रदेशको प्रवेशद्वारबासी भएकोले पनि अझ हाम्रो भूमिका महत्वपूर्ण छ। अरु पालिका तथा जिल्ला र प्रदेशले पनि हामीलाई छोटै समयमा अवलोकन गर्न सक्ने भएकोले सम्पूर्ण नगरको विकासमा सबैको साथ, सहयोग हुन जरुरी छ । नगरको विकासका लागि जनप्रतिनिधि र कर्मचारीहरु मात्र लागेर हुँदैन, सबैको सहभागिता जरुरी छ। सबै वर्ग, क्षेत्र, जातजाती, धर्म सम्प्रदायको विकासमा नगरपालिका उत्तिकै चिन्तित रहेको छ। जस्तोसुकै समय र परिस्थितिमा पनि विचलित नभई नगरको समृद्धि, उन्नती, भलाई र विकासलाई आफ्नो प्रमुख लक्ष ठानी रातदिन नभनि नगरवासीका समस्याहरुलाई समाधान गर्न तर्फ अगाडि बढ्ने कुरा पनि म प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । सिमित श्रोत साधन तथा असिमित इच्छा र चाहना, अनि आवश्यकतालाई सम्बोधन गरी थेरथोर नगरवासीका मागहरुलाई सम्बोधन गर्नतर्फ नीति तथा कार्यक्रम र बजेट अभिप्रेरित रहेको छ। सहभागिता, सहकार्य, मागका आधारमा र वास्तविक योजनाहरुको छनौट र त्यसको पूर्ण रुपमा कार्यान्वयनले मात्रै नगरको मुहार फेर्न सकिने हुँदा हाम्रो नीति तथा कार्यक्रम पनि सोहीबमोजिम तयार भएको कुरा अवगत गराउन चाहन्छु।

नगरको शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, पशु, संस्कृति, पर्यटन, खेलकुद, भौतिक पूर्वाधार, सडक, विजुलीबत्ति, खानेपानी, सिंचाई, सहकारी, वातावरण संरक्षण, तटबन्धन, सरसफाई, जनचेतना लगायतका विविध क्षेत्रमा हाम्रा नीति तथा कार्यक्रमहरु लक्षित गरिएको छ। हाम्रो बजेट, नीति तथा कार्यक्रममा कुनै कुरा छुट भएको भए यहाँहरुको सुझाव सदैब शिरोधार्य गर्ने नै छौँ। समृद्ध भेरीगंगा गराउनका लागि जनप्रतिनिधि र कर्मचारीहरु सबै एक भई अघि बढेमा मात्र यो सम्भावना रहेकोले कर्मचारी क्षेत्रबाट हामी सदैब साथ, सहयोग र निर्णय कार्यान्वयनमा प्रतिवद्ध छौँ । नगरसभाको १९औँ अधिवेशन सम्पन्न गर्नका लागि सहयोग गर्नुहुने जनप्रतिनिधि, कर्मचारी, उद्योगी, व्यापारी, पत्रकार लगायत सबैमा हृदयदेखि नै धन्यवाद दिन चाहन्छु। धन्यवाद !

**हरि बहादुर खत्री**
**प्रमुख प्रशासकीय अधिकृत**

# विषय-सूची


| विषयवस्तु | पेज नं. |
|---|---|
| भेरीगंगा नगरपालिकाको संक्षिप्त परिचय | १ |
| नगरसभाको १९औँ अधिवेशनमा उपस्थित नगरसभाका सदस्यहरुको विवरण | ३ |
| भेरीगंगा नगरपालिका सुर्खेतको नगरसभाको १९औं अधिवेशन २०८३/०३/०३ मा पारित आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम | ५ |
| आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम | ८ |
| भेरीगंगा नगरपालिकाको नगरसभाको १९औँ अधिवेशनमा नगर उपप्रमुखको तर्फबाट श्री धनसरा बोहराज्यूले पेश गर्नुभई पारित भएको आ.व. २०८३/०८४ को बजेट, कार्यक्रम तथा आय–व्यय विवरण | ३१ |
| भेरीगंगा नगरपालिका सुर्खेतको विनियोजन ऐन, २०८३ | ३२ |
| १. संक्षिप्त नाम र प्रारम्भ : | ३२ |
| २. आर्थिक वर्ष २०८३/०८४ का निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : | ३२ |
| ३. विनियोजन : | ३२ |
| विषयगत समितितर्फको बजेट | ४२ |
| सार्बजनिक सेवा तथा क्षमता विकास समिति | ४२ |
| उप–प्रमुख स्वरोजगार कार्यक्रमतर्फ (संघीय विषेश अनुदान समेत) | ४५ |
| सामाजिक विकास समितितर्फका बजेट तथा कार्यक्रमहरु | ४७ |
| महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण शाखा | ५२ |
| आर्थिक विकास समितितर्फका बजेट तथा कार्यक्रम | ५२ |
| आ.व. २०८३/०८४ का लागि कर्णाली प्रदेश सशर्त, विशेष र समपुरक अनुदान तर्फका कार्यक्रम | ५६ |
| आ.व. २०८३।०८४ का लागि भेरीगंगा नगरपालिकालाई प्राप्त संघीय शसर्त अनुदान कार्यक्रम | ६० |
| विभिन्न गैरसरकारी निकायबाट पालिकामा संचालन हुने आ .व. २०८३/०८४ को प्रस्तावित बजेट तथा कार्यक्रम | ७२ |
| फियान नेपालाको आर्थिक वर्ष २०८३/०८४ को लागी प्रक्षेपित वार्षिक कार्यक्रम र बजेट | ७५ |
| "वन डढेलो जोखिम न्यूनीकरणका लागि प्रकृतिमा आधारित स्थानीय समाधानको प्रवर्द्धन मार्फत जमिन–जंगल–जलस्रोत प्रणालीको पुनर्स्थापना (पुनरुत्थान) परियोजना | ७७ |
| भेरीगंगा नगरपालिकाका वडास्तरिय योजना तथा कार्यक्रम २०८३/०८४ | ७९ |
| भेरीगंगा नगरपालिकाको आर्थिक ऐन, २०८३ | ९५ |
| भेरीगंगा नगरपालिकाका जनप्रतिनिधीहरुको नाम, पद र सम्पर्क नम्बर | १४६ |
| भेरीगंगा नगरपालिकाको बिषयगत क्षेत्रलगायतका समितिका पदाधिकारीहरुको नामावली र सम्पर्क नम्बर | १४८ |

# भेरीगंगा नगरपालिकाको संक्षिप्त परिचय

सुर्खेत जिल्लाको सदरमुकामको रुपमा रहेको वीरेन्द्रनगर नगरपालिकासँगै जोडिएको पूर्वी क्षेत्रमा अवस्थित यो नगरपालिका जिल्लाको दोश्रो नगरपालिकाको रुपमा रहेको छ। यो नगरपालिका सुरुमा वि.सं.२०७१ साल मंसीर १६ गतेको नेपाल सरकारको निर्णय अनुसार साविक छिन्चु, रामघाट र मैनतडा गाविसहरु मिलेर बनेको थियो। पछि वि.सं.२०७२ सालमानेपालको संविधान जारी भएपछि राज्यको पुनर्संरचना गर्दा साविकको लेखपराजुल गाविस समेत यस नगरपालिकामा थप गरिएको छ। पूर्वमा कालिमाटी गाउँपालिका र गोचे खोला, उत्तर र पश्चिममा भेरी नदी र दक्षिणमा बबई नदी र बर्दीया राष्ट्रिय निकुञ्जसम्म फैलिएको यस नगरपालिकाको अक्षांश २८°२२' ११" उत्तरदेखि २८°३४' ०८" उत्तरसम्म र देशान्तर ८१°३१'५१" पूर्वदेखि ८१°५०' १६" पूर्वसम्म फैलिएको छ।

जनसंख्याको हिसाबले सुर्खेत जिल्लाका नौ वटा स्थानिय तहमा चौथो क्रममा रहेकोछ। २०७८ सालको जनगणना अनुसारकुल जनसंख्या ४८ हजार २ सय ३ जना, पुरुष २२ हजार ५ सय ३८ जना र महिला २५ हजा र ६ सय ६५ जना रहेका छन् भने क्षेत्रफल २५६.२ वर्ग कि.मि. रहेको छ। क्षेत्रफलको हिसाबले सुर्खेतका ५ नगरपालिकामध्ये यो नगरपालिका तेश्रो ठूलो नगरपालिका हो। यस क्षेत्रमा उद्योग, व्यापार, पर्यटन, व्यवसायिक कृषि र पशुपालनको माध्यमबाट यस क्षेत्रका मानिसहरुको जिविकोपार्जन भईरहेको छ। सुर्खेतलाई पूर्व–पश्चिम राजमार्गसम्म जोड्ने रत्नराजमार्गको अधिकतम् खण्ड यसै नगरपालिका अन्तर्गत पर्ने र छिन्चु–जाजरकोट सडक पनि यसै नगरपालिका हुँदै जाने भएकोले द्रुत आर्थिक विकासको प्रवल सम्भावना पनि यस नगरपालिकाले बोकेको छ।

सबै जातजातिहरुको मिश्रीत बसोबास रहेको यस नगरपालिकामा विशेषगरी क्षेत्री, ब्राहमण, दलित तथा मगरजातीहरुको बसोबास रहेकोछ भने आदीबासी लोपोन्मुख राजी समुदायको पनि बसोबास रहेको छ । यो क्षेत्रमा खेतीयोग्य जमीन कम भएपनि सिंचाई अभाव तथा उच्च आधुनिक प्रविधिको अभावमा यहाँका मानिसहरु जिविकोपार्जनका लागि कृषि, पशुपालन, अन्य ब्यबसाय र ज्यालामजदुरीका अतिरिक्त बैकल्पीक रोजगारीका अवसरहरु खोजी गरिरहेको पाइन्छ । नगरपालिकाको नाम भेरीगंगा नामाकरण गर्नुमा यस क्षेत्रमा बग्ने भेरीनदी र स्थानिय गंगामाला देउतीबज्यै मन्दिरको उत्पती स्थलनै मुख्य रहेको छ। यी दुबैको समिश्रणबाट भेरीगंगा राखिएको हो। वि.सं.२०७३ साल भाद्र १३ गतेको स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति सुर्खेतको बैठकबाट यसलाई १३ वटा वडामा विभाजन गरिएको छ। यो नगरपालिकाको पूर्वमा गुर्भाकोट न.पा. र कालिमाटी गाउँपालिका सल्यान, पश्चिममा बराहताल गाउँपालिका, उत्तरमा लेकवेशी नगरपालिका र वीरेन्द्रनगर नगरपालिका तथा दक्षिणमा बाँसगढी नगरपालिका बर्दिया र बर्दिया राष्ट्रिय निकुन्ज पर्दछन्।

**भेरीगंगा नगरपालिकाको वडा विभाजन**

| भेरीगंगा नगरपालिकाको वडा नं. | साविकको गाविस र वडाहरु | |
|---|---|---|
| | गाविसको नाम | वडा नं. |
| १ | लेखपराजुल | १ र २ |
| २ | लेखपराजुल | ३, ४, ५ र ६ |
| ३ | लेखपराजुल | ७, ८ र ९ |
| ४ | भेरीगंगा | ९ र १० |
| ५ | भेरीगंगा | ८ |
| ६ | भेरीगंगा | १ र ४ |
| ७ | भेरीगंगा | ५ |
| ८ | भेरीगंगा | ६ र ७ |
| ९ | भेरीगंगा | २ र ३ |
| १० | भेरीगंगा | १२ |
| ११ | भेरीगंगा | १३ र १४ |
| १२ | भेरीगंगा | ११ |
| १३ | भेरीगंगा | १५ र १६ |

**प्रमुख नदीहरु**
भेरीनदी, ववई नदी, गोचे खोला, तोली खोला, छिन्चु खोला, मुरली खोला, भिङ्गनी खोला, नाच्नेखोला, डुङ्गी खोला, काल्पानी खोला,

**वनजंगलले ढाकेको क्षेत्र :** ७४ प्रतिशत

**धार्मिक स्थल :**
गंगामाला देउतीबज्यै मन्दिर, दुर्गा मन्दिर, बराहमन्दिर, सिद्धबाबा मन्दिर, भोटेकालिका मन्दिर, शिवमन्दिर, मष्टो मन्दिर, भगवतीमन्दिर, रामजानकी मन्दिर, शान्तेश्वर मन्दिर, बाजेको मन्दिर, नागेश्वर मन्दिर आदी।

**पर्यटकीय स्थल :** देउतीबज्यै मन्दीर, बराहडाँडा पर्यटकीय क्षेत्र, गिद्धेडाँडा पर्यटकीय क्षेत्र, डुमकोट पर्यटकीय क्षेत्र, चमेरे गुफा, रामजानकी शहिद स्मृति पार्क, भेरीबबई डाइभर्सन बहुउद्देश्यीय आयोजना।

**प्रमुख नाच/पर्वहरु :**
घोडे नाँच, लहरेपैँसरी नाँच,राजीमारुनी नाँच, सोरठी नाँच, सिंगारु नाँच, मयुर नाँच, दशैँ, तिहार, तिज, ह्वेली, माघी,

**भौगोलिक अवस्था :**
समुन्द्री सतहबाट ४०० मिटर देखि १५०० मिटर उचाईसम्म

**तापक्रम :**
अधिकतम् ४२ डिग्री देखि १ डिग्री सेल्सीयससम्म

**प्रमुखवालीहरु :**
धान, गहुँ, मकै, कोदो, आँप, लिचि, केरा, कागती, अमिलो, नास्पती, बेलौती आदि।

- **समयमै कर तिरौँ, नगरपालिकाको विकासमा सहभागि बनौँ**
- **घर बनाउँदै हुनुहुन्छ भने अनिवार्य नक्सापास गर्न नभुल्नुस है**
- **आगलागी नियन्त्रणका लागि घर, अफिस तथा सवारी साधनमा अग्नी संयन्त्र (Fire Extinguisher) अनिवार्य राखौँ**
- **सलाई, लाईटर, पेट्रोल, स्प्रिट, ग्याँस जस्ता अति प्रज्वलनशील पदार्थ प्रयोगमा सावधानी अपनाउ र बालबच्चाले नभेट्ने ठाउँमा मात्र राखौँ**
- **विजुलीको तार तथा विद्युतिय सामाग्रीको व्यवस्थापन गरौँ**
- **वन जंगलमा डढेलो लाग्नबाट सबै मिलेर रोकौँ**
- **वन जंगलमा लाग्ने डढेलो बस्तिमा लाग्न नदिनका लागि वन जंगल र बस्तिबीच अग्नी रेखा बनाऔँ**
- **विपद्को समयमा अति आवश्यक पर्ने पालिका, सुरक्षा निकाय, रेडक्रस, दमकल, एम्बुलेन्सलगायतका नम्बर अध्यावधिक गरी राखौँ**

**सार्वजनिक हितका लागि भेरीगंगा नगरपालिकाद्वारा जारी सन्देश ।**

## नगरसभाको १९औं अधिवेशनमा उपस्थित नगरसभाका सदस्यहरुको विवरण

आज मिति २०८३/०३/३० गतेका दिन विहान ११ बजे यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा नगरसभाको १९ औं अधिवेशनको दोश्रो बैठक नगरसभा कक्षमा तपसिलको उपस्थितीमा तपसिल बमोजिमको निर्णय गर्दै सम्पन्न भयो ।

| क्र.स. | नाम पद | पद | सम्पर्क नं | दस्तखत |
|---|---|---|---|---|
| १ | यज्ञप्रसाद ढकाल | नगर प्रमुख | ९८५८०६४११० | |
| २ | धनसरा बोहरा | नगर उपप्रमुख | ९८५८०६४११२ | |
| ३ | हरि बहादुर खत्री | प्रमुख प्रशासकीय अधिकृत | ९८५८०६४१११ | |
| ४ | दिनेश पुलामी मगर | वडा अध्यक्ष १ | ९८६४९३८२२७ | |
| ५ | चिरन्जीवि बुढा | वडा अध्यक्ष २ | ९८५८०४८५१८ | |
| ६ | जीत बहादुर सुनार | वडा अध्यक्ष ३ | ९८६८१६९५६१ | |
| ७ | गंगा बहादुर खत्री | वडा अध्यक्ष ४ | ९८४८०८५६५५ | |
| ८ | प्रेम बहादुर सारु | वडा अध्यक्ष ५ | ९८६३१४१३९५ | |
| ९ | लाल सिं बुढा क्षेत्री | वडा अध्यक्ष ६ | ९८४८०३२६६४ | |
| १० | कर्ण बहादुर मिजार | वडा अध्यक्ष ७ | ९८४८०९४५३४ | |
| ११ | पुसे कामी | वडा अध्यक्ष ८ | ९८५८०६७३२३ | |
| १२ | ईश्वर पोखरेल | का.वा. अध्यक्ष ९ | ९८४८०९७७९ | |
| १३ | विर बहादुर वस्नेत | वडा अध्यक्ष १० | ९८४८०४७८९७ | |
| १४ | जय बहादुर नेपाली | वडा अध्यक्ष ११ | ९८४८१९१८४४ | |
| १५ | राम बहादुर डाँगी | वडा अध्यक्ष १२ | ९८४१३८८९७५ | |
| १६ | गणेश बहादुर भण्डारी | वडा अध्यक्ष १३ | ९८४८१९२८३७ | |
| १७ | शेर बहादुर कामी | कार्यपालिका सदस्य | ९८६३१२२५४० | |
| १८ | सहबिर महर | कार्यपालिका सदस्य | ९८६८९०५१४० | |
| १९ | मानसिं परियार | कार्यपालिका सदस्य | ९८४७८३२८४० | |
| २० | पवित्रा घर्ती | कार्यपालिका सदस्य | ९८६७१८४२८५ | |
| २१ | गौमाया खत्री | कार्यपालिका सदस्य | ९८४८२१४२१९ | |
| २२ | ओबीसरा बस्याल | कार्यपालिका सदस्य | ९८००५३२०६७ | |
| २३ | खगीसरा पुनमगर | कार्यपालिका सदस्य | ९८४८२९२७४९ | |
| २४ | अमृता वि.सि.(विष्ट) | कार्यपालिका सदस्य | ९८४८२८५३०९ | |
| २५ | रमेश कार्की | खुला सदस्य | ९४४२३५५५५८ | |
| २६ | टोप बहादुर गुरुङ | खुला सदस्य | ९८२९६०५५५१ | |

| | | | | |
|---|---|---|---|---|
| २७ | तुलसरा नेपाली | दलित महिला सदस्य | ९८४०७६५३३६ | |
| २८ | दुर्ग बहादुर सारु मगर | खुला सदस्य | ९८२२४८०५१२ | |
| २९ | माग्ले बुढा | खुला सदस्य | ९८४२७५२५१२ | |
| ३० | हरीमाया नेपाली | दलित महिला सदस्य | ९८६६७००१२४ | |
| ३१ | संतोषी खत्री | खुला सदस्य | ९७४९९५५७४३ | |
| ३२ | श्याम बहादुर खड्का | खुला सदस्य | ९८४८२०४७०१ | |
| ३३ | सीता खत्री | महिला सदस्य | ९८२९६७३३२१ | |
| ३४ | एलिना विक | दलित महिला सदस्य | ९८६८११८७४१ | |
| ३५ | दरिमान सार्की | खुला सदस्य | ९८४८०४०३०२ | |
| ३६ | विर बहादुर खड्का | खुला सदस्य | ९८६६२३१४२३ | |
| ३७ | लिला देवी डाडी | महिला सदस्य | ९८१९५९३२१४ | |
| ३८ | बृहस्पती कामी | दलित महिला सदस्य | ९७४२८९८१८० | |
| ३९ | गोरख बहादुर खड्का | खुला सदस्य | ९८६८११८९१९ | |
| ४० | लोक बहादुर घर्ती | खुला सदस्य | ९८६६१६४०६० | |
| ४१ | रुपमाया वली | महिला सदस्य | ९८४१८६३५२३ | |
| ४२ | खगिसरा नेपाली | दलित महिला सदस्य | ९८४८२९०४६३ | |
| ४३ | सन्त बहादुर डाँगी | खुला सदस्य | ९८१५५६४७८८ | |
| ४४ | गन बहादुर वली | खुला सदस्य | ९८६८११८५१७ | |
| ४५ | सरीता वि.क | दलित महिला सदस्य | ९८१६५७८६५० | |
| ४६ | सेर बहादुर कार्की | खुला सदस्य | ९८२२५०७६४५ | |
| ४७ | रतीसरा वि.क | खुला सदस्य | ९८२४५९५३०३ | |
| ४८ | मनकली बुढा मगर (खड्का) | महिला सदस्य | ९८४५३०९९४२ | |
| ४९ | झुपाराम खत्री | खुला सदस्य | ९७४८१५९५९४ | |
| ५० | झुपलाल सुनार | खुला सदस्य | ९७४८४८४४५८ | |
| ५१ | देउकली सुनार | दलित महिला सदस्य | ९८६८६५०७५४ | |
| ५२ | धन बहादुर कामी | खुला सदस्य | ९८५८०५३१७५ | |
| ५३ | गंगा रोकाय | महिला सदस्य | ९८१७९५२२८७ | |
| ५४ | लक्षीमा कामी | दलित महिला सदस्य | ९८२०४७५३७८ | |
| ५५ | नोख बहादुर रोका | खुला सदस्य | ९८४८०६३५५९ | |

| | | | | |
|---|---|---|---|---|
| ५६ | गोपाल बनगाडी | खुला सदस्य | ~~९८२३२४५७५५~~ | |
| ५७ | लालमती कामी | दलित महिला सदस्य | ९७४५५०३१६० | |
| ५८ | छविलाल सुनार | खुला सदस्य | ९८४८०९७५१७ | |
| ५९ | अम्मर चन्द ठकुरी | खुला सदस्य | ९८२३४४४३३१ | |
| ६० | बलिसरा खत्री | महिला सदस्य | ९८४८२७६९८१ | |
| ६१ | भिमा वि.क | दलित महिला सदस्य | ९८४४८७३५९४ | |
| ६२ | हरि प्रसाद सुबेदी | खुला सदस्य | ९८४८१२०२९८ | |
| ६३ | इन्द्रलाल गिरी | खुला सदस्य | ९८४८११६४८३ | |
| ६४ | इन्द्रकुमारी खड्का | महिला सदस्य | ९८६६८१४९९८ | |
| ६५ | देवी चुनारा | दलित महिला सदस्य | ९८१२४५२९२४ | |
| ६६ | डिल बहादुर थापा | खुला सदस्य | ९८०३२४१८३२ | |
| ६७ | खड्क बहादुर थापा | खुला सदस्य | ९८२२४४५१८८ | |
| ६८ | सीता शर्मा | महिला सदस्य | ९८४८०५०५७१ | |
| ६९ | मान कुमारी नेपाली | दलित महिला सदस्य | ९८२२४६३०७८ | |

## पालिकाबासीहरुमा अनुरोध

-सडक अवरोध हुनेगरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं

-आफ्नो घर तथा पसलबाट निस्किने फोहोर तोकेको स्थानमा मात्र राख्ने गरौं, फोहोरको प्रकृति छुट्टाएर मात्र बिसर्जन गरौं ।

-घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।

-आ-आफ्नो पशु, चौपाया छाडा नछोडौं, सडक दुर्घटना न्यूनीकरणमा योगदान गरौं

-सार्वजनिक स्थल, बाटो, नाला तथा ढलहरूमा जथाभावी फोहोर नफाली सभ्य नागरिक बनों

## सार्वजनिक सन्देश

- ⇨ सिचाई गरौं, उत्पादन बढाऔं । खेती योग्य जग्गा बाँझो नराखौं ।
- ⇨ सिचाईको पूर्वाधार, कृषिको मूल आधार । कुलो नहरको संरक्षण गरौं ।
- ⇨ पानीको श्रोत जमिनको उच्चतम प्रयोग गरौं । बाढी पहिरोबाट बचौं ।
- ⇨ निर्वामुखी कृषि प्रणालीलाई व्यवसायिक कृषिमा नयाँ प्रणालीमा रुपान्तरण गरौं ।
- ⇨ नदीजन्य क्षतिहरुको न्यूनीकरण हामी सबैको अभियान ।

## भेरीगंगा नगरपालिका सुर्खेतको नगरसभाको १९औं अधिवेशन २०८३/०३/०३ मा पारित आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

**नगर उप–प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू एवम् सभाका सदस्य ज्यूहरु !**

नेपालको संविधान २०७२ को मर्म एवं जनताद्वारा चुनिएका जनप्रतिनिधिहरुद्वारा शासन सन्चालन गर्ने व्यवस्था बमोजिम दोश्रो पटक भएको स्थानीय तहको निर्वाचन २०७९ मार्फत निर्वाचित जनप्रतिनिधिका हैसियतले हाम्रो यात्रा पाँचौं वर्षमा प्रवेश भएको छ। यस नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु। स्थानीय सरकार नेपाली जनताको त्याग, बलिदान र लामो संघर्षको उपलब्धि हो। बलिदानीपूर्ण संघर्षबाट प्राप्त र ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तहका अधिकारहरुलाई अभ्यास गर्ने अभियान अघि बढिरहेको यस अवसरमा लोकतन्त्र तथा गणतन्त्र प्राप्तिका लागि लामो संघर्ष एवं बिभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। विभिन्न आन्दोलनका क्रममा घाइते, वेपत्ता नागरिकप्रति उच्च सम्मान व्यक्त गर्दछु। भेरीगंगा नगरपालिका लोकतन्त्रका आधारभूत मूल्य, मान्यता, बहुलवादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति पूर्ण प्रतिबद्ध छ। लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नशील छ।नेपालमा शासकीय स्वरुपमा आएको परिवर्तनको अनुभूति सबै नगरवासीले गर्न सकून् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं।

पवित्र गंगा भेरी नदी र दैवी शक्तिले ओतप्रोत गंगामाला देउतीबज्यैको संयुक्त नामबाट नामाकरण गरिएको यो पून्य भूमि भेरीगंगा नगरपालिकामा हाम्रो पाँचौं बर्षको यो यात्रा मार्फत हामी भ्रष्टाचार नियन्त्रण, सुशासन कायम, जनमैत्री प्रशासन, गरिबी निवारण, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, आर्थिक बृद्धि, रोजगारी सिर्जना तथा पूर्वाधार निर्माणका लागि थप कार्यक्रमहरुलाई अघि बढाउन यो नीति तथा कार्यक्रम मार्फत अर्को इट्टा थप्ने प्रयास गरेका छौँ।

नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न यो नगरपालिका दृढ छ । हामीहरु योजनाबद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरुहुनुपर्छ भन्नेमा प्रतिबद्ध छौं। 'हामी जनताका मालिक होइनौं, जनताका सेवक हौं' भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनतीर सहयोगी संयन्त्रबाट नै समृद्धि हासिलगर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शनका रुपमा लिएका छौं। आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको लक्ष्य "समृद्ध भेरीगंगा, सुखी भेरीगंगाबासी" रहेको छ। यस नीति तथा कार्यक्रम मार्फत संघीयताको मर्म बमोजिम टोल स्तरमा समेत जनताले आफ्नो सरकार भएको महसुस हुने गरीउक्त लक्ष प्राप्त गर्न सबै क्षेत्रबाट सहयोग हुनेनै छ भन्ने पूर्ण आशा लिएको छु।

**सभाका सदस्यज्यूहरु,**

सर्वप्रथमतः म यस नगरपालिकाबाट हुने कार्यका लागि मुख्य प्राथमिकताका बिषयहरु,अत्यावश्यकीय रुपमा गर्नुपर्ने कार्यहरु निम्न अनुसार प्रस्तुत गर्न चाहन्छु।

१. यस नगरपालिकाको लक्ष तथा परिकल्पना "समृद्ध भेरीगंगा, सुखी भेरीगंगाबासी" हुनेछ।
२. भ्रष्टाचार नियन्त्रण, सुशासन कायम, आवश्यक ऐन, कानुन निर्माण तथा संसोधन, बिधिको शासन, सार्बजनिक सुरक्षा व्यवस्था र नीतिविधि प्रविधियुक्त नगरपालिका बनाउन हामी सबैको प्रतिबद्धता रहनेछ।
३. जनमैत्री कर्मचारी प्रशासन संयन्त्र बनाईने छ साथै मुस्कान सहितको सेवा तथा मुस्कान सहितको सेवाग्राही अवधारणा अवलम्बन गरिनेछ।
४. भौतिक पूर्वाधार निर्माणमा विशेष जोड दिईनेछ। सडक, विद्युत, खानेपानी, सिंचाई, पर्यटन प्रवर्द्धनका लागि अन्य निकायहरुसँग पनि निरन्तर सहकार्य गरिनेछ। साविकको लेखपराजुल लगायत बिकट क्षेत्रमा पूर्बाधार विकासलाई प्राथमिकता दिईनेछ। आवश्यक योजनाहरुको आइई तथा डिपिआर गरिनेछ।

५. कृषि तथा पशुपालन कार्यको आधुनिकीकरण, ब्यबसायीकरण, नष्ल सुधार र बजारिकरण गर्न सबै निकायसंग समन्वय र साझेदारी गरिनेछ साथै प्रांगारिक (अर्गानिक) उत्पादनमा जोड दिइनेछ।
६. उद्यम विकास, सहकारी प्रवर्द्धन र रोजगारी सिर्जनाका कार्यक्रमहरु सन्चालन गरिनेछ।
७. स्वास्थ्य क्षेत्रको विकास तथा जनताको पहुँचमा बृद्धि, पोषणमैत्री पालिका निर्माण, महामारी नियन्त्रण र जटिल रोगीहरुलाई सहयोग लगायत स्वास्थ्य क्षेत्रमा विशेष ध्यान दिईनेछ।
८. शिक्षामा पूर्बाधार निर्माण,शैक्षिक गुणस्तर बृद्धि, प्रबिधि प्रयोग सहित ब्यबहारिक र प्राबिधिक शिक्षामा जोड दिईनेछ।
९. नगरपालिकामा रहेका अपांगता भएका व्यक्ति, दृष्टिविहीन, श्रवण शक्ति कम भएका, दलित, महिला, लोपोन्मुख तथा अल्पसंख्यक जातजाति, विपन्न बर्ग, युवा, बालबालिका, एकल महिला, जेष्ठ नागरिक लगायतका लक्षित बर्गलाई सशक्तिकरणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१०. न्यायिक समितिलाई थप ब्यबस्थित गर्दै सहज र ब्यबस्थित तरिकाले न्याय निरुपण गर्ने ब्यबस्था मिलाईनेछ।
११. वन विकास,कृषि वन रणनीति, वातावरण तथा हरियाली प्रबर्द्धन, जलवायु उत्थान, बिपद् ब्यबस्थापनमा जोड दिंदै सचेतना तथा प्रबर्द्धन अभियान सन्चालन गरिनेछ।
१२. नवप्रबर्द्धन, प्रबिधिको उच्चतम् प्रयोग र डिजिटल नगरपालिका निर्माण गर्न बिशेष पहल गरिनेछ।
१३. स्थानिय भाषा, साहित्य, कला, संस्कृति र अमुर्त सम्पदाको संरक्षणर संबर्द्धन तथा पर्यटन प्रबर्द्धन गरिनेछ।
१४. भेरीगंगा नगरपालिकाको भू–उपयोग नीति तथा जग्गा बर्गीकरण कार्यलाई थप ब्यबस्थित गरिनेछ।
१५. नगरपालिकाको अभिलेख ब्यबस्थापनलाई प्रबिधियुक्त र थप ब्यबस्थित गरिनेछ।
१६. बैज्ञानिक कर प्रणाली लागु गर्ने, करको दायरा फराकिलो पार्दै अधिकांशलाई करको दायरामा ल्याउने र राजस्व बृद्धि गर्ने साथै राजश्व अशुलीमा तिब्रता दिईनेछ।
१७. खेलकुद प्रबर्द्धन गर्ने, अनुशासित र सिर्जनशिल युवा विद्यार्थी निर्माणमा जोड दिने, कुलतबाट टाढा रहने र लागु औषध नियन्त्रणको अभियान सञ्चालन गरिनेछ।
१८. ऊर्जा विकास र विद्युतिकरणमा जोड दिंदै सबै वडामा विद्युत पुर्‍याउने र यसको उच्चतम् प्रयोग गरिनेछ।
१९. दक्ष जनशक्ति विकास गर्न सीप, दक्षता र क्षमता विकासमा जोड दिईनेछ।
२०. विकास साझेदार संस्था एबं अन्य बिभिन्न संघसंस्थाहरुसँग निरन्तर समन्वयर सहकार्य गरिनेछ।
२१. बबई क्षेत्रलाई भेरीगंगा नगरपालिकाको नक्सांकनमा समेट्नका लागि अझै पनि संघीय सरकारबाट निर्णय नभईसकेको अवस्थामा उक्त क्षेत्रलाई यस नगरपालिकाको टोपोग्राफिक नक्सांकनमा समेट्नका लागि आवश्यक पहल गरिनेछ साथै बबई क्षेत्रमा छुटेको भूमि समाबेश गरी भेरीगंगाको नयाँ नक्सा तयार गरिनेछ।
२२. भेरीगंगा नगरपालिकाको छिन्चुमा निर्माण भैरहेको प्रदेश स्तरीय सरुवा रोगअस्पताल निर्माण कार्यलाई समयमै सम्पन्न गर्न संघीय तथा प्रदेश सरकारसँग अनुरोध गरिनेछ साथै निर्माण गर्न बाँकी रहेका स्वास्थ्य संस्थाहरुको भवन निर्माणमा जोड दिइनेछ।
२३. नगर गौरवको आयोजना हर्रे मनिरामकाँडा सडकको निर्माण कार्यलाई तिब्रता दिइनेछ साथै थप बजेट ब्यबस्थागर्न संघीय तथा प्रदेश सरकारसंग अनुरोध गरिनेछ।
२४. भेरीगंगा ९ जहरेमा १५ शैयाको नगर अस्पताल निर्माण गर्नका लागि जग्गा ब्यस्थापन गरिनेछ र बजेट ब्यबस्था सहित निर्माण कार्य अघि बढाउँन संघीय सरकारसंग अनुरोध गरिनेछ।
२५. भेरीगंगा ११ रामघाटमा निर्माण सुरु गरिएको स्थानिय औद्योगिक ग्राम निर्माण कार्यलाई पूर्णता दिन र मैनताडा औद्योगिक क्षेत्रको निर्माण कार्य अघि बढाउन संघीय तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ।
२६. भूमि समस्या समाधान समितिसंग समन्वय गरी भूमिहिन सुकुम्बासी, भूमिहिन दलित तथा अब्यबस्थित बसोबासीलाई निस्सा बितरणका साथै जग्गाधनी पूर्जा बितरण गर्नेकार्य तिब्र गतिमा अगाडी बढाईनेछ।

२७. राष्ट्रिय गौरवको आयोजन भेरीबबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाबाट प्रभावित क्षेत्रमा भौतिक पूर्वाधारका योजनाहरु निर्माण नगर्ने सरकारको नीतिका कारण प्रभावित जनतालाई निकै अन्याय भएकोले पुनः भौतिक पूर्वाधारका योजनाहरुको निर्माण कार्य सन्चालन गर्न संघीय सरकारसंग माग गर्ने साथै प्रभावित क्षेत्रमा विद्युत महशुल छुट गर्नका लागि आयोजना तथा सरकारसंग माग गर्ने रउक्त सुरुङ्गबाट बबई क्षेत्रमा निस्कने पानीबाट बबई क्षेत्रमा सिंचाई गर्ने ब्यवस्था मिलाउन आयोजनासंग अनुरोध गरिनेछ।

२८. भेरी नदीबाट चिप्ले देखि चौराह हुँदै साँधिखोला घ्वानेल टेलसम्म सिंचाई नहर निर्माण गर्ने र चिप्ले क्षेत्रमा पार्क निर्माण गर्नका लागि भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना र भेरी कोरिडोर आयोजनासंग माग गरिनेछ।

२९. भेरीगंगा नगरपालिका वडा नं. १० मदानीचौरको पूर्वी क्षेत्रमा अध्ययन सुरु भएको क्षेत्रीय विमानस्थल निर्माणकोकार्यलाई तत्काल सुरु गर्न संघीय सरकारलाई विशेष अनुरोध गरिनेछ।

३०. भेरीगंगा उपत्यका नमूनाको आधुनिक शहर आयोजना अन्तर्गत भेरीगंगा नगरपालिकाको गुरुयोजना निर्माण गरीपूर्वाधार लगायतका निर्माण कार्यहरु अघि बढाउँन संघीय सरकारलाई विशेष अनुरोध गरिनेछ।

३१. नगरपालिकाको आवधिक योजना, नगर प्रोफाइल, मध्यमकालिन खर्च संरचना, सडक गुरुयोजना, जलवायु परिवर्तन तथा बिपद् ब्यबस्थापन योजना निर्माण तथा अद्यावधिक गरिनेछ र राजस्व सुधार योजना कार्यान्वयन गरिनेछ।

३२. भेरीगंगा नगरपालिका भित्र पर्ने बर्दीया राष्ट्रिय निकुञ्जको प्रभावित क्षेत्र मध्यवर्ती क्षेत्रको विकास तथा ब्यबस्थापनका कार्यलाई नगरपालिका अन्तर्गत ल्याउन पहल गरिनेछ साथै बन्यजन्तुबाट पिडितहरुको उद्दार र उचित राहातको पहल गरिनेछ।

**सभाका सदस्यज्यूहरु,**

अब म आ.व. २०८३।०८४ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुतगर्न चाहान्छु।

## आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम

### सुशासन, संस्थागत विकास, सार्बजनिक सुरक्षा र जनमैत्री सार्वजनिक सेवा प्रवाह :

१. नगरपालिका भित्र भ्रष्टाचार नियन्त्रण, सुशासन कायम, पारदर्शीता र बिधिको शासनको प्रत्याभूति दिईनेछ साथै फजुल तथा अनाबश्यक खर्च घटाई खर्च कटौती गर्ने अभियानलाई निरन्तरता दिईनेछ।

२. आवश्यकता अनुसार नयाँ ऐन कानुन निर्माण र मौजुदा ऐन कानुनको आवश्यकता अनुसार परिमार्जन गरिनेछ।

३. जनताको सेवाका लागि जनमैत्री प्रशासन र मुस्कान सहितको सर्बसुलभ सार्बजनिक सेवा दिइनेछ।

४. नीति, बिधि र प्रबिधियुक्त नगरपालिका बनाई नगरको सेवालाई छिटो छरितो र चुस्त, दुरुस्त बनाईनेछ।

५. नगरपालिकाको संगठन संरचना (O & M) अध्ययन तथा बिश्लेषण गरी नगरपालिकाको आवश्यकता अनुसारको संगठनात्मक संरचनाको निर्माण गरिनेछ साथै फाजिलमा रहेका कर्मचारीहरुको ब्यबस्थापन गर्न पहल गरिनेछ।

६. प्रचलित कानूनको अधिनमा रही नगरपालिकाको नियमनकारी भूमिकालाई प्रभावकारी बनाइनेछ। बजार, व्यवसाय दर्ता र सन्चालन, मदिरा बिक्री वितरण र सेवन, बालश्रम, विद्यालय, भवन निर्माण, सार्वजनिक जग्गाको सुरक्षा र साँध,सिमाना, होटल ब्यबसाय, दुध डेरी, मासु पसल, औषधी पसल लगायतका नागरिकको जनजीविकासँग सम्बन्धित विषयहरुलाई प्रचलित कानून बमोजिम कडाईका साथ अनुगमन गरी यी क्षेत्रहरुलाई थप ब्यबस्थित गरिनेछ।

७. जनप्रतिनिधि, कर्मचारी लगायत नगरभित्र रहेका बिभिन्न लक्षित वर्गहरुको सीप तथा क्षमता अभिवृद्धि गर्ने सन्दर्भमा आवश्यक कार्यक्रमहरु सन्चालन गरिनेछ।

८. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र प्रचलित अन्य कानूनले निर्दिष्ट गरेको व्यवस्था अनुसार गैर सरकारी संघसंस्थाहरुलाई स्थानीय सरकारप्रति उत्तरदायी बन्नुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ।

९. सार्बजनिक सुरक्षा कायम गर्न र स्वच्छ, सभ्य, शान्त र भयमुक्त नगर निर्माण गर्न नागरिक र प्रहरीसंग समन्वय गरिनेछ साथै नगरपालिकामा नगर प्रहरी ब्यबस्था गरिनेछ।

१०. स्थानीय सुरक्षा निकाय र सरोकारवालाहरु बीच सुरक्षा व्यवस्थालाई सवल बनाउन आवश्यक बैठक, अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११. बाँकी रहेका बेरुजु घटाउने र फछ्र्यौटका लागि कार्ययोजना बनाई अशुलउपरको अभियान अगाडी बढाईनेछ।

**स्वास्थ्य सेवा :**

१२. 'स्वस्थ नगरबासी, सुन्दर नगर' भन्ने नाराका साथ गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकहरुको समतामूलक पहुँच सुनिश्चित गर्ने कार्यमा नगरपालिका क्रियाशील रहेकोछ। गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहमा रहेका विद्यमान चुनौतीहरुलाई न्यूनीकरण गर्न, सेवाप्रदायक संस्थाहरुको व्यवस्थापकीय प्रणाली सुदृढ गराउन, निजी तथा सरकारी स्वास्थ्य संस्थाहरुको नियमन गर्न, नेपाल सरकारबाट प्राप्त सशर्त तर्फका कार्यक्रमको अझै प्रभावकारी तवरले कार्यान्वयन गर्न, प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि, महिला स्वास्थ्य तथा किशोरकिशोरी प्रजनन स्वास्थ्य कार्यक्रम, बाल स्वास्थ्य तथा पोषण प्रबर्द्धन कार्यक्रम, सबै स्वास्थ्य संस्थामा प्रयाप्त औषधि तथा उपकरण आपूर्ति, स्वास्थ्य बीमा कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, राष्ट्रिय खोप तथा विशेष खोप, भिटामिन तथा जुकाको औषधि,कुष्ठरोग तथा क्षयरोग निबारण लगायतका राष्ट्रिय स्तरका कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन सहित नगरपालिकाको समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि प्राथमिकता निर्धारण गरी कार्यक्रम अगाडि बढाइनेछ।

**१३. जटिल रोग र प्यारालाईसिसबाट पूर्ण अशक्तलाई सहयोग कार्यक्रम :**

भेरीगंगा नगरपालिका भित्रका मुटु रोग, मृगौला रोग, क्यान्सर रोग, पार्किन्सन्स रोग, अल्जाइमर्स रोग, हेड इन्जुरी, स्पाइनल ईन्जुरी, सिकलसेल एनिमिया, हिमोफिलिया र प्यारालाइसिसबाट पूर्ण अशक्त भएका नगर क्षेत्र भित्रका रोगका पिडित नगरबासीहरुलाई औषधि उपचार तथा जीवनयापन गर्नका लागि आ.ब. २०७९।०८० बाट सुरु गरिएको मासिक रु.२,०००। सहयोग दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**१४. रोग नियन्त्रण कार्यक्रम :**

नगर स्तरमा रहेको महामारी रोग नियन्त्रण गर्न बनेको द्रुत प्रतिकार्य समिति (RRC) र द्रुत प्रतिकार्य टोली (RRT)लाई सकृय बनाई महामारीको रुपमा आईपर्ने बिभिन्न सरुवा रोगहरु (झाडापखाला, आँउ, हैजा लगायत) को न्यूनिकरण तथा रोकथाममा विशेष ध्यान दिइनेछ।

- औलो, कालाजार जस्ता किटजन्य रोग नियन्त्रणका लागि आवश्यक कदम चालिनेछ।
- आवश्यकता अनुसार नगरपालिकाका बिभिन्न स्थानमा स्वास्थ्य शिबिरहरु सन्चालन गरिनेछ।

**१५. पोषण कार्यक्रम :**

- पोषणमैत्री वडा तथा पालिका घोषणा गर्न अन्य निकायसंग समन्वय गरी बिभिन्न कार्यक्रम सन्चालन गरिनेछ।
- गर्भवती, सुत्केरी आमा तथा बच्चालाई नगर तथा वडामा सुत्केरी पोषण कोशेली कार्यक्रम सन्चालन गरिनेछ।
- संस्थागत सुत्केरी भई जन्मिएका नवजात शिशुलाई रकम उपलब्ध गराईनेछ।
- पोषण सम्बन्धि सामाजिक ब्यबहार परिवर्तन गर्न पोषण मेलाको आयोजना गरिनेछ।

**१६. खोप/गाँऊघर क्लिनिक/बर्थिङ कार्यक्रम :**

- बाल मृत्युदर घटाउन र खोप कभरेज बढाउन साथै मातृशिशु रक्षाका लागि आवश्यकता अनुसार खोपकेन्द्र तथा बर्थिङ सेन्टर बिस्तार गरिनेछ। नगरपालिकालाई पूर्णखोप सुनिश्चित पालिका घोषणा गरिनेछ।
- स्वास्थ्य संस्थामै बच्चा जन्माउने कार्यलाई प्रोत्साहन गरिनेछ।
- असल आमालाई सम्मान गरिनेछ।
- पहुँच नपुगेको र बिकट क्षेत्रमा घुम्ती शिविर तथा स्वास्थ्य उपचार कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## १७. महिला स्वास्थ्य स्वयम्सेविका कार्यक्रम :

- म.स्वा.स्व.से.लाई परिचयपत्र बितरण गर्ने र चाडवाड खर्चको व्यवस्थापन गरिनेछ।
- म.स्वा.स्व.से. को स्वास्थ्य विमा अनिवार्य गरिनेछ।
- ६० बर्ष उमेर नाघेका म.स्वा.स्व.से.लाई रु. ३० हजार सहित सम्मानजनक तरिकाले बिदाई गराईनेछ।
- कार्यरत म.स्वा.स्व.से. को निधन भएमा निजको परिवारलाई समवेदना, सम्मान र राहात वितरण गरिनेछ।

## १८. नसर्ने रोग र जुनोटिक रोग नियन्त्रण कार्यक्रम :

- भेरीगंगा नगरपालिकाको छिन्चु स्वास्थ्य चौकीमा नेपाली सेनाको समन्वयमा सर्पदंश उपचार केन्द्र स्थापना गर्न पहल गरिनेछ। राजमार्ग दुर्घटनालाई ब्यबस्थापन गर्न आकस्मिक उपचार केन्द्र सञ्चालनमा ल्याईनेछ।
- मानसिक रोगीहरुलाई उपचार, सहयोग र परामर्श सेवालाई निरन्तरता दिई थप ब्यबस्थित गरिनेछ।
- नसर्ने रोगबाट बच्नका लागि जनचेतना जगाईनेछ र सबै स्वास्थ्य चौकीमा एउटा छुट्टै युनिट खडा गरि सेवा सञ्चालनमा ल्याईनेछ।

## १९. आयुर्वेद सेवातर्फ :

- नेपालको मौलिक चिकित्साको रुपमा रहेको आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतीलाई थप व्यवस्थित गर्दै भेरीगंगाका सम्पूर्ण जनताको पहुँचमा हुने गरी विस्तार गर्न पहल गरिनेछ।
- प्रवर्द्धनात्मक, सम्वर्द्धनात्मक स्वास्थ्य सेवालाई विस्तार गर्न हाल सञ्चालित आयुर्वेद सेवा कार्यक्रम अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरुलाई निरन्तरताका साथै योग हल, खुला व्यायामशाला निर्माण लगायतका केहि नयाँ कार्यक्रमहरु थप गरिनेछ।
- विद्यालय आयुर्वेद स्वास्थ्य तथा योग शिक्षा कार्यक्रमलाई निरन्तरता दिनुका साथै भेरीगंगा नगरपालिकाका सवै विद्यालयहरुमा लागु गर्न रयोग फोकल पर्सनको ब्यबस्था गर्न पहल गरिनेछ।
- मैनतडा आयुर्वेद औषधालयबाट जडिबुटीको संकलन, प्रशोधन तथा एकल चुर्ण औषधी निर्माण कार्यलाई थप व्यवस्थित गरिनेछ।
- आयुर्वेद स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा भएका स्थानहरुमा नागरिक आरोग्यसेवा क्लिनिक, निःशुल्क स्वास्थ्य चिकित्सा शिविर, योग शिविर लगायतका कार्यक्रमहरुद्वारा घरदैलोमै घुम्ती सेवा सञ्चालन गरिनेछ।
- भेरीगंगा भित्र रहेका जडिबुटीहरुको अध्ययन अनुसन्धान गरी स्पष्ट पहिचान, लगत संकलन तथा प्रशोधनका लागि आवश्यक ब्यबस्था गरिनेछ।

## २०. स्वास्थ्य संस्थातर्फ :

- नगरपालिकाका स्वास्थ्य संस्थाहरुको पुर्बाधारलाई ब्यबस्थित गरी साधन स्रोतको थप ब्यबस्था गरिनेछ।
- स्वास्थ्य संस्थाहरुलाई कार्यसम्पादनका आधारमा पुरस्कृत गरिनेछ।
- रगतको अभावलाई पूर्ति गर्नका लागि रेडक्रससँगको समन्वयमा रक्तदान कार्यक्रम सन्चालन गरिनेछ।
- मैनतडाको जहरेमा नगर अस्पताल भवन निर्माण गर्नका लागि संघीय सरकारसंग पहल गरिनेछ।
- अपांग बाल अस्पताल बनेपा तथा INF सुर्खेतको समन्वयमा अपांगता पुनर्स्थापना केन्द्र सन्चालन गरिनेछ।

## २१. आँखा उपचार केन्द्र सञ्चालन :

नेपाल रेडक्रस सोसाईटी सुर्खेत र आँखा अस्पताल सुर्खेतसंग समन्वय गरी नेपाल रेडक्रस सोसाईटी शाखा कार्यालय छिन्चुमा आ.ब. २०७९।०८० देखि सञ्चालन गरिएको आँखा उपचार केन्द्रलाई थप ब्यबस्थित गरिनेछ।

## शिक्षा सेवा :

२२. शिक्षा नगर विकासको मेरुदण्ड हो भन्ने विषयलाई गम्भीरताका साथ अवलम्वन गर्दै “विद्यालयको शैक्षिक र भौतिक सुधार, बालबालिका विद्यालय प्रवेशको पहिलो आधार” भन्ने नाराका साथ समग्र शिक्षा प्रणालीको सुधारका लागि विभिन्न शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२३. शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रुपान्तरणको संवाहकको रुपमा विकास गर्नका लागि सबै तह एवं विधाको शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता, गुणस्तरमा सुधार, अब्बल व्यवस्थापकीय क्षमताको विकास,असल अभ्यासहरुको आदान प्रदान, शैक्षिक प्रणालीलाई जिम्मेवार, जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायी बनाउँदै नगरपालिकालाई शैक्षिक क्षेत्रको हबको रुपमा विकास गर्न पहल गरिनेछ। यसका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण, शौचालय तथा शुद्ध पिउने पानीको ब्यबस्था, घेरबार, समुदायको अपनत्व विकास, सघन र नियमित अनुगमन, समन्वयात्मक प्रयास लगायत शिक्षा प्रणालीका स्थापित मान्यताका आधारमा शैक्षिक सुधारका कार्यक्रमहरु सन्चालन गरिनेछ।

२४. नगरपालिकाको शिक्षा प्रणालीलाई विगतमा सिकिएका पाठका आधारमा विद्यमान कानूनी, संस्थागत र प्रक्रियागत सुधारलाई थप ब्यबस्थित बनाउँदै रणनीतिक ढंगले अगाडि बढाइनेछ। सामुदायिकर संस्थागत विद्यालय बीचको दुरी कम गर्ने र सामुदायिक विद्यालयप्रति आकर्षक बढाउने रणनीति अवलम्बन गरिनेछ।

२५. सामुदायिक विद्यालयद्वारा विद्यार्थीहरुलाई प्रदान गर्ने छात्रवृत्तिलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गराईनेछ।

२६. सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार, विद्यालय अनुगमन, दिवा खाजा, विद्यार्थी भर्ना अभियान, विद्यालयहरुको विस्तृत योजना तयार पार्ने, सबै विद्यालयहरुलाई पूर्ण सरसफाईयुक्त बनाउने र विद्यालयलाई नतिजामा आधारित कार्यसम्पादन मूल्यांकनको आधारमा प्रोत्साहित गरिनेछ। एकीकृत अनुगमन योजना निर्माण गर्ने, पठन सीप प्रतियोगिता (पढाई मेला) सञ्चालन गर्ने र विद्यालयका शिक्षक, कर्मचारीहरुको तालिम तथा क्षमता अभिवृद्धि लगायतका थप प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२७. नगरपालिकाको अध्याबधिक गरिएको १० वर्षे शिक्षा क्षेत्र सुधार योजनालाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

२८. माध्यमिक विद्यालयहरुमा खेलकुद र योग फोकल पर्सनको ब्यबस्था गरिएको कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२९. सवै विद्यालयहरुमा इ–हाजिरी जडान गरी शिक्षक उपस्थिति सम्वन्धी अभिलेखलाई व्यवस्थित गर्दै विद्यालयलाई क्रमशः प्रबिधिमैत्री बनाइदै लगिनेछ साथै डिजिटल स्कूल अभियान सञ्चालन गरिनेछ।

३०. कक्षा १ देखि ८ सम्म सन्चालित विद्यालयहरुलाई एक ल्यापटप र एक प्रिन्टर उपलव्ध गराईसकिएको र बाँकी छुटेका विद्यालयहरुलाई यही वर्ष एक ल्यापटप र एक प्रिन्टर उपलव्ध गराई शिक्षण कार्य र विद्यालयको प्रशासनिक कार्यलाई डिजिटलाइज्ड गराइनेछ।

३१. आगामी बर्षमा पनि विद्यार्थी संख्या र कक्षा सञ्चालनका आधारमा विद्यालयको दरवन्दी मिलान गरिनेछ।

३२. न्यूनदरवन्दी भएका विद्यालयहरुमा दिंदै आएको स्वयंसेवक शिक्षकलाई अति आवश्यकताका आधारमा मात्र निरन्तरता दिइनेछ।

३३. बाल विकास केन्द्रका सहजकर्ताहरु, विद्यालय कर्मचारीहरु र सामुदायिक सिकाई केन्द्रका सहजकर्ताहरुलाई सरकारले तोकेको न्यूनतम् पारिश्रमिक पुऱ्याउन अपुग हुने सबै रकम यस वर्ष पनि नगरपालिकाबाट व्यवस्था गरिनेछ।

३४. ३ वर्षे प्राविधिक शिक्षा एवं कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने विपन्न गरीब जेहेन्दार बालबालिकाहरुका लागि नगर छात्रवृत्ति कोषमार्फत प्रोत्साहित गरिनेछ।

३५. खर तथा टिनको छानामुक्त विद्यालय निर्माणमा जोड दिई पक्की भवन निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

३६. कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम लागू गरिएको छ र यसलाई थप ब्यबस्थित गर्दै लगिनेछ।

३७. विद्यालय लेखा तथा शैक्षिक तथ्याङ्कहरुलाई व्यवस्थित गर्न हरेक विद्यालयमा संस्थागत सुधार गरिनेछ।

३८. हरित विद्यालयको अवधारणा अनुसार एक विद्यालय एक बगैचा कार्यक्रम लागू गरिनेछ।

३९. नगरपालिका भित्रका सामुदायिक सिकाई केन्द्रहरुलाई पुस्तकालय, वाचनालय र आधुनिक सूचना केन्द्रको रुपमा विकास गर्दै लगिनेछ र छिन्चुमा रहेको पारिजात सामुदायिक सिकाई केन्द्रलाई अपग्रेड गरी नगर स्तरको नमूना सिकाई केन्द्र र नगर पुस्तकालय बनाउन पहल गरिनेछ।

४०. सवै माध्यमिक विद्यालयहरुमा जुनियर रेडक्रस सर्कल र नेपाल स्काउट गठन गरिनेछ र विद्यालयहरुमा बालबालिकासंग मेयर कार्यक्रम सञ्चालन गरिनेछ।

**कृषि तथा पशुपालनतर्फ :**

४१. नगरपालिका भित्रको कृषियोग्य जमिनको पहिचान र संरक्षण गर्दै कृषि उत्पादनको क्षेत्रको विविधिकरण तथविशिष्टिकरण मार्फत नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउनका लागि प्रबिधिको प्रयोग गर्दै कृषि ब्यवसायलाई आधुनिकीकरण तथा ब्यबसायिकरण गर्दै बजारीकरणमा जोड दिईनेछ।

४२. 'एक घर, एक करेसाबारी, पकेट क्षेत्रमा व्यवसायिक तरकारी' भन्ने नाराका साथ तरकारी उत्पादनको प्रशस्त सम्भावना रहेका वडालाई "तरकारी पकेट क्षेत्र" र अन्य वडाहरुमा "एक घर, एक करेसाबारी" को नीति अवलम्बन गरिनेछ।

४३. सिंचाई प्रणाली आसपासका जग्गाहरु बाझो राख्न नपाउने व्यवस्थालाई कार्ययोजना सहित कार्यान्वयनमा लगिनेछ भने खाली जमिनमा केरा, मकै, घाँस, फूल, नर्सरी सञ्चालन लगायतका कृषिजन्य क्रियाकलाप सन्चालनका लागि प्रोत्साहित गरिनेछ साथै महिलामैत्री बजेटमा जोड दिईनेछ।

४४. नगरपालिकामा कृषि विकास लगायतका कार्यक्रमहरु सञ्चालन गर्न संघीय र प्रदेश सरकार तथा विकास साझेदार संघसंस्थाहरुसँगको सहकार्य/सहलगानीमा खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताका कार्यक्रमहरु सन्चालन गरिनेछ साथै खाद्य तथा पोषण सुरक्षा रणनीतिक योजना कार्यान्वयन गर्ने र किसानको योगदानमा आधारित किसान लगानी कोष सन्चालन गरिनेछ। कृषि उपजको स्वच्छता र स्वास्थ्य प्रबर्द्धनका लागि पर्यावरणीय कृषिको अभ्यास गर्ने र अर्गानिक तरकारी उत्पादनलाई नगरभरी विशेष अभियानका साथ सञ्चालन गर्न पहल गरिनेछ। कृषि निर्देशनालय सुर्खेतको सहयोगमा वडा नं. ५ बाट सुरुवात गरिएको अर्गानिक क्षेत्र घोषणा गर्नेर प्रांगारिक उत्पादन र बजारिकरण गर्नेकार्यक्रमलाई निरन्तरता दिईनेछ।

४५. कृषि मजदुरको अभाव संबोधन गर्न कृषि यान्त्रिकरण तथा प्रबिधिमा विशेष जोड दिईनेछ।

४६. कृषकहरुलाई ब्यवसायिकरणमा प्रोत्साहन गर्नका लागि नगरपालिकाका उपयुक्त स्थानहरुमा तरकारी, दुध, फलफूल, मौरी, जडिबुटी, कुखुरा, गाई भैंसी तथा बाख्रापालन पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिनेछ।

४७. कृषकहरुलाई आवश्यक पर्ने मल तथा बीऊबीजनको मागलाई सम्बोधनगर्न बिभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय गरिनेछ। रासायनिक मलमा दिंदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४८. माटो परीक्षण सम्वन्धि आवश्यक व्यवस्था गर्दै माटोको उर्वराशक्ति कायम राख्न प्रांगारिक मल, कम्पोष्ट मल तथा गड्यौला मल निर्माण र भकारो सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

४९. कृषि तथ्याङ्कलाई प्रबिधियुक्त र अध्यावधिक गरिनेछ।

५०. भौगोलिक दुरी र कृषकहरुको समस्यालाई मध्यनजर गर्दै साविक रामघाट र मैनतडामा सञ्चालित कृषि तथा पशुपालन सेवाकेन्द्र सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ साथै लेखपराजुलमा थप सेवाकेन्द्र स्थापना गरिनेछ।

५१. कृषकहरुलाई ब्यबसाय र नयाँ प्रविधिको अवलोकन गर्न अन्तर जिल्ला कृषक भ्रमणको ब्यवस्था गरिनेछ।

५२. कृषि पेशालाई गौरवको पेशाको रुपमा विकास गर्न तथा कृषकको मनोवल उच्च राख्न "उत्कृष्ट कृषक पुरस्कार"कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै किसानसंग मेयर कार्यक्रम सञ्चालन गरिनेछ।

५३. छिन्चुमा स्थापना गर्न लागिएको कृषि हाटबजारलाई ब्यबस्थित रुपमा सन्चालन गरिनेछ साथै आवश्यक सहयोगका लागि संघीय तथा प्रदेश सरकार र विकास साझेदारहरुसँग समन्वय गरिनेछ।

५४. एक घर पाँच विरुवा (लिचि, आँप, मेवा, कागती, अम्बा, केरा) कार्यक्रम अन्तर्गत फलफूलका विरुवा वितरण कार्यलाई निरन्तरता दिइनेछ।

५५. भेरीगंगा नगरपालिका क्षेत्रमा रहेका कृषि समूह, सहकारी संस्था मार्फत फलफूलका विरुवा नर्सरी स्थापना गर्नेकार्यक्रमलाई अघि बढाइनेछ।

५६. रामघाटमा फलफूल संकलन केन्द्र तथा जुस उत्पादन उद्योग स्थापनागर्न संघ, प्रदेश सरकारसंग अनुरोध गरिनेछ।

५७. किसानहरुलाई बर्गीकरण सहित परिचयपत्र वितरण गर्ने र नगरपालिका भित्रकृषि तथा पशु विमा कार्यक्रमलाई थप ब्यबस्थित गरिनेछ।

५८. दुग्ध उत्पादक किसानहरुलाई प्रोत्साहित गरिनेछ। सोका लागि कामुधेनु सुत्केरी भत्ता बितरण कार्यक्रम निर्देशिका अनुसार गाईभैँसी सुत्केरी भत्ता बितरण गरिनेछ साथै नगरपालिका भित्र दुधको मूल्यमा एकरुपता कायम गरिनेछ।

५९. नगरपालिकाका पशुपन्छी पालन गर्दै आएका निर्वाहमुखी किसानलाई ब्यबसायिक गराई आयआर्जनमा लैजाने, व्यवसायिक रुपमा विकास गर्न पशु गोठ तथा खोर निर्माण सहयोग, उन्नत घाँस खेती, चारा मेसिन बितरण, नश्ल सुधार, कृतिम गर्भाधान सेवा, दुध संकलन केन्द्र स्थापना र बजारीकरण, व्यवसायिक तालिम तथा आवश्यक औषधी तथा औषधीजन्य व्यवस्थापनमा जोड दिइनेछ।

६०. प्रत्येक वडामा पशु स्वास्थ्य तथा कृषि प्राविधिक ब्यबस्था गर्ने कार्य क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

६१. नगरपालिकाको उपयुक्त स्थानमा एउटा मासु बधशालाको स्थापनाको लागि आवश्यक पहल गरिनेछ।

६२. कुखुरा, हाँस,माछा, बटाई, बाख्रा, गाई,भैंसी तथा मौरीपालन लगायतको कार्यमा बिभिन्न पक्षसंगको सहलगानी मार्फत आवश्यक कार्यक्रमहरु सन्चालन गरि बेरोजगार युवाहरुलाई स्वरोजगारको व्यवस्था गरिनेछ।

६३. साबिक मैनतडामा उन्नत र पाखीबास बंगुर तथा भैंसीको श्रोत केन्द्र स्थापना गर्न पहल गरिनेछ।

६४. भेरीगंगा नगरपालिकाको वडा नं. १, २, ३ लाई केरा, कागती, अमिलो, मौरी, अदुवा बेसार खेती तथा बाख्रापालनको पकेट क्षेत्रको रुपमा विकास गरिनेछ। साथै वडा नं. ११र १३ लाई आँप तथा लिंचीको पकेट क्षेत्र विकास गरिनेछ।

६५. भेरीगंगा नगरपालिकाको ४, ५, ६, ७, ११र १३ लाई बाख्रापालनको पकेट क्षेत्रको रुपमा विकास गरिनेछ। साथै वडा नं. ४, ५, ६, ८, ९, १०, ११, १२, १३ लाई दुधको पकेट क्षेत्रको रुपमा विकास गरिनेछ।

६६. साविकको रामघाटमा भैंसीको लागि श्रोत केन्द्र स्थापना गर्न पहल गरिनेछ।

६७. स्थानीय संचार माध्यमबाट स्थानीय कृषि प्रणालीमा आधारित "कृषि कार्यक्रम" सञ्चालन गरिनेछ।

**खानेपानी तथा सरसफाईतर्फ :**

६८. खानेपानी ऐन तथा खानेपानी ब्यबस्थापन कार्यबिधिको प्रावधान बमोजिम खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाले उपभोक्तालाई दिँदै आएको खानेपानी तथा सरसफाई सेवा सुविधाको नियमन गरिनेछ। नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार संस्था, उपभोक्ता समितिर स्थानीय नागरिकको सहभागिता र लागत साझेदारीमा "एक घर-एक धारा" को नीति अनुसार खानेपानी तथा सरसफाईको सेवाक्षेत्र विस्तार र सेवा स्तर बृद्धिका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ। खानेपानी प्रदायक संस्थाहरु र सम्बन्धित वडा कार्यालयहरु बीच सघन समन्वयको कामलाई प्राथमिकता दिइनेछ।

६९. वडा नं. १२ को झिंगेनारामा निर्माणाधिन फोहरमैला प्रशोधन केन्द्रको निर्माण कार्य पुरा गरी फोहरमैला प्रशोधन र ब्यबस्थापन कार्य आगाडी बढाइनेछ साथै प्रत्यक्ष प्रभावित क्षेत्रका जनताको नगरपालिकाले स्वास्थ्य विमा गरिदिने र त्यस क्षेत्रका जनताले एम्बुलेन्स प्रयोग गरेमा लाग्ने शुल्कमा २५ प्रतिशत छुट गरिनेछ।

७०. खानेपानी उपभोक्ता तथा सरसफाई समितिहरुसँगको साझेदारीमा व्यक्तिगत, संस्थागत र सामुदायिक सरसफाई अभिवृद्धि गर्न जनचेतना अभिवृद्धि कार्यक्रम मार्फत सरसफाईलाई दिगो बनाउन तालिम, गोष्ठि तथा क्षमता विकासका कार्यक्रमलाई वस्ती स्तरमा पुऱ्याइनेछ। सरसफाईमा नमूनाको रुपमा प्रस्तुत हुने टोल विकास संस्थालाई पुरस्कृत गरिनेछ।

७१. खानेपानी योजना सुरु नभएका वडा तथा टोलहरुमा सह-लगानीमा खानेपानीका योजनाहरु सन्चालन गर्न सुस्वा परियोजना लगायत बिभिन्न संघसंस्था, प्रदेश सरकार र संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ साथै पुराना खानेपानी योजनाहरुको मर्मतसंभार कार्यलाई निरन्तरता दिईनेछ।

७२. खानेपानीका परम्परागत श्रोतहरुको संरक्षण गर्दै उक्त श्रोतमा आधारित खानेपानी आयोजनाहरु निर्माणका लागिसम्भाव्यता अध्ययन गरी निर्माण गर्न बिभिन्न निकायसंग समन्वय गरिनेछ।

७३. खानेपानीको पर्याप्त श्रोत नभएका बस्तीहरुका लागि लिफ्ट तथा आकाशे पानी संकलन लगायतका बैकल्पीक विधिहरुको प्रयोग गरी खानेपानीको ब्यबस्था गर्न पहल गरिनेछ।

७४. नगरका मुख्य बजारमा स्वच्छ खानेपानी व्यवस्थापनका लागि आवश्यकता अनुसार पानी ट्यांकीहरु निर्माण गरी खानेपानी उपलब्ध गराउन विशेष पहल गरिनेछ।

७५. आवश्यकता अनुसार सार्वजनिक क्षेत्रहरुमा क्रमशः सार्वजनिक शौचालयहरुको स्थापना गर्दै लगिनेछ।

७६. आवश्यकताका आधारमा शहरी क्षेत्रमा घुम्ती शौचालय स्थापना गरिनेछ।

७७. स्वच्छ खानेपानी बितरण तथा लगानी बृद्धि गर्नका लागि बिभिन्न साझेदार संघसंस्था, संघीय सरकार तथा प्रदेशसरकारसँग सहकार्य गरिनेछ।

७८. नगर भित्र दिसाजन्य लेदो ब्यबस्थापन र ढल निकासको लागि आवश्यक पहल गरिनेछ।

७९. नगरमा खानेपानी शुद्धिकरणका लागि अनिवार्य ल्याव परीक्षण गर्नेब्यबस्था मिलाईनेछ।

८०. भेरीगंगा नगरपालिका र सुस्वा परियोजनाको साझेदारीमा सुरु गरिएको खानेपानी, सरसफाई, स्वच्छता तथा फोहोरमैला व्यवस्थापनको अभियानलाई निरन्तरता दिईनेछ।

८१. नगरपालिकाको खानेपानी, सरसफाई तथा वातावरण शाखालाई साधन, स्रोत र जनशक्ति ब्यबस्थापन गरी थप ब्यबस्थित गरिनेछ।

**उद्योग तथा रोजगारीतर्फ :**

८२. विकासको मेरुदण्डको रुपमा रहेको उद्योग ब्यबसायको विकास तथा प्रबर्द्धनका लागि पूर्वाधार निर्माण, यातायातका लागि सडक मार्गहरु, सञ्चार, विद्युत बिस्तार, भेरीबबई बहुउद्देश्यीय आयोजना, भेरी कोरिडोरसंग समन्वय, कर्णाली प्रदेशको प्रबेशद्वार तथा कर्णाली प्रदेश राजधानी नजिकको पालिका, उद्योगका लागि प्रयाप्त जमिनको उपलब्धता लगायतका हरेक दृष्टिकोणले उपयुक्त रहेको हुँदा प्रयाप्त औद्योगिक वातावरण प्रदान गर्न नगरपालिका दृढ संकल्पित छ साथै लगानीकर्ताहरु सबैलाई यस नगरपालिका भित्र लगानी गर्न आमन्त्रण समेत गर्दछु।

८३. उद्योग ब्यबसाय प्रबर्द्धनका लागि वडा नं. ११ रामघाटमा रहेको नेपाल सरकारबाट घोषणा गरिएको औद्योगिक ग्राम र वडा नं. ८ मैनतडामा रहेको प्रदेश सरकारले प्रशताव गरेको औद्योगिक क्षेत्रको निर्माण कार्यलाई अगाडी बढाउँन संघीय तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ।

८४. आ.ब. २०८०।०८१ देखि लघु उद्योग तथा वाणिज्य सम्बन्धिका सबै कामहरु नगरपालिकाबाट नै सुरु गरिएको र उद्योग तथा वाणिज्यसँग सम्बन्धित ब्यबसायहरुको दर्ता, नविकरण, पुँजी वृद्धी तथा कारोबार थप, नामसारी, ठाउँसारी, नाम परिवर्तन, शाखा थप लगायतका कार्यहरु नगरपालिकाबाट नै थप ब्यबस्थित तरिकाले गर्ने ब्यबस्था मिलाउदै उक्त कार्य प्रभावकारी रुपमा सन्चालन गरिनेछ।

८५. हालसम्म नगरबाट प्रदान गरिएका सीपमूलक तालिम लिएका बेरोजगार युवायुवतीहरुको सीप परीक्षण गरी उक्त सीपलाई व्यवसायिक क्षेत्रमा लगाउने कार्यमा जोड दिइनेछ।

८६. नगरपालिकाको मेड्पा कार्यक्रम मार्फत उद्यमशिलता विकास,विभिन्न सीप विकास तालिम र प्रबिधिको सहयोगमार्फत बेरोजगार युवा तथा महिलाहरुलाई स्वरोजगार बनाई एक गाउँ एक उद्यम बनाइनेछ।

८७. औद्योगिक परामर्श तथा सचेतना मार्फत उपयुक्त प्रविधि हस्तान्तरण, उत्कृष्ट महिला उद्यमी पुरस्कार, महिला उद्यमीलाई बिना धितो ऋण सिफारिस,औद्योगिक मेला प्रदर्शनी, उद्योगी–व्यवसायी बिच अन्तरक्रिया कार्यक्रम गर्दै उद्योगहरुलाई प्रवर्द्धन गर्न अनुदानको व्यवस्था गरिनेछ साथै नगर भित्रका उत्कृष्ट उद्यमीलाई पुरस्कृत गरिनेछ।

८८. गरीबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेड्पा) मार्फत गरीबीका रेखामुनी रहेका वर्गहरुलाई विभिन्न सीप विकास तालिम प्रदान गरी स्वरोजगार सिर्जना गर्ने र मेसिन औजार र सामग्रीमा सहयोग र समन्वय गरिनेछ।

८९. उद्योगीहरुको प्रवर्द्धन र बजारीकरणका लागि कोशेली घर स्थापना गर्न पहल गरिनेछ।

९०. ब्यवसाय गर्न चाहने तर ब्यवसाय गर्ने ठाउँको अभाव भएका उद्यमीहरुको उत्पादन वृद्धि गर्नका लागि साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापना गरिनेछ।

९१. साभा सुविधा केन्द्र र कोशेली घर सन्चालनका लागि उद्योग वाणिज्य संघ भेरीसँग समन्वय गरी सो कार्य सञ्चालन गर्नका लागि आवश्यक पहल गरिनेछ।

९२. स्थानीय श्रोत साधनमा आधारित स्वरोजगारमुलक उद्योग दर्ता गरी सन्चालनमा आएका र धेरै संख्यामा रोजगारी सिर्जना गर्ने र नियमितरुपमा धेरै कर तिर्ने उद्योगी व्यवसायीलाई प्रोत्साहन तथा सम्मानको व्यवस्था गरिनेछ।

९३. वातावरण प्रदुषण हुने खालका उद्योगहरु स्थापनाका लागि तोकिएको निश्चित मापदण्ड पुरा गरी सन्चालन गर्ने ववस्था गरिनेछ।

९४. रुग्ण उद्योगलाई प्रवर्द्धनका लागि आवश्यकता अनुसार सहयोग गरिने र उद्योग अनुदानको ब्यबस्था गरिनेछ।

९५. उद्योग, व्यवसाय तथा बजारको निरन्तर अनुगमन र नियमनको व्यवस्था गरिनेछ।

९६. नगरपालिकालाई प्लाष्टिक मुक्त बनाउन अभियान सञ्चालन गर्नका लागि नाईलन तथा कपडाका हाते भोला, कागजका गिलास, प्लेट तथा सालको पातका दुना टपरी बनाउने उद्योगलाई स्थापनागर्न प्रश्रय दिईनेछ। साथै टपरी उद्योगलाई प्रसय दिन प्रविधि तथा मेसीन हस्तान्तरण गरिनेछ।

९७. पर्यटन प्रवर्द्धन तथा रोजगारी सिर्जनाका लागि होमेस्टे सञ्चालन र स्थानिय कला तथा संस्कृतिको प्रबर्द्धन र आवश्यकता अनुसार बिभिन्न तालिमहरुको ब्यवस्था गरिनेछ।

९८. उद्योगी ब्यवसायीहरुलाई ब्यवसाय दर्ता, नबिकरण तथा कर तिर्न सहजताका लागि एकीकृत घुम्ती शिविरहरु सञ्चालन गरिनेछ।

९९. स्थानीय स्तरमा उत्पादित वस्तुहरुको मूल्य अभिवृद्धि (Value Add) गर्नका लागि ब्रान्डिङ्ग, लेवलिङ्ग, प्याकेजिङ्ग, प्रोसेसिङ्ग गर्नका लागि प्राबिधिक सहयोग गर्ने र त्यस्ता उद्योगलाई पूँजिगत अनुदानको व्यवस्था गरिनेछ।

१००. ४० माइक्रोन भन्दा तलका प्लाष्टिक निषेध गर्नका लागि बैकल्पिक भोला उत्पादन गर्ने र नगर क्षेत्र भित्र स्थापना भएका त्यस्ता उद्योगहरुलाई पूँजीगत अनुदानको व्यवस्था मिलाईनेछ।

**गरिवसंग विश्वेस्वर कार्यक्रमतर्फ :**

१०१. यस कार्यक्रममार्फत विपन्न परिवारका सदस्यहरुलाई विभिन्न कार्यक्रम गरी शसक्तिकरण गर्न पहल गरिनेछ।

१०२. विभिन्न समूहहरुमा लगानीमा रहेको विउ पुँजी परिचालन तथा विउ पुँजी कोषको व्यवस्थापन गरिनेछ।

१०३. समूहमा आवद्ध सदस्यहरुलाई आयमुलक, सीपमुलक तालिमको व्यवस्था गरी रोजगारीको सिर्जना गरिनेछ।

१०४. सामुहिक कृषि खेती अवलम्वन गरी किसानको आयस्तर वृद्धि गरिनेछ।

१०५. आन्तरिक वचत संकलन र परिचालनमा जोड दिइनेछ।

१०६. शिक्षा, स्वास्थ्य, खानेपानी, तालिम, कृषि प्रविधि, सिंचाई, बजार व्यवस्थापन, विकास निर्माण र हरेक निर्णय प्रक्रियामा गरिव परिवारको पहुँच बढाईनेछ।

१०७. प्राप्त बजेटलाई समूहहरुको मागबमोजिम हस्तान्तरण गरिनेछ।

**उपप्रमुख स्वरोजगार कार्यक्रमतर्फ :**

१०८. यस कार्यक्रम मार्फत सीपमूलक कार्यक्रमहरु सन्चालन गर्ने, सीप तथा प्रविधि हस्तान्तरण गर्दै कृषि, पशुपालन ब्यबसायमा आर्थीक तथा प्राबिधिक सहयोग गरी आय आर्जनमा बृद्धि गरिनेछ।

१०९. महिला तथाविपन्न समूदायको क्षमता विकासका लागि आवश्यक सहयोग गरिनेछ।

११०. लक्षित बर्गको आर्थिक विकास गर्न उपप्रमुख स्वरोजगार कार्यक्रम मार्फत सम्बोधन गरिनेछ।

१११. गरिव तथा पछाडी परेका र ब्यबसाय गर्न चाहने किसानलाई ब्यबसायिक अनुदान सहयोग गरिनेछ।

**गरिवसंग नगर प्रमुख कार्यक्रमतर्फ :**

११२. यस कार्यक्रम मार्फत अतिगरिव तथा विपन्न परिवारका सदस्यहरुलाई विभिन्नकार्यक्रम मार्फत शसक्तिकरण गरिनेछ।

११३. अतिगरिव परिवारहरुलाई विभिन्न ब्यबसाय सञ्चालनगर्नका लागि विउ पुँजीको व्यवस्थापन गरिनेछ।

११४. अतिगरिव परिवारलाई आयमुलक, सीपमुलक तालिमको व्यवस्था गरी रोजगारी सिर्जना गरिनेछ।
११५. अतिगरिव परिवारलाई भवन लगायत न्यूनतम पूर्वाधारको ब्यबस्थागर्न पहल गरिनेछ।
११६. लक्षित बर्गलाई आन्तरिक वचत बृद्धि र परिचालनमा जोड दिइनेछ।
११७. शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि प्रविधि, सिंचाई र बित्तिय क्षेत्रमा अतिगरिवको पहुँच बढाईनेछ।
११८. अतिगरिब, पिछडिएका र पिडित परिवारलाई राहात, उद्दार तथा खाद्यान्न सहयोग, छात्रबृत्ति तथा ब्यबसायिक सहयोग गरिनेछ।

**सहकारी प्रबर्द्धनतर्फ :**

११९. सहकारी संस्था दर्ता रनियमन सम्बन्धि कार्यलाई थप प्रभावकारी बनाउदै सहकारी संस्थाहरुको प्रबर्द्धन र क्षमता किासका लागि सहकारी संघहरुसंग समन्वय गरी विभिन्न कार्यक्रमहरु सन्चालन गरिनेछ।
१२०. एकै प्रकृतिका सहकारी संस्थाहरुलाई एकीकरणको व्यवस्था गरीनेछ साथै निश्क्रिय सहकारी संस्थाहरुलाई आवश्यकत अनुसार सक्रिय बनाउन पहल गरिनेछ साथै उत्कृष्ठ सहकारीलाई सम्मान गरिनेछ।
१२१. सहकारी मार्फत गरिने उद्योग, व्यवसायहरुलाई प्राथमिकता दिंदै सीप विकास तालिमहरु समेत दिईनेछ।
१२२. सहकारी मार्फत बिपन्न तथा आम नागरिकको वित्तिय पहुँच बृद्धिका लागि आवश्यक पहल गरिनेछ।
१२३. सहकारी मार्फत सिमान्तकृत बर्गको क्षमता विकास तथा आय आर्जनमा विशेष जोड दिइनेछ।
१२४. सहकारी मार्फत महिला तथा लक्षित बर्गहरुको नेतृत्व विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१२५. सहकारी संस्थाहरुको समन्वय र क्षमता विकासका लागि गठन गरिएको नगरस्तरिय सहकारी संजाललाई थप ब्यबस्थित गरिनेछ।
१२६. बचत तथा ऋणको कार्यक्रम सञ्चालन गर्ने सहकारी संस्थामार्फत वित्तीय साक्षरता कार्यक्रम सन्चालन गरिनेछ। निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारहरुसँगको सहकार्यबाट सहकारी प्रवर्द्धन, समूह सहकारीकरण, सहकारी सचेतना, सहकारीमा रहेको पूँजी परिचालन, सहकारी मार्फत लगानी अभिवृद्धि, सहकारी खेती प्रणाली लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१२७. सहकारी संस्थाहरुको सुदृढीकरण, विकास र प्रवर्द्धनका लागि नियमित अनुगमन, नियमन र निरीक्षणको व्यवस्था मिलाई सहकारीमा सुशासन प्रबर्द्धन गरिनेछ। सहकारी संघसंस्थाहरुसँग सहकार्य गरी पिपिसीपि मोडलमा उत्पादनमूलक उद्योगव्यवसाय सञ्चालन गर्ने र बजारिकरण कार्य अघि बढाइनेछ। नगर भित्रका सहकारीहरुको अभिलेख अद्यावद्यिक गरिनेछ।

**पूर्वाधार विकास,भवन तथा शहरी विकासतर्फ :**

१२८. नगरमा उपलब्ध सिमित आर्थिक, सामाजिक, भौतिक तथा पूर्वाधारका सेवाहरुमा तीव्र बसाईसराईका कारणले निरन्तर थप चाप परिरहेको छ। नगरको योजनाबद्ध विकास गर्न नगर विकास समिति गठन गरी स्वच्छ, सुन्दर, सुरक्षित,समृद्ध र पहिचानयुक्त नगरको रुपमा विकास गरी नगरबासीहरुको मागअनुसार सर्वसुलभ, भरपर्दो, गुणस्तरीय शहरी सेवा तथा सुविधा उपलब्ध गराई नगरबासीहरुको जीवनस्तरमा सुधार ल्याउनका लागि संघीय तथा प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायहरुको समन्वयमा समेत कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१२९. भवन निर्माण मापदण्डलाई कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ। सिकर्मी र डकर्मीहरुलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्बन्धि तालिम दिई दक्ष बनाइनेछ। किफायती आवासका नमूना नक्साहरु तयार पारी नगरबासीलाई उपलब्ध गराइनेछ। सार्वजनिक–नीजि–सहकारी साझेदारी नीतिको अवधारणा अनुसार एकीकृत आवास निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ।
१३०. नगरपालिका भित्रका खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउन पहल गरिनेछ।
१३१. नगर भित्र नयाँ सडक निर्माणको अलावा पुराना जीर्ण सडकको मर्मत सुधारलाई विशेष महत्व दिइनेछ। सडक निर्माण कार्यमा लागत साझेदारीको अवधारणालाई निरन्तरता र प्राथमिकता दिइनेछ।

१३२. नगरपालिकाले सन्चालन गरेका विकास निर्माणका योजनाहरुको ड्इङ्ग तथा डिजाइन गर्दा संझौता रकमको १ प्रतिशत रकम मर्मत सम्भार कोषमा र १ प्रतिशत रकम वातावरण संरक्षण कोषमा अनिवार्य जम्मा हुने गरी रकम कट्टा गरिनेछ।

१३३. संघीय तथा प्रदेश समपुरक अनुदानमा रहेको बजेटबाट कन्टेन्जेन्सीका लागि सम्झौता रकमको ५ प्रतिशत रकम छुट्याउने व्यवस्था मिलाइनेछ।

१३४. सडक क्षेत्रमा रहेका विद्युत लाइन तथा टेलिकमका पोलहरु स्थानान्तरण गर्न बिशेष पहल गरिनेछ।

१३५. भेरीगंगा नगरपालिकामा चक्रपथ तथा रिङ्गरोड निर्माण कार्यलाई अगाडी बढाउन संघ तथा प्रदेश सरकार र सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरिनेछ।

१३६. नगर भित्र निर्माण गरीने भौतिक पुर्वाधारहरु ज्येष्ठ नागरीकमैत्री, अपांगमैत्री, वातावरणमैत्री, लैंगिकमैत्री र दिगो विकासमा आधारित बनाउन आवश्यक पहल गरीनेछ।

१३७. जलजंगल ब्यबस्थापन गर्न अन्य संघसंस्थासंग समन्वय गरी आवश्यक नीति तथा गुरुयोजना निर्माण गरिनेछ।

१३८. डीपबोरिङ्ग ब्यबस्थापन, सिंचाई तथा लिफ्ट सिंचाई र ड्याम पोखरीहरु निर्माण कार्य अघि बढाईनेछ।

१३९. भेरीगंगा नगरपालिकाको यातायात सेवालाई सर्वसुलभ र सवैको पहुँचयोग्य बनाउन सडक सञ्जाल निर्माणको कार्यलाई निरन्तरता दिईनेछ। शहरी सडक, कृषि सडक, ग्रामिण सडक निर्माण गर्न बिषेश पहल गरिनेछ साथै उक्त मार्गमा पर्ने खोलाहरुमा पुल तथा कल्र्भट निर्माणका लागि संघीय तथा प्रदेश सरकारसंग पहल गरिनेछ। बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मार्गदर्शन २०७२ अनुसार घर नक्सापास सम्वन्धि मापदण्डलाई निरन्तरता दिइनेछ।

१४०. नयाँ सडकमा कम्तीमा ६ मिटर चौडा हुनुपर्ने र सडकको जग्गाको लगत कट्टा गर्ने ब्यबस्था मिलाईनेछ।

१४१. नगरपालिका क्षेत्रभित्रका सार्वजनिक, सरकारी जग्गाहरुको संरक्षण तथा सम्वर्द्धन गर्दै लगिनेछ। सार्वजनिक, नीजि, साझेदारी अवधारणामा नगर क्षेत्र भित्र पर्यटकीय क्षेत्र तथा पार्क निर्माण गर्न नीजि क्षेत्रलाई साझेदारीमा कार्य गर्न प्रोत्साहित गरिनेछ।

१४२. नगरपालिका क्षेत्रमा भेरीको पानी पिउनुपर्ने बाध्यतालाई निरुत्साहित गर्नका लागि पानी सुद्धिकरण तथा पानीकोउपयुक्त श्रोत व्यवस्थापन गरी स्वच्छ पिउने पानी उपलब्ध गराउनेछ।

१४३. डुमकोट दलित संग्रहालय निर्माण कार्यलाई पूर्णता दिन प्रदेशतथा संघीय सरकारसंग पहल गरिनेछ।

१४४. साविक रामघाट र मैनतडाको जहरेमा उपयुक्त स्थानको छनौट गरी बसपार्क निर्माणका लागि पहल गरिनेछ।

१४५. भेरी कोरिडोर तथा भेरीबबई डाइभर्सन बहुउदेश्यीय आयोजनामार्फत नगरको सिंचाई, खानेपानी, तटबन्ध, ऊर्जा लगायतका क्षेत्रमा र विद्यालयको पूर्वाधार विकास गर्नका लागि आवश्यक समन्वय तथा पहल गरिनेछ।

१४६. जहरेमा रहेको अस्थायी प्रहरी पोष्टलाई स्थायी प्रहरी चौकी बनाउनका लागि पहल गरिनेछ। बबईमा रहेको प्रहरी चेक पोइन्टलाई स्थायी रुपमा प्रहरी चौकी बनाउनका लागि आवश्यक पहल गरिनेछ। लेखपराजुल क्षेत्रमा प्रहरी चौकी स्थापना गर्न पहल गरिनेछ।

१४७. रत्न राजमार्ग तथा छिन्चु–जाजरकोट सडक आसपासमा घर निर्माणका लागि नक्सा पास गर्दा सडकको बीच भागबाट २५/२५ मिटर दायाँबायाँ र ६ मिटर सेटव्याक छाड्ने गरी नयाँ घरका लागि इजाजत प्रदान गरिने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१४८. घर नक्सापासको स्वीकृती माग गर्दा छतको पानी जमीनमै फर्काउने निश्चितता तथा दुई विरुवा रोप्ने शर्तमा मात्र नक्सापासको स्वीकृति दिईनेछ।

१४९. नगरका सबै वडाका घर तथा सडकहरुको जीआईएस प्रबिधिद्वारा नक्साङ्कन गरि क्रमशः प्रयोगमा ल्याइने नीति अवलम्बन गरिनेछ।

१५०. यस अघि नक्सापासको स्वीकृती नलिई बनेका घरसंरचनाहरुको अभिलेखिकरण कार्यलाई निरन्तरता दिईनेछ।

**स्थानिय पूर्वाधार सहयोग कार्यक्रम :**

१५१. बेलायती राजदुताबासको सहयोगमा सञ्चालित स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) बाट चालु बर्षमा सञ्चालनमा रहेका र सम्पन्न नभएका आयोजनाहरुको निर्माण कार्यलाई आगामी वर्ष सम्पन्न गरिनेछ।

१५२. नगरपालिकाले सञ्चालन गर्ने पूर्वाधार निर्माणमा बढ्दो जलवायु परिवर्तनले निम्त्याउन सक्ने जोखिम न्यूनिकरण गर्न तथा पूर्वाधार विकासलाई दिगो तथा समावेशी बनाउनका लागि हरित, उत्थानशील तथा समावेशी विकासको अवधारणा (Green, Resilient and Inclusive Development GRID) अवलम्वन गरिनेछ।

१५३. यस स्थानिय तहमा रहेका स्थानिय पूर्वाधारहरुको दिगो सञ्चालन हेतु पालिका स्तरीय स्थानिय पूर्वाधार मर्मत संभार कोषबृद्धिका लागि प्रत्येक योजनाबाट १ प्रतिशत रकम कट्टा गर्ने र भेरीगंगा नगरपालिकाको स्थानीय पूर्वाधार मर्मत संभार कोषमा जम्मा गर्ने साथै मर्मत संभार कोष तथा कार्य संचालन कार्यविधि, २०७९ अनुसार कोषको परिचालन गरिनेछ।

१५४. स्थानिय पूर्वाधार सहयोग कार्यक्रम LISP द्वारा क्षमता अभिबृद्धि तथा प्रणालीगत सुधारका निम्ति प्राप्त भएको अनुभवलाई क्रमशः पालिकामा प्रयोग गर्दै लगिनेछ।

**शहरी विकासतर्फ :**

१५५. भेरीगंगा नगर विकास समिति गठन गरिनेछ र नगरपालिकाको योजनाबद्ध विकासको थालनी गरिनेछ।

१५६. भेरीगंगा उपत्यका नयाँ शहर आयोजनाको प्राविधिक सहयोगमा नगरको विस्तृत अध्ययन गरी २५बर्षे दीर्घकालिन गुरुयोजना निर्माण कार्य सम्पन्न गरिनेछ।

१५७. नगरपालिकाको भू–उपयोग नीति तथा योजना, पर्यटन गुरुयोजना र सडक गुरुयोजना अध्याबधिक गरिनेछ।

१५८. नगरपालिकाको बस्ती विकास (Land Pooling) को सम्भाव्यता अध्ययन गर्नेर मापदण्ड तयार गरिनेछ।

१५९. रत्न राजमार्ग तथा छिन्चु जाजरकोट सडकका साथै नगरका अन्य सडक अतिक्रमण गरी बनाईएका सम्पूर्ण अस्थायी तथा स्थायी संरचनाहरु हटाई सफा र सुन्दर भेरीगंगाको नीतिलाई अवलम्बन गरिनेछ।

१६०. नगर भित्रका सार्वजनिक तथा सरकारी जग्गाको संरक्षण गरिनेछ।

१६१. भेरीगंगा नगरपालिकाको वडा नं.१२ को हरितपार्कमा शहीद स्मृती पार्क निर्माणका लागि आवश्यक पहल गरिनेछ।

१६२. उपयुक्त स्थानमाखुला ब्यायमशाला, नलेज पार्क तथा ट्रायल सेन्टर स्थापना गर्न पहल गरिनेछ।

१६३. आ.व. २०८०।०८१ बाट सुरु गरिएको क्लीन भेरीगंगा, ग्रीन भेरीगंगा अभियानलाई निरन्तरता दिईनेछ।

**झोलुंगे पुलतर्फ :**

१६४. नगरबासीको दैनिक आवतजावत कार्यलाई सहज बनाउन नदी, खोला तथा खोल्साहरुमा आबश्यक पर्ने झोलुंगे पुल निर्माण तथा मर्मत गर्ने कार्यलाई निरन्तरता दिइनेछ। उक्त कार्यका लागि नगरपालिकाले प्रदेश सरकार तथा संघीय सरकारसँग आवश्यक समन्वय गर्नेछ।

**सिंचाई प्रबर्द्धनतर्फ :**

१६५. नगरका अधुरा अपुरा कुलो र सिंचाई ब्यबस्था गर्न बाँकी रहेका स्थानहरुमा सिंचाई कुलो निर्माण गर्न आबश्यक पहल गरिनेछ।

१६६. नगर भित्रका सिंचाईका मुहान तथा कुलाहरुमा सघन सरसफाई कार्यक्रम सन्चालन गरी सिंचाई प्रणालीलाई चुस्तदुरुस्त रुपमा राखिनेछ।

१६७. समूह तथा सहकारीमा आधारित साना सिंचाई निर्माण तथा मर्मत सम्भार, प्लाष्टिक पोखरी, सोलार तथा लिफ्टईरिगेशन मार्फत सिंचाई क्षेत्रको विस्तार गरि उत्पादनमा बृद्धि गरिनेछ।

१६८. यस क्षेत्रमा सन्चालित भेरीबबई डाईभर्सन बहुउदेश्यीय आयोजना र भेरी कोरिडोरसँग सहकार्य गरी थप सिंचाईका कार्यक्रमहरु सन्चालन गरिनेछ।

**यातायात ब्यबस्था :**

१६९. सवारी दूर्घटना न्यूनीकरण, सडक सुरक्षा योजना, सवारी साधनमा सुरक्षित यात्रासँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरु अन्य संस्थासंग समेत समन्वय गरी अभियानका रुपमा सञ्चालन गरिनेछ। मुख्य राजमार्गमा हुने दुर्घटनालाई न्यूनीकरण गर्नका लागि सरोकारवालाहरुसँग छलफल गरी उपयुक्त रणनीति अपनाइनेछ। ट्राफिक प्रहरीसँगको सहकार्यमा मुख्य–मुख्य बजार केन्द्रमा ट्राफिक संकेत चिन्हहरु निर्माण गरिनेछ। ट्राफिक सम्बन्धि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ साथै बजार क्षेत्रमा सिसि क्यामराहरु जडान गरिनेछ।

१७०. यातायात कम्पनीहरुसँगको सहकार्यमा जथाभावी फोहोर फाल्ने कार्यको अन्त्य गरी सवारी साधनमा नै डष्टबिन राख्ने व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ।

१७१. छिन्चु बसपार्क निर्माण कार्य सम्पन्न गरी सवारी साधन पार्कीङ्गको उचित ब्यबस्थापन गरिनेछ।

**१७२.अटोरिक्सा :**

- अटोरिक्साको दर्ता, नविकरण तथा रुट परमिट दिने कार्यलाई थप ब्यबस्थित गरिनेछ।
- अटोरिक्सा लगायतका ड्राइभिङ्ग तालिम तथा सचेतनामूलक कार्यक्रमहरु सन्चालन गरिनेछ।
- अटोरिक्साको भाडादरमा एकरुपता ल्याउन र समयानुकुल बनाउन पहल गरिनेछ।
- अटोरिक्साको नियमित अनुगमन गरी अटो पार्कीङ्ग स्थलतथा सन्चालनलाई व्यवस्थित गर्नेकार्य अघि बढाईनेछ।

**पर्यटन प्रबर्द्धन :**

१७३. भेरीगंगा नगरपालिका भित्रका पर्यटकिय क्षेत्रहरु बराहडाँडा, गिद्धेडाँडा, डुमकोटडाँडा, देउतीबज्यै मन्दिर, दुर्गा मन्दिर, मुक्तेश्वर मन्दिर, शान्तेश्वर मन्दिर, रामजानकी मन्दिर, शहिद पार्क, सिद्धचुली पिक्निक पार्क,चमेरे गुफा,मष्ट मन्दिर लगायतका पर्यटकिय क्षेत्रको पूर्वाधार निर्माण गरि संरक्षण र प्रवर्द्धन गर्न पहल गरिनेछ।

१७४.आन्तरिक र बाह्य पर्यटकको बास र सुरक्षाका लागि उचित स्थानको पहिचान गरि होमस्टे संचालन गरिनेछ।

१७५.पर्यटन प्रवर्द्धन तथा रोजगारी सिर्जनाका लागि  स्थानिय कला र संस्कृतिको प्रबर्द्धन र संरक्षण गरिनेछ।

१७६. पर्यटन क्षेत्रको उद्योगलाई थप प्रभावकारी र ब्यवस्थित गर्नका लागि उद्योगीहरुलाई आवश्यकता अनुसार तालिम तथा सहयोगको ब्यवस्था गरिनेछ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपांगता, लोपोन्मुख जाति तथा समाज कल्याण :**

१७७.पूर्ण अशक्त, अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना कार्यक्रम सन्चालन गरिनेछ। सोका लागि अपांता पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ। अपाङ्गता भएका व्यक्तिमैत्री भौतिक संरचना निर्माणको पहल गरिनेछ। जनप्रतिनिधिहरुलाई लैङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक हिंसा निवारण तथा बालअधिकार सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१७८.बालमैत्री स्थानीय शासन कार्यक्रमलाई विशेष अभियानका साथ सन्चालन गरिनेछ। सार्वजनिक जग्गाको व्यवस्थापन गरी बाल उद्यान निर्माण गर्ने कार्यको थालनी गरिनेछ।

१७९.बालबालिकाको चौतर्फी विकासका लागि र प्रतिभावान बालबालिकाको पहिचान र प्रोत्साहनका लागि विविध कार्यक्रम सञ्चालन गरिनेछ। बालश्रम, बालविवाह न्यूनीकरण गर्न अभियानात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

१८०. जेष्ठ नागरिकहरुको सम्मानका लागि "ज्येष्ठ नागरिक स्वास्थ्य शिविर" र "ज्येष्ठ नागरिक सम्मान" कार्यक्रम सञ्चालन गरिनेछ।

१८१. जातीय विभेद न्यूनीकरण, दलित समुदाय सशक्तिकरण र समतामूलक समाज निर्माणका लागि अभियानात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

१८२.आदीबासी, लोपोन्मुख जाती राजी र कुसून्डा समुदायको शसक्तिकरण र सहयोग कार्यक्रम सन्चालन गरिनेछ।

**१८३. महिला विकास कार्यक्रमतर्फ :**

- यस नगरपालिकाका महिलाहरुको नेतृत्व तथा संस्थागत क्षमता अभिवृद्धिका लागि नेतृत्व तथा संस्थागत विकास तालिम, संस्थागत लेखा तथा अभिलेख व्यवस्थापन तालिम सञ्चालन गरिनेछ।
- नगरका अति विपन्न महिलाहरुका लागि सीप विकास तालिम सञ्चालन तथा व्यवसाय स्थापना तथा प्रबर्द्धनका लागि अनुदान दिइनेछ।
- महिलाहरुको कानूनी सचेतना तथा लैंगिक हिंसामा न्यूनिकरण ल्याउने उद्देश्यले महिला कानूनी अधिकार तालिम, महिला पुरुष समविकास तालिम, मानव बेचविखन तथा ओसारपसार बिरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरद्वारा गरिने कार्यक्रम तथा कृयाकलापमा महिलाहरुको प्रत्यक्ष सहभागीतार सहकार्यका लागि नगर स्तरमा महिला सञ्जालको गठन गरिनेछ।
- नगरमा रहेका महिलाहरुको वास्तविक वस्तुस्थिती र आवश्यकताको पहिचानका लागि महिला बालबालिकाको क्षेत्रमा काम गर्ने अन्य सरोकारवाला संघसंस्था तथा महिला समूह, सहकारी सञ्जाल विच अन्तरक्रियात्मक कार्यक्रम सन्चालन गरिनेछ।
- गर्भवती आमा र बच्चाको स्वास्थ्य स्थितीमा सुधार ल्याउने उद्धेश्यका साथ सुनौला हजार दिनका आमाहरुलाई पोषण तथा प्रजनन स्वास्थ्य सम्बन्धि तालिम तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**१८४.किशोरी विकास कार्यक्रम :**

- किशोरीहरुको क्षमता तथा दक्षता अभिबृद्धिका लागि किशोरी समूह गठन गरि सेनिटरी प्याड निर्माण, लैंगिक हिंसातथा दुर्व्यवहार बिरुद्ध सचेतनामूलक कार्यक्रम सन्चालन गरिनेछ।
- किशोर किशोरीहरूलाई साथी शिक्षा (Peer Education), प्रजनन स्वास्थ्य र यौन सम्बन्धि विषयहरूमा चेतना अभिवृद्धि गरी सभ्यर सुरक्षित व्यवहार प्रवर्द्धन गर्ने कार्यक्रमलाई प्राथमिकता दिईनेछ। समावेशी विकासका सम्बन्धमा संविधान प्रदत्त हकहरु तदारुकताका साथ कार्यान्वयनमा ल्याईनेछ।

**१८५.एकल महिला सहयोग कार्यक्रम :**

- नगरमा रहेका एकल महिलाहरुको संख्या एकीन गर्न तथा उनीहरुको क्षमता तथा दक्षता अभिवृद्धि गर्नका लागि नगर स्तरमा एकल महिला सन्जाल गठन गरिनेछ।
- अतिविपन्न एकल महिलाको आर्थिक स्तरमा सुधार ल्याउने उद्देश्यले सीप विकास तालिम तथा व्यवसाय स्थापना सहयोग अनुदान प्रदान गरिनेछ।

**१८६.बालबालिका कार्यक्रम :**

- बालबालिकाहरुको सांगठनिक विकास तथा क्षमता अभिवृद्धिका लागि बाल क्लव गठन तथा पुनर्गठन एवं नगर स्तरिय बाल क्लब गठन तथा ब्यबस्थापन गरिनेछ।
- बाल अधिकार एवं बाल संरक्षण तथा बाल यौन दुर्व्यवहार न्यूनिकरणका लागि अभिभावक, शिक्षक एवं सरोकारवाला व्यक्तिहरु विच अन्तरक्रियात्मक कार्यक्रम तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- विपतमा परेका बालबालिकाहरुको उद्धार तथा पुनर्स्थापनाका लागि पुनर्स्थापना कोषको स्थापना एवं अतिविपन्न बालबालिकाहरुका लागि शैक्षिक सामग्री वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- बालविवाह न्यूनिकरणका लागि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- अभिभावक विहिन बालबालिकाहरुको संरक्षण तथा अधिकार प्रदान गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

**१८७.लैंगिक हिंसा निवारण :**

- लैंगिक हिंसा न्यूनिकरण गर्नका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- लैंगिक हिंसा न्यूनिकरण गर्न बिभिन्न संघसंस्थाहरुसंग समन्वय गरिनेछ।
- लैंगिक हिंसाको प्रभावमा परेकाहरुको राहत र पुनर्स्थापनाका लागि लैंगिक हिंसा निवारण कोष परिचालन गरिनेछ।

**१८८.अपांगता सम्बन्धिकार्यक्रम :**

- अपांगता भएका छात्रछात्राहरुको क्षमता र दक्षता अभिबृद्धिका लागि बेसिक कम्पूटर तालिम सञ्चालन गरिनेछ।
- अपांगता भएका व्यक्तिका लागि सीप विकास तालिम तथा व्यवसाय स्थापना सहयोग अनुदान प्रदान गरिनेछ।
- अपांगता पुनर्स्थापना केन्द्र स्थापना गर्ने साथै अपांगता भएकालाई सहयोग गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

**१८९.ज्येष्ठ नागरिक कार्यक्रम :**

- जेष्ठ नागरिकहरुको हकहित संरक्षण तथा सम्मानका लागि ज्येष्ठ नागरिक समूहहरु गठन, सचेतनामूलक कार्यक्रम सञ्चालन, बैठक सञ्चालन, अतिविपन्न ज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण गरिनेछ।
- जेष्ठ नागरिक मिलन केन्द्रमा रहनुभएका ज्येष्ठ नागरिकहरुको मनोरञ्जनका लागि मनोरञ्जन सामग्री वितरण गरिनेछ।
- असहाय ज्येष्ठ नागरिकहरुको आपतकालिन उद्धार, पुनर्स्थापना तथा स्वास्थ्य उपचारका लागि सहयोग गरिनेछ।
- जेष्ठ नागरिकको उच्च मनोवल बृद्धिका लागि अन्तर जिल्ला भ्रमण (देशदर्शन) कार्यक्रम सञ्चालन गरिनेछ।
- जेष्ठ नागरिकहरुको दिवा मिलन सेवाकेन्द्र सञ्चालन गरिनेछ।

**१९०.दलित शसक्तिकरण कार्यक्रम :**

- नगरपालिकामा रहेका दलित समुदायको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।
- विभिन्न परम्परागत तथा अन्य सीपविकासका लागि तालिमहरु प्रदान गरिनेछ।
- अन्तरजातिय विवाह गर्ने दम्पतिलाई सम्मान गरिनेछ।
- जातिय बिभेद, छुवाछुत र भेदभावको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न अभियान चलाईनेछ।
- दलित समुदायले परम्परागत रुपमा चलाउदै आएको भेषभुषा, संस्कृति र आवश्यक परम्परागत सामग्रीहरु निर्माणका लागि तालिम सञ्चालन गरिनेछ।
- बादी तथा गाईन समुदायका लागि आवश्यक सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- दलित एकल महिलाका लागि सीप विकास तथा ब्यबसाय प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- जातीय छुवाछुतमुक्त नगर घोषणा गर्नका लागि बिभिन्न संस्थाहरुसंग समन्वय गरी बिभिन्न कार्यक्रमहरु अगाडी बढाइनेछ।
- नगरस्तरीय दलित सशक्तिकरण ऐन कार्यान्वयनलाई थप ब्यबस्थित गरिनेछ।

**१९१.रोजगार सेवाकेन्द्र तर्फ :**

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारीरुपमा अगाडी बढाउन सामुदायिक आयोजनाहरुमा नगरपालिकाको लागत साझेदारी कायम गरिनेछ। वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारी प्रवर्द्धन र भौतिक पूर्वधारको समेत विकास गरिनेछ। त्यस्तै पालिका स्तरीय र वडा स्तरीय आयोजनामा समेत रोजगार सेवाकेन्द्र मार्फत श्रमिकको आपुर्ति गरीनेछ। यस्तो साझेदारीमा आवश्यकता अनुसार श्रमीकको ज्याला खर्च प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत र अन्य निर्माण सामग्री तर्फको खर्च नगरपालिका तथा वडा स्तरबाट योगदान हुनेछ।
- बैदेशिक रोजगारीबाट फर्किएकालाई उनिहरुको सीप र क्षमताको स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक नीति बनाएर समन्वय गरिनेछ। स्थानीय स्तरका रोजगार प्रवर्द्धनका लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गरि रोजगारी सिर्जनामा जोड दिईनेछ।

- बेरोजगार ब्यक्ती तथा बैदेशिक रोजगारीबाट फर्केका ब्यक्तिको तथ्यांक संकलन तथा बिश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणालीमा बेरोजगारहरुको सूची अद्यावधिक र व्यवस्थित गरीनेछ। नगरपालिका भित्र उपलब्ध रोजगारका अवसरहरुको पहिचान गरी सोको सुचना प्रवाह गरिनेछ।
- बैदेशिक रोजगारमा जाने व्यक्तीहरुका लागि नगरपालिकाबाट नै श्रम स्वीकृती र पुनःश्रम स्वीकृतिका कार्यलाई प्रभावकारी तरीकाले कार्यान्वयन गरिनेछ। साथै विमा तथा राहात पाउने प्रकृयामा सहजीकरण गरिनेछ।
- संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ।
- गरिवि न्युनीकरण तथा रोजगारीका अवसरमा बृद्धि गर्न पहलकदमी चालिनेछ।
- बैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने बिभिन्न सेवाहरु नगरपालिकामा रहेको रोजगार सेवाकेन्द्र मार्फत प्रदान गरिनेछ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरीक रोजगारीको प्रवर्द्धन  र आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ। सोका लागि अन्तर शाखागत तथा सीपप्रदायक संस्थासंग समन्वय गरिनेछ।
- यस नगरपालिकालाई बालश्रम मुक्त पालिका बनाउनका लागि सरोकारवाला निकायहरुसंग छलफल गरि आवश्यक कार्यक्रम बनाइनेछ।
- आन्तरीक रोजगारी सिर्जना गर्न सरकारवाला निकाय र निजि क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिईनेछ।
- रोजगारीको हकको प्रभावकारी कार्यान्वयन स्थानीय तहमा उपलब्ध हुने रोजगारीको अवसरको पहिचान समस्याको निदान र रोजगारीको क्षेत्रमा नविनतम् उपाय र विधिको पहिचान गरी आवश्यकता अनुसार स्थानीय तहलाई राय सुझाव प्रदान गर्न गठन गरिएको रोजगार संवाद मञ्चलाइ थप आयबस्थित गरिनेछ साथै रोजगार रणनीति बनाई लागु गरिनेछ।

**न्याय निरुपण र न्यायिक प्रकृया :**

१९२. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन अनुसार नगरपालिकालाई प्रदत्त काम, कर्तव्य र अधिकारको व्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ। न्यायिक समितिको कामलाई वस्तुपरक बनाउन संस्थागत विकास गरिनेछ ।

१९३. विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धि विद्यमान प्रक्रियालाई थप स्पष्टताका साथ अगाडी बढाइनेछ। आवश्यकता अनुसार कानून, कार्यविधि, मापदण्डको निर्माण तथा संशोधन गरिनेछ। स्थानीय न्याय सम्पादन प्रकृयालाई छिटो छरितो र थप व्यवस्थित गरिनेछ।

१९४. न्यायिक अधिकारको सन्तुलित प्रयोगका साथै मेलमिलापको सिद्धान्तमा जोड दिइनेछ।

१९५. न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताको क्षमता अभिवृद्धि गरिनेछ।

१९६. न्यायिक समितिको क्षेत्राधिकार भित्रका कार्यहरु थप व्यवस्थित गर्दै संस्थागत इजलास सञ्चालनमा ल्याइनेछ।

१९७. समुदायस्तरमा न्यायिक कानून सम्बन्धि जनचेतनामुलक तालिम तथा गोष्ठीहरु सञ्चालन गरिनेछ।

१९८. न्यायिक कार्यका लागि कानूनी परामर्शदाताको आवश्यक सहयोगमा न्यायिक कार्यलाई प्रभावकारी बनाईनेछ।

१९९. मेलमिलापकर्ताहरुको तालिम तथा परिचालन गरी प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरिनेछ।

**वन तथा वातावरण संरक्षण तथा हरियाली प्रबर्द्धन :**

२००. नगरपालिका क्षेत्रभित्रका सार्वजनिक तथा निजी संरचनाहरुमा “वातावरण मैत्री स्थानीय शासन” (EFLG)का कार्यक्रमका सूचकहरु कार्यान्वयन गर्दै लगिनेछ। वातावरण संरक्षण र शहरी सौन्दर्यको प्रवर्द्धन गर्दै विभिन्न स्थानका “खुला क्षेत्र” लाई मनोरञ्जनात्मक स्थलको रुपमा विकास गरिनेछ। स्थानीय नागरिकको संलग्नतामा न्यूनतम आधारभूत र क्रमशः उच्चस्तरका सूचकहरु निर्धारण गरी वातावरणमैत्री विकास र स्वच्छ वातावरणको कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ।

२०१. स्थानीय नागरिकलाई परिवर्तित जलवायु असन्तुलनको जीवनशैली, उत्पादन र उपभोग पद्धतिको अभ्यास गर्न आवश्यक ज्ञान, सीप, क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ। सडक किनारा, खाली, सार्वजनिक, बाँझो, पर्ति जग्गा, नदी उकास र नदी किनार लगायतका जमिनमा “वृक्षारोपण” तथा “वन विस्तार कार्यक्रम” संचालन गरिनेछ।

सामुदायिक वनसँगको सहकार्यमा वन संरक्षण र प्रबर्द्धन, नर्सरीको स्थापना, बृक्षारोपण, स्तरोउन्नती लगायतका कार्यहरु सञ्चालन गर्ने र नगरको आवश्यकता अनुसारका विरुवाहरुको उत्पादन गरिनेछ।

२०२. सार्वजनिक जग्गा, सामुदायिक र सरकारी वनमा उत्पादन, रोजगारी सिर्जना, स्थानीय कच्चा पदार्थको आपूर्तिमा सहयोग पुऱ्याउने गरी वृक्षारोपण तथा सामुहिक खेती र कृषि वन रणनीति प्रणाली नीति अवलम्वन गरिनेछ।

२०३. "क्लीन भेरीगंगा, ग्रीन भेरीगंगा" भन्ने नाराका साथ सुरुवात गरिएको सरसफाई बर्ष अभियान सहित हरियाली प्रवर्द्धन कार्यक्रमलाई प्रत्येक टोल विकास संस्था मार्फत बस्ती स्तरसम्म पुऱ्याइनेछ। सरसफाई तथा हरियाली प्रवर्द्धनमा पुऱ्याएको योगदानका आधारमा टोल विकास संस्थालाई पुरस्कृत गरिनेछ। गैरसरकारी संस्था, टोल विकास संस्था, सामुदायिक सिकाई केन्द्र, सामुदायिक प्रहरी, आमा समूह, युवा क्लव लगायतका सामाजिक संघ संस्थाहरुलाई शहरी सुन्दरता अभिवृद्धि कार्यक्रममा सहभागी बनाइनेछ।

२०४. बस्ती स्तरका सडकहरु स्तरोन्नती गर्दा हरियाली प्रवर्द्धन कार्यक्रमलाई टेवा पुऱ्याउने गरी वृक्षारोपण कार्यक्रमलाई समेत लागत स्टिमेटमा समावेश गरी योजना सम्झौता गर्ने प्रणालीको विकास गरिनेछ।

२०५. नगरपालिका क्षेत्र भित्रका सडकहरुमा ग्रिनबेल्टको अवधारणा अनुरुप बृक्षारोपण गर्ने कार्यको थालनी गरिनेछ।

२०६. नगरबासीहरुलाई नगर सफाई अभियानमा स्वतस्फूर्त सहभागि बनाई क्लीन भेरीगंगा, ग्रिन भेरीगंगा बनाउनका लागि सम्बन्धित संघ–संस्थाहरुसँग सहकार्य गरी उत्साहजनक अभियान सञ्चालन गरिनेछ।

**सरसफाई तथा फोहरमैला ब्यबस्थापन (सरसफाई वर्ष अभियान) :**

२०७. नगरपालिकामा वातावरण प्रबर्द्धन, सरसफाई तथा फोहरमैला ब्यबस्थापन सम्बन्धि कार्यलाई प्रभावकारी रुपमा अघि बढाउन सार्वजनिक, निजी, साझेदारी अवधारणालाई प्राथमिकता दिइनेछ। "मैले गरेको फोहोर म आफै व्यवस्थापन गर्छु" भन्ने नीतिलाई अंगीकार गरिनेछ।

२०८. नगरपालिका क्षेत्र भित्रका सडकहरुमा ग्रिन बेल्टको अवधारणा अनुरुप वृक्षारोपण गरिनेछ।

२०९. वडाको सरसफाईका लागि प्रत्येक वडा समितिको अगुवाईमा आफ्नो वडा आफै सफा गर्ने नीतिलाई अबलम्बन गरिनेछ। सोका लागि सबै टोल विकास संस्थाहरुलाई परिचालन गरिनेछ। नगरपालिकाका ठूला बजार क्षेत्रहरुमा अभियानात्मक रुपमा सरसफाई कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२१०. नगरपालिकाले २०८० सालदेखि सरसफाई बर्ष अभियान घोषणा गरेको छ।सोही अनुसार सरसफाई वर्ष अभियानलाई निरन्तरता दिन र सफल पार्नका लागि सुस्वा परियोजना लगायत बिभिन्न संघसंस्थाहरुसंग समन्वय गरि बिभिन्न कार्यक्रमका साथ सरसफाई अभियान सञ्चालन गरिनेछ।

२११. नगरपालिकाको फोहोर व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी तुल्याउन फोहोरलाई स्रोतमै Segregation गरी शुन्य फोहोर (3R: Reduce, Reuse, Recycle) को अवधारणालाई मुर्तरुप दिन विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ। भेरीगंगा १२ को झिंगेनारा क्षेत्रमा फोहरमैला प्रसोधन केन्द्र निर्माण गर्ने कार्यलाई निरन्तरतादिईनेछ। सार्वजनिक, नीजि, सहकारी साझेदारी (PPCP) नीति अवलम्बन गरी नीजि तथा सहकारी क्षेत्रबाट फोहोर व्यवस्थापनको जिम्मेवारी समेत दिन सकिने नीतिलाई निरन्तरता दिईनेछ।

२१२. नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि नविकरणीय ऊर्जा विस्तार कार्यक्रम सञ्चालनका लागि बैकल्पीक ऊर्जा प्रवर्द्धन केन्द्रसँग साझेदारी गरी कार्यक्रम सञ्चालन गरिनेछ।

२१३. सार्वजनिक, नीजि साझेदारीमा नगरका उपयुक्त स्थानहरुमा सार्वजनिक शौचालयहरु निर्माण गरिनेछ।

२१४. नगरमा POST ODFका कार्यक्रमलाई वातावरणमैत्री स्थानीय शासनसंग जोडेर विभिन्न सरकारी, गैरसरकारी संघ संस्थाको सहयोग र समन्वयमा पूर्ण सरसफाईयुक्त टोल, वडा र नगर घोषणा कार्यक्रम अगाडी बढाइनेछ।

२१५. फोहर व्यवस्थापनमा निजी क्षेत्रको संलग्नता बृद्धि गर्न सःशुल्क बजार सफाई कार्यक्रमलाई निरन्तरता दिंदै बजार क्षेत्र बाहेकका अन्य क्षेत्रमा समेत यसै शैलीमा फोहर व्यवस्थापनको प्रकृया अगाडी बढाइनेछ।

२१६. नगरबासीहरुलाई नगर सफाई अभियानमा स्वतस्फूर्त सहभागि बनाई क्लीन भेरीगंगा, ग्रीन भेरीगंगा बनाउनका लागि सम्बन्धित संघ–संस्थाहरुसँग सहकार्य गरी सरसफाई अभियान सञ्चालन गरिनेछ।

२१७. स्थानीय टोलबासीहरुलाई नै फोहोरको व्यवस्थापक बनाउने प्रयास स्वरुप सरसफाई स्वयम्सेवक बनाई सफा टोल अभियान सञ्चालन गरिनेछ।

२१८. नगरबासीलाई व्यक्तिगत, पारिवारिक, सामुदायिक, संस्थागत र सार्बजनिक सरसफाई कार्यक्रममा आबद्ध गरिनेछ।

**सूचना तथा संचार, नवप्रबर्द्धन, प्रबिधि र डिजिटाईजेशन :**

२१९. नगर भित्रका सामुदायिक रेडियो तथा सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ। स्थानीय संचार माध्यमहरुको कार्यसम्पादन र प्रभावकारिताको आधारमा साझेदारीको नीति अवलम्वन गरिनेछ।

२२०. जनताको सु–सूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न सार्वजनिक सुनुवाई, मुखपत्र प्रकाशन, जनतासँग मेयर लगायतका रेडियो कार्यक्रम, सार्वजनिक परीक्षण, कार्यालयबाट सम्पादित कार्यहरुको चौमासिक सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिनेछ।

२२१. सूचना प्रविधिसँग सम्बन्धित तालिम, सेमिनार, लगायतका प्रवर्द्धनात्मक विषयहरुलाई सरोकारवाला निकायहरुसँग समन्वयन गरी संचालन गरिनेछ।

२२२. नगरपालिकाको विकास निर्माण, सुशासन, सेवा प्रवाह, सामाजिक सचेतना लगायतका विषयमा कलम चलाउने संचारकर्मी र मिडियाहरुलाई पुरस्कृत गर्नका लागि "उत्कृष्ट पत्रकारिता पुरस्कार" बाट पुरस्कृत गरिनेछ।

२२३. नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरुलाई क्रमशः डिजिटलाईजेशन गर्दै E-Governance र E-हाजिरी प्रणालीको प्रभावकारी कार्यान्वयन गर्दै Software मार्फत सेवा प्रवाहलाई सहज र पारदर्शी बनाईनेछ। नगर सरकारका निर्णय प्रक्रिया सरल, सहज र पारदर्शी बनाउँदै काम पन्छाउने प्रणालीलाई पूर्णरुपमा निरुत्साहित गर्दै नतिजामुखी कार्यप्रणालीको विकास गरिनेछ। नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाईनेछ।

२२४. नगरपालिका र सम्पूर्ण वडामा कम्प्यूटर प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाई तीव्रता दिई स्वचालित बनाइनेछ।

२२५. नगरपालिकाका हरेक क्रियाकलापहरुलाई चुस्त, दुरुस्त, पारदर्शी र सुशासनयुक्त बनाइनेछ।

२२६. आ.व. २०७९।०८० देखि सुरु भएको स्थानीय सञ्चीत कोष व्यवस्थापन प्रणालीमा विद्युतिय कोष हस्तान्तरणमार्फत भुक्तानी दिने व्यवस्थालाई थप ब्यबस्थित गरिनेछ।

२२७. नगरपालिकाका कर्मचारी तथा जनप्रतिधिहरुको डिजिटल क्षमता विकास सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२२८. भेरीगंगा विकास गतिविधि नामक रेडियो विकास कार्यक्रम मार्फत नगरपालिकाका विकासका गतिविधिहरु सार्वजनिक गरिनेछ। साथै नगरपालिकाका उत्कृष्ट कार्यहरुको संगालोको रुपमा समृद्ध भेरीगंगा नामक पुस्तक प्रकाशन गरिनेछ।

२२९. आ.ब. २०८०।०८१ देखि सुरु गरिएको हेलो भेरीगंगा टोलफ्री टेलिफोन सेवालाई प्रभावकारी संचालन गरिनेछ।

२३०. कार्यालयको अभिलेख पद्धतीलाई थप व्यवस्थित, छरितो र सुरक्षित बनाउनका लागि अनावश्यक कागजातहरुलाई कानुन बमोजिम धुल्याउने र महत्वपूर्ण अभिलेखलाई डिजिटाईजेशन गरिनेछ।

२३१. संघ तथा प्रदेश सरकारसँग समन्वय गरी आइसीटि पार्क स्थापना गर्न पहल गरिनेछ।

२३२. ब्यक्तिगत घटना दर्ता गर्दा सबै वडा तहबाट अनलाईन गर्ने कार्यलाई थप ब्यबस्थित गरिनेछ।

२३३. मुख्य बजार क्षेत्र लगायत नगरका प्रमुख स्थानहरुमा सोलार बत्ती तथा सिसिटिभी क्यामरा विस्तार गरिनेछ।

२३४. नगरपालिकाका महत्वपूर्ण स्थानहरुलाई Free Wifi Zone बनाउन पहल गरिनेछ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण :**

२३५. सामाजिक सुरक्षा भत्ता बैंक मार्फत बितरण गर्दै आएकोमा यस सेवालाई अझ प्रभावकारी रुपमा संचालन गर्नका लागि वडा कार्यालय र वैंकबीच सहकार्य गरी थप सहज र प्रभावकारी रुपमा बितरण गर्न पहल गरिनेछ।

२३६. प्रत्येक वर्षको वैशाख १ देखि ७ गतेसम्म राष्ट्रिय रुपमा पर्न जाने दर्ता अभियान कार्यक्रमलाई शसक्त बनाउन पहल गरिनेछ।

२३७. सामाजिक सुरक्षा लाभग्राहीले सामाजिक सुरक्षा भत्ता स्वस्फुर्त रुपमा नलिने घोषणा गरेमा त्यस्ता लाभग्राहीलाई सम्मान गरिनेछ।

**भाषा, साहित्य, धर्म, कला र संस्कृति :**

२३८. नगरस्तरीय भाषा, साहित्य, कला, संस्कृति सम्बन्धि सम्पूर्ण क्रियाकलापहरुलाई व्यवस्थित गर्नका लागि बिभिन्न संस्थाहरुसंग समन्वय गरी संरक्षण तथा प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन गरिनेछ।

२३९. मौलिक सिर्जनाका माध्यमद्वारा निर्मित समाजका उपयोगी कृतिहरुको संरक्षण, विद्वानहरुको सम्मानर साहित्यीक गतिविधिहरुको प्रवर्द्धन गरिनेछ।

२४०. नगरपालिका भित्र रहेका ऐतिहासिक, पुरातात्विक महत्वका सम्पदाहरुको अभिलेखिकरण, प्रवर्द्धनका लागि आवश्यक रणनीति तय गरी संरक्षण र प्रचारप्रसार गरिनेछ।

२४१. नगरपालिका भित्रका आदिबासी, जनजाति, दलित, लोपोन्मुख जातिका भाषा, धर्म, संस्कृति र ललितकलाको संरक्षणका लागि स्पष्ट नीतिको तर्जुमा गरिनुको साथै स्थानीय कला संस्कृतिलाई आर्थिक उत्पादनसँग जोड्ने कार्यक्रम तयार गरिनेछ। अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्धन गरिनेछ।

२४२. स्थानीय भाषा, कला, संस्कृति एवं परम्पराहरुको सम्मान, संरक्षण, प्रवर्द्धन एवं विकास गर्ने नीति लिइनेछ।

२४३. जातिय, भाषिक, धार्मिक लगायतका बिभेदको अन्त्य गरी सबै जातजाती, भाषाभाषी, धर्म संस्कृतीको सम्मान र विकासमा सहयोग गरिनेछ।

२४४. राजी संस्कृति संग्रहालय स्थापनाका लागि पहल गरिनेछ।

**भूमि ब्यवस्थापन, भू–उपयोग नीति र सार्वजनिक जग्गा तथा सम्पति संरक्षण :**

२४५. आ.व. २०७९।०८० देखि प्रारंभ गरिएको भू–उपयोग क्षेत्र बर्गीकरण तथा मापदण्डलाई थप ब्यबस्थित गरी भू–उपयोग नीति अनुसार जग्गा बर्गीकरण गरी उक्त नीतिले अंगिकार गरेका प्रावधान अनुसार ब्यबसायिक, आवासीय, औद्योगिक, कृषि, खनिज, नदी, वन लगायतका क्षेत्रहरु तोकिनेछ। नगरपालिका भित्र रहेका ऐलानी, पर्ती र सार्वजनिक जग्गाको नक्साङ्कन र सिमाङ्कन गरी संरक्षण र प्रवर्द्धनका लागि उपयुक्त कार्ययोजनाका साथ काम सुरु गरिनेछ। घर जग्गाको विक्री वितरणलाई वैज्ञानिक रुपमा व्यवस्थापन गरिनेछ।

२४६. भूमिहिन सुकुम्बासी, भूमिहिन दलित तथा अव्यवस्थित बसोबासीहरुको लगत प्रविष्टी गर्ने, छानविन गर्ने, जग्गा पहिचान र नापजाँच गर्ने कार्यलाई भुमि आयोगसंगको समन्वयमा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

२४७. जनतालाई जमिनको मालिक बनाउन भूमि आयोगसँग सहकार्य गरी जग्गाधनि प्रमाणपुर्जा बितरण गर्ने कार्यलाईनिरन्तरता दिँदै आगामी बर्ष भित्रै भूमिहिन र अब्यबस्थित बसोबासीलाई पुर्जा बितरण कार्य सम्पन्न गरिनेछ। साथै जग्गाको राजश्व १० प्रतिशत बढि भएकोले उक्त दर घटाउनका लागि संघीय सरकारसंग अनुरोधगरिनेछ।

२४८. विभिन्न स्थानमा रहेका सरकारी तथा सामुदायिक भवनहरुको रेकर्ड अद्यावधिक गरी अधिकतम् प्रयोगमा ल्याउने व्यवस्था मिलाइनेछ।

२४९. भेरीगंगा नगरपालिकाभित्र यत्रतत्र छरिएर रहेका सार्वजनिक तथा सहकारी जग्गा, पोखरी, तालतलैया, पार्टी पौवा, मन्दिर आदीको लगत संकलन गरी संरक्षण, सम्बर्द्धन गरी उचित प्रयोगमा ल्याइनेछ।

२५०. विभिन्न व्यक्तिहरुद्वारा सार्वजनिक जग्गा, बाटो, गौचरन, पोखरी, मन्दिर र विद्यालय अतिक्रमण गर्ने प्रवृत्तीलाईनिरुत्साहित गरी कानूनको दायराभित्र ल्याइनेछ।

**अभिलेख ब्यबस्थापन :**

२५१. नगरपालिकालाई डिजिटल नगरपालिका बनाउन अभियान चलाईनेछ। शाखा तथा वडा कार्यालयहरुका सबै कार्यहरु सफ्वेयर मार्फत सञ्चालन गर्ने ब्यबस्था मिलाईनेछ। नगर, शाखा तथा वडाका सबै कागजातहरु सुरक्षित गर्ने र कम्प्यूटरमा स्टोर गर्ने ब्यबस्था गर्ने र सोका लागि सरबर ब्यबस्थापन र क्लाउड होस्टिङ्गको प्रबन्ध गरिनेछ।

**राजस्व प्रशासन :**

२५२. नगरबासीलाई कर तिर्नु बोझ नभई आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभूत गराउन कर प्रशासनका सर्वमान्य सिद्धान्तका आधारमा हरेक क्षेत्रमा प्रगतिशील तथा बैज्ञानिक कर प्रणालीको अवलम्वन गरिनेछ। करको दर नभई दायरा बढाउने कुरालाई प्राथमिकता दिई सोही अनुसार करका नीतिहरु तय गरिनेछ। आगामी आर्थिक वर्षमा राजस्व सम्भाव्यता अध्ययन गरी राजस्व परिचालनका थप स्रोतहरुको पहिचान गरिनेछ। सामुदायिक वन समितिहरुबाट तोकिए बमोजिम राजश्व असुल गरिनेछ। राजस्व प्रशासनलाई छिटो, छरितो, करदातामैत्री र सूचना प्रविधिमा आधारित बनाइनेछ साथै विगतमा तयार गरिएको राजश्व सुधार योजना कार्यान्वयन गरिनेछ। आर्थिक वर्षको पहिलो ३ महिना भित्रमा तोकिएको कर भुक्तानी गर्ने करदातालाई सम्मान तथा पुरस्कृत गरिनेछ।

२५३. नेपालको संविधान र स्थानिय सरकार सञ्चालन ऐन अनुसार स्थानीय तहलाई प्राप्त सम्पति कर, घरबहाल कर, ब्यबसाय कर तथा ब्यबसाय दर्ता, नबिकरण कर लगायत कर संकलनको अधिकारलाई कानुनबमोजिम प्रयोग गरी "बृहत राजश्व संकलन अभियान"का साथ राजश्वबृद्धि गरिनेछ। यो कर लागू गर्दा जग्गाको मूल्यांकन र दरलाई सर्वसाधारणको हितलाई ध्यान दिएर निर्धारण गरिनेछ। साथै करका सर्वमान्य सिद्धान्त, कर लागू गरेका अन्य पालिकाहरुको असल अभ्यास, विज्ञ एवं आम नगरबासीहरुको राय, परामर्शका आधारमा वैज्ञानिक र सामाजिक न्यायको सिद्धान्तका आधारमा प्रगतिशील कर लगाईनेछ।

२५४. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार प्राप्त अधिकारको अधिनमा रही ढुङ्गा–गिट्टी, बालुबा, रोडा, माटो, ग्राभेललगायतका नदीजन्य पदार्थ, हाटबजार लगायतका नगरपालिकाका सम्पत्तिको रुपमा रहेका राजस्वका स्रोतहरुको पहिचान गरी ठेक्कापट्टा लगाउने काम तोकिएको समयमै सम्पन्न गरिनेछ।सबैभन्दा धेरै कर दाखिला गर्ने करदातालाई "उत्कृष्ट करदाता" को रुपमा पुरस्कृत गरिनेछ। सबै आर्थिक र व्यापारिक क्रियाकलापलाई करको दायरामा ल्याई आन्तरिक आम्दानीको दायरालाई फराकिलो बनाईनेछ।

२५५. राजश्व परामर्श समितिका पदाधिकारीलाई अन्तरपालिकामा राजश्व सम्बन्धि अवलोकन भ्रमण कार्यक्रम गराइनेछ।

२५६. महिलाले नेतृत्व गरेका लघु घरेलु उद्योग व्यवसायहरु दर्ता तथा नविकरणमा ५० प्रतिशत छुटको व्यवस्था गरिनेछ।

२५७. स्थानीय राजश्व बृद्धिका लागि आन्तरिक राजश्व कार्यालय तथा उद्योग बाणिज्य संघ भेरीसंग सहकार्य गरी एकीकृत घुम्ती शिविर, घरदैलो अभियान, कर संकलन दर तथा दायरा सम्बन्धि अन्तरक्रिया, छलफल एवं सचेतनामूलक कार्यक्रम सञ्चालन र प्रचारप्रसार गर्ने र घर बहालकर भुक्तानीपश्चात मात्र अन्य कर लिने ब्यबस्था मिलाईनेछ।

२५८. आगलागी लगायत प्राकृतिक प्रकोपबाट क्षति भएका व्यवसायीलाई राहतका लागि उद्योग बाणिज्य संघ भेरीसँगको समन्वय एवं सहकार्यमा कोषनिर्माण गरी सोही कोषबाट राहत वितरण गर्ने व्यवस्था गरिनेछ।

२५९. नगरपालिका क्षेत्रभित्र बनेका घरहरुको न्यूनतम् कोठा तथा घरभाडा दर तोकी उद्योग वाणिज्य संघ भेरी र वडा कार्यालयहरुसंग सहकार्य एवं समन्वय गरी घरबहाल कर असुली गरिने व्यवस्था गरिनेछ।

२६०. कर असुली कार्यलाई प्रविधीमैत्री बनाउन नगर तथा सम्पूर्ण वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई क्षमता अभिबृद्धि तथा प्रविधिमैत्री हुनका लागि आवश्यक तालिम सञ्चालन गरिनेछ।

**खेलकुद प्रबर्द्धन :**

२६१. खेलकुद क्षेत्रको विकास र विस्तारमा योगदान पुऱ्याउने तथा उत्कृष्ट खेल कौशल प्रदर्शन गर्ने व्यक्तिहरुलाई प्रोत्साहन तथा सम्मान गरिनेछ। खेलको विकास र विस्तारका लागि नगरपालिका, गैरसरकारी तथा निजी क्षेत्रका संस्थाहरुको सहकार्य र समन्वयमा खेलकुदका पूर्वाधारहरुको स्तरोउन्नती गरिनुका साथै वडा नं ८ को रंगशाला लगायत नगरका सबै खेल मैदानहरुको स्तर बृद्धि गर्नका लागि पुर्वाधार निर्माण गर्न आवश्यक पहल गरिनेछ।

२६२. नगरभित्रका अन्य फुटबल मैदान, किक्रेट मैदान, भलिबल ग्राउण्ड, कवर्ड हल लगायतका संरचनाहरुको उचित व्यवस्थापन गरिनेछ।

२६३. निजी, सामुदायिक र अन्य संघसंस्थाहरुको सहकार्यमा राष्ट्रिय र प्रदेश स्तरीय तथा नगरस्तरीय खेलकूद प्रतियोगिताको आयोजना गरिनेछ।

२६४. नगरपालिकाको खेलकूद विकास गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

२६५. राष्ट्रपति रनिङ्ग शिल्ड, नगरपालिका स्तरीय मेयरकप र वडास्तरीय वडा अध्यक्षकप खेलकुद प्रतियोगिता सन्चालन गरिनेछ।

२६६. नगरपालिका भित्र रहेका प्रतिभाशाली युवा खेलाडीहरुको पहिचान गरी उनीहरुमा रहेको प्रतिभालाई प्रर्दशन गर्नेअवसर प्रदान गरिनेछ।

२६७. वडा नं. १२ छिन्चुमा निर्माणाधिन अत्याधुनिक कवर्डहल निर्माण कार्य आगामीबर्ष पुरा गर्न संघीय सरकारसंग पहल गरिनेछ।

**युवा तथा किशोर–किशोरी कार्यक्रम :**

२६८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नगरको प्रतिष्ठा बढाउन योगदान पुऱ्याउने युवा तथा युवाको क्षेत्रमाउत्कृष्ट काम गर्ने संस्थालाई सम्मान एवं पुरस्कृत गरिनेछ। युवाहरुको क्षमता प्रष्फुटनका लागि युवा परिचालन कार्यक्रम संचालन गरिनेछ। प्रत्येक वडाका युवाहरुलाई सीपमूलक तालिम प्रदान गरिनेछ। युवा तथा किशोर–किशोरी केन्द्रित लैङ्गिक समानता र सशक्तिकरण, लागुऔषध दुर्व्यसन नियन्त्रण, सकारात्मक सोच, मनोसामाजिक परामर्श जस्ता कार्यक्रम संचालन गरिनेछ। युवा उद्यमशीलता अनुसन्धानमूलक कार्यक्रम संचालन गरिनेछ। युवा प्रतिभा उद्यमीको खोजी कार्यक्रम संचालन गरिनेछ। युवाको साहस, सिर्जनशीलता, आत्मविश्वास, उद्यमशीलताको उच्च मूल्याङ्कन गर्दै शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवा शक्तिलाई नगरको मानवीय पूँजीको रुपमा स्वीकार गर्दै नगरको समग्र विकासमा परिचालन गरिनेछ।

२६९. खेलकूद, सामाजिक विकास, वातावरण संरक्षण, विपद् प्रकोप व्यवस्थापन, सामाजिक तथा आर्थिक रुपान्तरण लगायतका क्षेत्रमा स्वयंसेवकको रुपमा युवाहरु परिचालन गरिनेछ। स्वयंसेवक परिचालन र व्यवस्थापन कार्यविधि तयार पारी स्वयंसेवकको रोष्टर खडा गरिनेछ। हरेक स्वयंसेवकको रोष्टर मार्फत नैतिकता, नागरिक गुण एवं अनुशासनको विकास गर्न मुलुक र नगरप्रति दायित्वबोध गराउने, श्रमको सम्मान गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**लागुऔषध नियन्त्रण :**

२७०. लागुऔषध सेवनबाट बिग्रदै गएको युवा तथा नागरिकहरुको जीवन रक्षा गर्न बिभिन्न संघसंस्था र प्रहरीसंग समन्वय गरी जनचेतनामूलक अभियान सञ्चालन गर्ने र लागुऔषध ओसारपसार तथा कारोबार गर्नेहरुलाई नियन्त्रण गर्न बिशेष पहल गरिनेछ। लागुऔषध भित्रने नाकाहरु र सडक क्षेत्रमा बिशेष निगरानी गर्न प्रहरीसंग समन्वय गरिनेछ।

**ऊर्जा विकास तथा विद्युतिकरण :**

२७१. नगरको विद्युत सेवालाई भरपर्दो र गुणस्तरीय बनाउनका लागि विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत पोल, तार र ट्रान्समिटर जडान, सडक बत्ती व्यवस्थापन लगायतका पूर्वाधार निर्माणको कामलाई प्राथमिकता दिईनेछ। साथै जहरे बजारमा विद्युत काउन्टर कार्यालय सञ्चालन गर्न पहल गरिनेछ।

२७२. लेखपराजुल क्षेत्र लगायत विद्युत नपुगेका स्थानहरुमा विद्युत सेवा पुऱ्याई उज्यालो भेरीगंगा बनाउन संघीय तथा प्रदेश सरकारसंगको सहकार्यमा पूर्ण विद्युतीकरण अभियान अगाडी बढाइनेछ।

२७३. सहि तरिकाले विद्युत खपत गर्ने तौरतरिका तथा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**बैकल्पीक ऊर्जा :**

२७४. बायोग्यास र सौर्य ऊर्जा कार्यक्रमहरुमा जोड दिइनेछ र बैकल्पीक ऊर्जा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

२७५. लागत सहभागिता हुने गरी प्रतिवद्धता आएमा विगत बर्षको अनुभवको आधारमा नगरका अन्य स्थानमा समेत बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको समन्वय र सहयोगमा सौर्य सडक बत्ति जडान कार्यलाई निरन्तरता दिइनेछ।

**सार्वजनिक, नीजि, सहकारी साझेदारी कार्यक्रमः (PPCP)**

२७६. सार्वजनिक, निजी, सहकारी साझेदारी कार्यक्रमलाई अवलम्बन गरी कृषि/पर्यटन/फोहोरमैला व्यवस्थापन, उद्यम/व्यवसाय, भौतिक संरचना निर्माणसहितका कार्यक्रमहरु संचालन गरिनेछ। नगरपालिका, नीजि क्षेत्र, सहकारी संस्थाको लागत साझेदारी तथा जनसहभागितामा अन्य दातृ संस्थाहरुको सहयोग तथा समन्वयमा फोहरमैला प्रशोधन केन्द्र सञ्चालन गरी फोहोरको वैज्ञानिक व्यवस्थापन गर्ने कार्यको शुभारम्भ गरिनेछ।

**जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन :**

२७७. नदी, खोला कटानलाई रोकथाम गर्नका लागि संघीय तथा प्रदेश सरकार तथा अन्य संस्थाहरुसंग सहकार्य गरी तटबन्धन गर्ने, सुकेका पानीका मुहानहरु पुनः सुचारु गराउन रिचार्ज पोखरीहरु निर्माण गर्ने नीति अवलम्वन गरिनेछ भने नदी कटनको क्षेत्र व्यवस्थापनका लागि आवश्यक रणनीति तय गरिनेछ। जीर्ण भएका खानेपानी तथा सिंचाईका संरचनाहरुको पुनःनिर्माण गरिनेछ। जलवायु परिवर्तनको प्रभावबाट हुने क्षती न्यूनिकरण गर्न निर्माण गरिएको लापा योजना समेत कार्यान्वयन गरिनेछ।

२७८. नगर भित्र हुनसक्ने बिपद् ब्यस्थापनका लागि विपद् पूर्व तयारी, विपत प्रतिकार्य योजना तथा व्यवस्थापन, क्षतिन्यूनीकरण तथा उद्दार लगायतका विषयहरुलाई समेटी पूर्व तयारी रणनीति तय गरिनेछ र क्षतिग्रस्त नागरिकलाई तत्काल राहत उपलब्ध गराइनेछ।

२७९. विपद् व्यवस्थापन प्रतिकार्य योजना निर्माण गरी सो बमोजिम कार्यक्रमहरुलाई बार्षिक रुपमा कार्यान्वयन गर्दैलगिनेछ। विपद् व्यवस्थापनलाई संस्थागत गर्न संरचनाहरुको गठन गर्ने तथा क्रियाशिल गराउदै लगिनेछ।

२८०. विभिन्न क्षेत्रमा रहेको सार्वजनिक स्थान तथा चवरहरुको संरक्षण गरी पर्याप्त खुल्ला स्थानको रुपमा विकास गर्दै लगिनेछ साथै जलवायु परिवर्तन उत्थानशिल योजना तथा कार्यक्रममा जोड दिइनेछ।

२८१. नगरभित्रको विपद् व्यवस्थापनका लागि विपद् पाश्वचित्र तयार गरी सोही बमोजिम कार्यान्वयन गरिनेछ।

२८२. नगरमा रहेको आपतकालिन कार्य सञ्चालन केन्द्रमा आवश्यक सामग्रीहरु व्यवस्थापन गरिनेछ।

२८३. नगरमा विपद् व्यवस्थापनका लागि बिपद्ब्यबस्थापन कोष स्थापना गरिनेछ।

२८४. नगर भित्रका सम्पूर्ण पूर्वाधार विकासका आयोजनाको १ प्रतिशत रकम वातावरण संरक्षण कोषमा योगदान पुग्ने गरी अनिवार्य कट्टा गरी आयोजनाहरुको डिजाइन स्टीमेट गर्ने नीति अवलम्बन गरिनेछ।

२८५. प्राकृतिक प्रकोपबाट अतिजोखिममा परेका नागरिकहरुलाई आवश्यक व्यवस्थापन गर्न पहल गरिनेछ।

**भू तथा जलाधार संरक्षण र जलउत्पन्न प्रकोप नियन्त्रण :**

२८६. तल्लोतटीय क्षेत्रमा खोलानालाले गर्ने क्षति न्यूनिकरण गर्न माथिल्लो तटीय क्षेत्रको वैज्ञानिक व्यवस्थापन गर्न पहल गरिनेछ।

२८७. नगरका सम्पूर्ण खोलानालाहरुमा हुने बाढी व्यवस्थापन र तटबन्धन गर्नका लागि बिभिन्न निकायहरुसंग समन्वय गर्दै गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ।

२८८. चुरे क्षेत्रको संरक्षणका लागि संघीय सरकार, प्रदेश सरकार तथा परियोजनाहरुसँग सहकार्य गरिनेछ।

२८९. भिरालो जग्गामा फलफूल तथा घाँस खेती गर्न प्रोत्साहित गर्ने कार्यक्रम संचालन गरिनेछ।

२९०. जलउत्पन्न प्रकोपबाट सुरक्षित हुन तटबन्धन कार्यक्रम, वृक्षारोपण कार्यक्रम, बायोइन्जिनियररिङ्ग जस्ता कार्यक्रमहरु सन्चालन गरिनेछ।

**टोल विकास संस्था तथा समूह प्रबर्द्धन :**

२९१. सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सबल बनाउन निर्वाचित जनप्रतिनिधि एवं टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ। सामाजिक परिचालनका माध्यमबाट गरिबी न्यूनीकरणका लागि कार्यक्रम संचालन गर्ने सरकारी एवं गैरसरकारी संस्थाहरुलाई टोल विकास संस्थाहरुसँग आवश्यक समन्वय गरी कार्यक्रम संचालन गर्न पहल गरिनेछ। टोल विकास संस्थालाई नगरको विकासमा सहभागी बनाउन र उनीहरुसँगको क्षमतालाई प्रयोग गरी नगरको समग्र विकासलाई गति प्रदान गर्नका लागि तालिम तथा क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। टोल विकास संस्थाहरुलाई समग्र कार्यसम्पादनका आधारमा पुरस्कृत गरिनेछ। नगरभित्र रहेका आमा समूह, युवा क्लव, किशोर–किशोरी समूह, अन्य समूह र संजालको रेकर्ड अद्यावधिक गरी टोलबस्तीको विकासमा सक्रिय बनाइनेछ। टोल विकास संस्था, आमा समूह, विभिन्न क्लबलगायतका सामुदायिक संस्थाहरुलाई सरसफाई अभियान, लागुऔषध नियन्त्रण, मदिरा नियन्त्रण, विकास निर्माण लगायतका सामाजिक क्रियाकलापहरुमा परिचालन गर्न समन्वय, सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ।

**गैरसरकारी संस्था तथा समन्वय :**

२९२. गैरसरकारी संस्थाहरुले सञ्चालन गर्ने सबै कार्यक्रमहरु नगरपालिकाको वार्षिक योजना किताबमा अनिवार्य रुपमा समावेश गरी नगरपालिकाको पूर्व स्वीकृती लिई नगरपालिकाले तोकेको वर्ग रक्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने प्रणालीको विकास गरिनेछ। गैरसरकारी संस्थालाई नगरपालिकाको विकास प्रक्रियामा सहयोगीको रुपमा योगदान गर्न सक्ने वातावरण निर्माण गर्ने र उनीहरुबाट पारदर्शी, उत्तरदायी सेवा प्रवाह गराउन निर्देशन गर्दै आवश्यक सहयोग पुर्‍याइनेछ।

२९३. नगरपालिका भित्र कार्यक्षेत्र रहेका गैरसरकारी संस्थाहरुको विवरण तयार गरी गैरसरकारी संस्थाहरुको परिचालन, नियमन, अनुगमन, मूल्याङ्कन, सहजीकरणलाई प्रभावकारी बनाईनेछ।

२९४. गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई दोहोरोपन हुन नदिन तथा आफुखुसी ढंगले सन्चालन हुने प्रवृत्तिमा रोक लगाउन बिशेष पहल गरिनेछ।

२९५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नमूना शहर रहेका नगरपालिकासँग भगिनी सम्बन्ध कायम गरी सहयोग तथा अनुभवको आदान–प्रदान गरिनेछ।

**स्वयम्सेवक सेवा :**

२९६. नगरको समग्र विकासमा सबै क्षेत्रर समुदायकै बराबर दायित्व रहेको हुन्छ। नगरपालिकाले अभियानको रुपमा अगाडी सारेको नगर सरसफाई, हरियाली प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण र लागुऔषध नियन्त्रण जस्ता कार्यक्रम केहि उदाहरण हुन्। स्वयंसेवी क्रियाकलाप सञ्चालन गर्न गैरसरकारी संघसंस्था, नागरिक समाज, निजी क्षेत्र सक्रिय रहेका हुन्छन्। स्वयंसेवाको महत्वलाई समाज, टोल र बस्तीस्तरमा स्थापित गरी स्वयंसेवाको दायरालाई सामाजिक जीवनका अन्य आयामहरुमा विस्तार गरी समुदायस्तरबाटै स्वयमंसेवी क्रियाकलापहरु अगाडी बढाउँन पहल गरिनेछ।

२९७. नगर प्रमुखको नेतृत्वमा स्वयंसेवक परिचालन रणनीति तय गरिनेछ। स्वयंसेवालाई व्यक्तिको जीवन पद्दतिको रुपमा विकास गर्न सबै विद्यालय तथा शिक्षण संस्थाहरुलाई आहवान गरी विद्यार्थीहरुमा स्वयंसेवी भावनाको विकास हुने प्रणालीको शुरुवात गरिनेछ। औपचारिक अध्ययनको अङ्ककै रुपमा स्वयंसेवालाई अङ्गिकार गर्ने प्रणालीको विकास गरिनेछ। भ्रष्टाचारको अन्त्य, लागुऔषध नियन्त्रण, सरसफाई तथा हरियाली प्रबर्द्धन, समाज सुधार, गुणस्तरीय शैक्षिक तथा स्वास्थ्य सेवा, प्रबिधि प्रशारण, उन्नत कृषि प्रणाली, उद्यम विकास, रोजगारी सिर्जना, आय आर्जन, राहात तथा उद्धार एबं पूर्बाधार निर्माण स्वयंसेवाका मुख्य क्षेत्रहरु हुनेछन्।

**योजना तर्जुमा, कार्यान्वयन, अनुगमन एवं तथ्याङ्क प्रणाली :**

२९८. नगरबासीहरुका विकासका आकांक्षालाई पूरा गर्न एवं समृद्ध भेरीगंगा, सुखी भेरीगंगाबासीको सपनालाई यथार्थतामा रुपान्तरणगर्न योजना प्रणालीको अहम् भूमिका रहने विषयलाई आत्मसात गर्दै समग्र योजना तर्जुमा प्रणालीलाई यथार्थपरक, व्यवहारिक, समुदायको अपनत्व रहने तथा गुणस्तरीय निर्माणलाई सुनिश्चितताका साथ अगाडी बढाउने साथै परियोजना (प्रोजेक्ट) बैंक निर्माण गरी ब्यबस्थित तवरले संचालन गरिनेछ। केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजना बीच तादाम्यता कायम गरीनगरको सर्वाङ्गीण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको "दीर्घकालिन योजना" निर्माण गरिनेछ।

२९९. उक्त योजनामा स्वास्थ्य, शिक्षा, विद्युत, खानेपानी, सिंचाई, सडक आदी भौतिक पूर्वाधार लगायत नगर क्षेत्रका सबै प्राथमिकताहरु समावेश गरिनेछ। नगरको समग्र विकासको खाका कोर्नका लागि नगर प्रमुख अध्यक्ष रहने गरी सात सदस्यीय "नगर योजना आयोग" को गठन गरिनेछ। Think Tankको रुपमा यस आयोगमा विषय विज्ञहरुको Roster समेत खडा गरिनेछ।

३००. योजनाको गुणस्तर तथा परिमाण, समय र लागतमा विशेष निगरानी दिइनेछ।

३०१. ठुला योजनाहरुलाई अनिवार्य रुपमा विद्युतीय टेण्डर प्रक्रियाद्वारा खुल्ला प्रतिष्पर्धात्मक विधिद्वारा मात्र सञ्चालन गरिनेछ।

३०२. योजना कार्यान्वयन पछि सार्वजनिक परीक्षण र जाँचपास तथा फरफारक भएपछि मात्र भुक्तानी दिइने नीतिलाई कडाईका साथ लागू गरिनेछ।

३०३. योजना कार्यान्वयनमा पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गर्न ठुला आयोजना अनुगमन कार्यमा तेश्रो पक्षको सहभागिता गराउन पहल गर्नुका साथै यस सम्बन्धि योजनाको सूचना नियमित रुपमा प्रकाशन र प्रशारण गरिनेछ।

३०४. योजना कार्यान्वयन हुनुअघि, कार्यान्वयन हुँदै गर्दा र सम्पन्न भएपश्चातको स्पष्ट तस्बीर प्रत्येक योजनाको फाइलमा अनिवार्य रुपमा राख्ने व्यवस्था गरिनेछ।

३०५. उपभोक्ता समिति गठनको प्रक्रिया पहिलो चौमासिक अवधिभित्र सम्पन्न गरी पहिलो चौमासिकमै आवश्यक तालिमको व्यवस्थापन गरिनेछ।

३०६. नगरमा संचालित योजनाहरुको भुक्तानी लिंदा उक्त योजनामा प्रयोग हुने नदीजन्य पदार्थको अनिवार्य विल राख्नुपर्ने व्यवस्था मिलाइनेछ।

३०७. नगरमा सन्चालित योजना कार्यान्वयन गर्दा टोल विकास संस्थालाई पहिलो प्राथमिकतामा राखेर काम गरिनेछ।

**सभाका सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम भेरीगंगा नगरपालिकालाई समृद्ध बनाउने मार्गदर्शक दस्तावेज हो। नगरलाई समृद्ध बनाउन सबै नगरबासीको आ–आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ। यो नीति तथा कार्यक्रम सरकारी, गैरसरकारी, निजी, सहकारी लगायत विकासका सबै साझेदार पक्षहरुको लागि मार्ग चित्र हो। कर्णाली प्रदेशकै प्रबेशद्वारमा अवस्थित यस नगरपालिकालाई विकासका दृष्टिकोणले नमूना बनाउन हामीहरु दत्तचित्त भएर लागेका छौं। नगरको विकास सबैको विकास हो। त्यसैले विकास निर्माणका काममा आ–आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउन र रचनात्मक सुझाव, सल्लाह दिन हामी नगरबासीलाई हार्दिक आग्रह गर्दछौं। हामीले नगरबासीबाट प्राप्त रचनात्मक सुझाव, सल्लाहलाई सँधै आत्मसाथ गर्नेछौं। विकास निर्माणका काममा हामी सबैको एउटै दृष्टिकोण हुनुपर्छ भन्ने कुरामा हामीहरु दृढ छौं।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सबैको समन्वय, सहयोग र सहकार्य अपरिहार्य छ। यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकायहरु, विभिन्न राजनीतिक दलहरु,विभिन्न संघ संगठनहरु, गैरसरकारी संस्थाहरु, निजी तथा सहकारी क्षेत्रलगायत सबैको समन्वय, सद्भाव, सहभागिता र सहयोग हुने नै छ भन्ने विश्वास व्यक्त गर्दै सम्मानित नगरसभामा उपस्थित सबैलाई धन्यबाद दिन चाहान्छु।

"धन्यबाद" नमस्कार !!

**यज्ञप्रसाद ढकाल**

नगर प्रमुख

**भेरीगंगा नगरपालिकाको नगरसभाको १९ औं अधिवेशनमा नगर उपप्रमुखको तर्फबाट श्री धनसरा बोहराज्यूले पेश गर्नुभई पारित भएको आ.व. २०८३/०८४ को बजेट, कार्यक्रम तथा आय-व्यय विवरण**

यस भेरीगंगा नगरपालिकाको नगरसभाको १९औं अधिवेशनका अध्यक्ष ज्यू लगायत सम्पूर्ण नगरसभाका सदस्यहरु र उपस्थित महानुभावहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु। राज्यशक्ति र श्रोत सिंहदरवारबाट जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहमा हस्तान्तरण गर्ने कार्य आफैमा अत्यन्तै चुनौतीपूर्ण कार्य हो। यस क्रममा आफ्नो ज्यानको आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

भेरीगंगा नगरपालिका कृषि, पर्यटन, प्राकृतिक सौन्दर्यता सबैमा भरिपूर्ण रहेको नगरपालिका हो। सुर्खेत जिल्लाको सदरमुकाम वीरेन्द्रनगर देखि करिब २८ किलोमिटर टाढा रहेको यो नगरपालिकाको चारैतर्फ वनजंगलले घेरिएको एउटा सुन्दर हरियाली भएको अत्यन्तै रमणिय स्थानको रुपमा अवस्थित यो स्थानमा बराहडाँडा, गिद्धेडाँडा, डुमकोटडाँडा, गंगामाला देउतीबज्यै, मुक्तेश्वर तथा शान्तेश्वर मन्दिर, भेरी नदी, चमेरे गुफा, रामजानकी शहिद पार्क जस्ता रमणीय स्थलहरु रहेकाछन्। कृषिको प्रचुर सम्भावना रहेको यस क्षेत्रमा आँप तथा लिची जस्ता फलफूलको पकेट क्षेत्रको रुममा स्थापित यहाँ विकासले तिव्र गति लिईरहेको सुन्दर नगरीको उपप्रमुखको हैसियतले यस नगरसभाको १९ औं अधिवेशन समक्ष नगर कार्यपालिकाबाट स्वीकृत वार्षिक कार्यक्रम तथा आय व्यय प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरिरहेकी छु।

प्रस्तुतकार्यक्रम तथा आयव्यय तर्जुमा गर्ने क्रममा नगर प्रमुख ज्यू, विभिन्न समितिका संयोजक ज्यूहरु, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु सबैले उत्तिकै सहयोग गर्नुभएको छ। वडा समितिको नेतृत्वमा छलफल अन्तरक्रिया, टोल तथा वडा भेला गरेर नगरवासीको संलग्नता र सहभागितामार्फत योजना र बजेट बनेको हुँदा निश्चय पनि नगरवासीको आवश्यकतालाई सम्बोधन गरेको छ भन्नेमा विश्वस्त छु।

प्रस्तुत कार्यक्रम तयार गर्दा यस नगरवासीको समृद्धि र उन्नतिलाई केन्द्रविन्दुमा राखिएको छ। भेरीगंगा अत्यन्तै सुन्दर ठाउँ हो। यसलाई हामीले मणिको रुपमा विकास गर्न सकिने प्रशस्तै सम्भावनाले युक्त ठाउँ हो। कृषि र पर्यटन यस नगरको विकासको आधारशिला हो। राजनैतिक रुपमा अत्यन्तै सचेत यहाँका नागरिकहरु यस नगरपालिकाको विकासका लागि उत्प्रेरकका रुपमा रहेकाछन् र यो नगरपालिकाको आर्थिक विकास उच्च महत्वकांक्षाका साथ अघि बढिरहेको छ।

आजको दिन यस नगरपालिकाको लागि विशेष महत्वपूर्ण दिनहो। यस नगरपालिकामा स्वास्थ्य र शिक्षाको गुणस्तरियताको आवश्यकता रहेको छ। नगरपालिकाको आफ्नै प्रशासनिक भवन बनाई सकिएकोछ। बाँकी वडा कार्यालयका भवनहरु बन्ने क्रममा छन्। नगरस्तरिय रंगशाला निर्माण पुरा गर्न सकिएको छैन। नगर क्षेत्रमा बसपार्क, फोहोर व्यवस्थापन केन्द्र, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिहरु र संरचनाहरु निर्माणाधिन छन्। साथै नगरपालिका क्षेत्रभित्र निर्माण भइरहेको राष्ट्रिय महत्वको भेरीवबई डाईभर्सन वहुउद्देश्यीय आयोजनाको निर्माणको कार्य समेत तिव्र गतिमै अघि बढीरहेको छ। यसको निर्माण कार्य सम्पन्न भएपश्चात भेरीगंगा नगरपालिकामा प्रशस्त अवसरका सम्भावनाहरु रहनेछन्।
नगरसभाका सदस्य ज्यूहरु, अब म आ.व.२०८३/०८४ का लागि नगरपालिकाको वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु।

## भेरीगंगा नगरपालिका सुर्खेतको विनियोजन ऐन, २०८३

भेरीगंगा नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यक्रमका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८३

नगरसभाबाट पारित मिति : २०८३/०३/०३

**प्रस्तावना :** भेरीगंगा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यक्रमका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम भेरीगंगा नगरपालिकाको नगरसभाको १९औँ अधिवेशनले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "भेरीगंगा नगरपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८३/०८४ का निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०८३/०८४ का निमित्त नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ९३,०७,४१,९५०। (अक्षेरुपी त्रियानब्बे करोड सात लाख एकचालिस हजार नौ सय पचास रुपैयाँ) मा नबढाई निर्दिष्ट गरिएबमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ का निमित्त भेरीगंगा नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक शीर्षक वा एक भन्दा बढि शीर्षकबाट अर्को एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउँन सकिनेछ। पूँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम सावाँ भुक्तानी र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिनेछैन। तर चालू तथा पूँजीगत खर्च वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनुपर्नेछ।

अनुसूची–१

(विनियोजन ऐनको दफा २ सँग सम्बन्धित)

# आय तथा व्ययको प्रक्षेपण

## आ.व. २०८३/०८४

| भेरीगंगा नगरपालिका, छिन्चु, सुर्खेत | |
|---|---|
| आ.व.२०८३।०८४ को बजेट प्राप्तीको अनुमानित आय बिबरण : | |
| मुख्य शीर्षक | आ.ब.२०८३।०८४ को बजेट अनुमान रु. |
| आयतर्फ : | |
| आन्तरिक राजश्वबाट प्राप्त : | |
| (क) आन्तरिक राजश्व नगरपालिकातर्फ | ५३३४९५९५ |
| (ख) आन्तरिक आम्दानी बिबिध (अ.ल्या.) | ९२१७९९५० |
| जम्मा रु : | १४५५२९५४५ |
| राजश्व बाँडफाँडबाट प्राप्त आय : | |
| (क) संघीय सरकार | १५८८३०००० |
| (ख) प्रदेश सरकार (सवारी साधन कर) | २३८४११४.६० |
| जम्मा रु : | १६१२१४११४.६० |
| अन्तरसरकारी बित्तिय हस्तान्तरणबाट प्राप्त आय | |
| (क) संघीय सरकारबाट प्राप्त | १३४७००००० |
| (ख) प्रदेश सरकारबाट प्राप्त | १८३९७००० |
| जम्मा रु : | १५३०९७००० |
| अन्य शीर्षकबाट प्राप्त आय : | |
| सशर्त अनुदान(संघीय) | ३२८५००००० |
| सशर्त अनुदान (प्रदेश) | २६७४८००० |
| समपुरक अनुदान (संघीय) | ३००००००० |
| समपुरक अनुदान (प्रदेश) | २०००००००० |
| बिशेष अनुदान (संघीय) | १८०००००० |
| बिशेष अनुदान (प्रदेश) | ५०००००० |
| अन्य आय : (बिभिन्न ठेक्काबाट बचत र राजश्व बृद्धिबाट) | ६९६५३२९०.४० |
| जम्मा रु : | ४७०९०१२९०.४० |
| कुल जम्मा रु : | ९३०७४१९५० |

| भेरीगंगा नगरपालिका छिन्चु, सुर्खेत | | | | | |
|---|---|---|---|---|---|
| २०८३।०३।०३ को नगरसभाबाट पारित आ.व.२०८३/०८४ का लागि आन्तरिक राजश्व अनुमान | | | | | |
| क्र. सं. | राजश्व संकेत नम्बर | विवरण | आ.व.२०८२।०८३ को आय अनुमान रु. | आ.व.२०८२।०८३ असार मसान्तसम्मको कुल आय रु. | आ.व.२०८३।०८४ को प्रस्तावित आय अनुमान रु. |
| १ | ११३१३ | सम्पत्ति कर | ३०२५०००.०० | १८९६३१९.२ | ३०२९७२१.१० |
| २ | ११३१४ | भुमिकर/मालपोत | १३३१००.०० | ९१२३७ | १८६३४०.०० |
| ३ | ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ७२६००००.०० | ७१५४२७२ | ७९८६०००.०० |
| ४ | ११३२१ | घरबहाल कर | २४२००००.०० | १६४९२८८.५ | ३०२५०००.०० |
| ५ | ११४७२ | विज्ञापन कर | ३३५५००.०० | ३३५५०० | ३६९०५०.०० |
| ६ | ११४७३ | मनोरन्जन कर | १५००००.०० | ६८००० | १६५०००.०० |
| ७ | १४२५३ | व्यबसाय रजिष्ट्रेशन तथा नवकिरण दस्तुर | ०.०० | २५९९७० | ३०५०००.०० |
| ८ | १४६११ | व्यवसाय कर | १५७३०००.०० | ७६१५६९.०८ | १८८७६००.०० |
| ९ | १४१७२ | खानी तथा रोयल्टी | १४२५६८४२.०० | ९७१७९९५ | १८५३३८९४.६० |
| १० | ११६९० | अन्य कर | ३१४६००.०० | ४१६८०० | ३६१७९०.०० |
| ११ | १४१५१ | सरकारी सम्पत्ति बहालबाट प्राप्त आय | १००००००.०० | २३४८८० | १८०००००.०० |
| १२ | ११४५१ | साना सवारी कर | ५००००.०० | ५६०० | ६५०००.०० |
| १३ | ११३२२ | बहाल बिटौरी शुल्क | ३३००००.०० | ८०६८४ | ३७९५००.०० |
| १४ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४८४०००.०० | ७९०८६० | ५८०८००.०० |
| १५ | १४२४२ | नक्सापास दस्तुर | १०५००००.०० | ६४५३५०.८४ | १२०७५००.०० |
| १६ | १४२४३ | सिफारिस दस्तुर | ४१८००००.०० | ३०६५५५३.५ | ४८०७०००.०० |
| १७ | १४२४४ | व्यक्तिगत घटना दस्तुर | ७८१०००.०० | ७२७८०५ | ८९८१५०.०० |
| १८ | १४२४५ | नाता प्रमाणित दस्तुर | २०००००.०० | १००५४० | २३००००.०० |
| १९ | १४२४१ | वन रोयल्टी | ३५००००.०० | ५००० | ३८५०००.०० |
| २० | १४२४६ | अन्य दस्तुर/राजश्व | १८१५०००.०० | ८७८८०२ | २०८७२५०.०० |
| २१ | १४२५३ | प्रशासनिक दण्ड जरीवाना तथा जफत | ८०००००.०० | ३५००० | ९२००००.०० |
| २२ | १५१११ | बेरुजु | ७५०००००.०० | २८४६५८ | ३५०००००.०० |
| २३ | | कवाडी कर | २०००००.०० | ४५२००० | ६४००००.०० |
| जम्मा रु. | | | ४८२०८०४२.०० | २९६५७६८३.८ | ५३३४९५९५.७० |

## अनुमानित ब्यय विवरण :

| भेरीगंगा नगरपालिका, छिन्चु, सुर्खेत | | |
|---|---|---|
| आ.ब. २०८३।०८४ का लागि मुख्य शीर्षक र अनुमानित बजेट | | |
| **क्र.सं.** | **शीर्षक** | **बजेट रकम रु.** |
| १ | भेरीगंगा नगरपालिका चालु खर्च | १५०००००००० |
| २ | नगरपालिका स्तरीय कार्यक्रम तथा योजना | २५५००००० |
| ३ | विषयगत समिति | ५५०००००० |
| ४ | वडागत बजेट | ११५००००००० |
| ५ | समपुरक कोष | ५००३४००० |
| ६ | कार्यपालिका योजना | ४०००००० |
| ७ | लक्षित वर्ग शसक्तिकरण कार्यक्रम | २०००००० |
| ८ | भूमि ब्यबस्थापन | २९५२८२२ |
| ९ | नगर विकास कोषको सावाँ ब्याज भुक्तानी | ४२००००० |
| १० | प्रदेश वित्तिय कोषमा जम्मा गर्नुपर्ने | ७६२७१७८ |
| ११ | उपप्रमुख स्वरोजगार कार्यक्रम | २५००००० |
| १२ | गरिवसंग नगर प्रमुख कार्यक्रम | २०००००० |
| १३ | भैपरी खर्च (चालु, पुँजिगत) | १५००००० |
| १४ | फोहरमैला प्रशोधनकेन्द्र | १०००००००० |
| १५ | डुमकोट दलित संग्रहालय | ५०००००० |
| १६ | सशर्त अनुदान(संघीय) | ३२८५००००० |
| १७ | सशर्त अनुदान (प्रदेश) | २६७४८००० |
| १८ | समपुरक अनुदान (संघीय) | ३०००००० |
| १९ | समपुरक अनुदान (प्रदेश) | २००००००० |
| २० | विशेष अनुदान (संघीय) | १८०००००० |
| २१ | विशेष अनुदान (प्रदेश) | ५०००००० |
| २२ | भुक्तानी दिन बाँकी दायित्व | ९२१७९९५० |
| | **कुल जम्मा रु.** | ९३०७४१९५० |

| आ.ब.०८३/०८४ चालु तथा पुंजिगत खर्च तर्फको प्रशासनिक बजेट विनियोजन विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| चालु खर्च संकेत | खर्च शीर्षक | न.पा. खर्च | राजश्व बाँडफाँड प्रदेश | राजश्व बाँडफाँड संघीय | आन्तरिक श्रोत | कुल जम्मा रु. |
| २१११ | पारिश्रमिक कर्मचारी | ४१,५००,००० | – | ४१,५००,००० | – | ४१,५००,००० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ११,७००,००० | – | – | ११,७००,००० | ११,७००,००० |
| २११२१ | पोशाक | १,४००,००० | – | १,४००,००० | – | १,४००,००० |
| २११२३ | जटिल रोगीहरुलाई मासिक रुपमा प्रदान गरिने उपचार खर्च | ८,९०४,००० | – | – | ८,९०४,००० | ८,९०४,००० |
| २११३२ | महंगी भत्ता | ८,४००,००० | – | ८,४००,००० | – | ८,४००,००० |
| २११३३ | फिल्ड भत्ता | ५००,००० | – | ५००,००० | – | ५००,००० |
| २११३४ | कर्मचारी बैठक भत्ता | ३००,००० | – | ३००,००० | – | ३००,००० |
| २११३५ | कर्मचारी प्रोत्साहन भत्ता | १,१००,००० | – | – | १,१००,००० | १,१००,००० |
| २११३९ | अन्य भत्ता | २५,००० | – | २५,००० | – | २५,००० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ३,०००,००० | – | – | ३,०००,००० | ३,०००,००० |
| २१२१४ | कर्मचारी कल्याण कोष | १,३००,००० | – | – | १,३००,००० | १,३००,००० |
| २२१११ | पानी तथा बिजुली | १,५००,००० | – | १,५००,००० | – | १,५००,००० |
| २२११२ | संचार महसुल | ८००,००० | – | ८००,००० | – | ८००,००० |
| २२२११ | इन्धन (पदाधिकारी) | १,०००,००० | – | – | १,०००,००० | १,०००,००० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ३,७००,००० | – | ३,७००,००० | – | ३,७००,००० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १,२००,००० | १,२००,००० | – | – | १,२००,००० |

| चालु खर्च संकेत | खर्च शीर्षक | न.पा. खर्च | राजश्व बाँडफाँड प्रदेश | राजश्व बाँडफाँड संघीय | आन्तरिक श्रोत | कुल जम्मा रु. |
|---|---|---|---|---|---|---|
| २२२१४ | विमा तथा नविकरण खर्च (पदाधिकारी, कर्मचारी, फोहरमैला व्यबस्थापनबाट प्रभावितहरुको स्वास्थ्य विमा) | १,८००,००० | – | १,८००,००० | – | १,८००,००० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५००,००० | – | ५००,००० | – | ५००,००० |
| २२२९१ | अन्य सम्पतिहरुको सञ्चालन तथा सम्भार खर्च | ३००,००० | – | ३००,००० | – | ३००,००० |
| २२३११ | मसलन्द तथा कार्यालय सम्बन्धी | ३०,००,००० | – | ३०,००,००० | – | ३०,००,००० |
| २२३१३ | पुस्तक तथा सामाग्री खर्च | ५००,००० | – | ५००,००० | – | ५००,००० |
| २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च | ३०,००,००० | – | ३०,००,००० | – | ३०,००,००० |
| २२३१४ | इन्धन अन्य प्रयोजन | ५००,००० | – | ५००,००० | – | ५००,००० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,०००,००० | – | १,०००,००० | – | १,०००,००० |
| २२४११ | सेवा र परामर्श | ४,०००,००० | – | ४,०००,००० | – | ४,०००,००० |
| २२४१२ | सुचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ९५०,००० | – | ९५०,००० | – | ९५०,००० |

| चालु खर्च संकेत | खर्च शीर्षक | न.पा. खर्च | राजश्व बाँडफाँड प्रदेश | राजश्व बाँडफाँड संघीय | आन्तरिक श्रोत | कुल जम्मा रु. |
|---|---|---|---|---|---|---|
| २२४१३ | **करार सेवा शुल्क** | २०,०००,००० | – | २०,०००,००० | – | २०,०००,००० |
| २२४१४ | सरसफाई सेवा शुल्क | १००,००० | – | १००,००० | – | १००,००० |
| २२५२२ | लेखा समिति व्यवस्थापन बैठक र खाजा कार्यक्रम खर्च | २००,००० | – | २००,००० | – | २००,००० |
| २२५२९ | **विबिद्य कार्यक्रम खर्च** (कामधेनु सुत्केरी भत्ता रु.४० लाख, छिन्चु महिला कृषि साना किसान स.स.लि.अनुदान लागत सहभागिता रु.५ लाख, किसान परिचय पत्र रु. ४ लाख र अन्य कार्यक्रम रु. २ लाख ५० हजार) | ५१,५०,००० | – | ५१,५०,००० | – | ५१,५०,००० |
| २२६११ | अनुगमन मुल्यांकन खर्च | १,८७१,००० | – | १,८७१,००० | – | १,८७१,००० |
| २२६१२ | भ्रमण खर्च | २,०००,००० | – | २,०००,००० | – | २,०००,००० |
| २२७११ | विविध खर्च | ४,५००,००० | – | ४,५००,००० | – | ४,५००,००० |
| २२७२१ | सभा सञ्चालन खर्च | १,०००,००० | – | – | १,०००,००० | १,०००,००० |
| २७१११ | सामाजिक सुरक्षा कोष | ५,१००,००० | | – | ५,१००,००० | ५,१००,००० |

| चालु खर्च संकेत | खर्च शीर्षक | न.पा. खर्च | राजश्व बाँडफाँड प्रदेश | राजश्व बाँडफाँड संघीय | आन्तरिक श्रोत | कुल जम्मा रु. |
|---|---|---|---|---|---|---|
| २७२१९ | अन्य सामाजिक सहायता (आर्थिक सहायता) | ४,२००,००० | | – | ४,२००,००० | ४,२००,००० |
| २८१४२ | घर भाडा | ७००,००० | – | ७००,००० | – | ७००,००० |
| २८१४३ | सवारी साधन तथा मेशिनरी औजार भाडा | ९००,००० | – | ९००,००० | – | ९००,००० |
| २८१४९ | अन्य भाडा | ४००,००० | – | ४००,००० | – | ४००,००० |
| | **जम्मा** | १४८,०००,००० | १,२००,००० | १०९,४९६,००० | ३७,३०४,००० | **१४८,०००,०००** |
| **पूँजिगत खर्च संकेत** | **खर्च शीर्षक** | **न.पा. खर्च** | **राजश्व बाँडफाँड प्रदेश** | **राजश्व बाँडफाँड संघीय** | **आन्तरिक श्रोत** | **कुल जम्मा रु.** |
| ३१११५ | फर्निचर तथा फिक्चर्स | १,५००,००० | – | १,५००,००० | – | १,५००,००० |
| ३११२२ | मेशिनरी तथा औजार (सचिवालय तथा सूचना प्रविधि शाखामा ल्यापटप, A3 प्रिन्टर र UPS खरिद) | ५००,००० | – | ५००,००० | – | ५००,००० |
| | जम्मा | २,०००,००० | – | २,०००,००० | – | २,०००,००० |
| | **कुल जम्मा रु.** | १५०,०००,००० | १,२००,००० | १११,४९६,००० | | १५०,०००,००० |

| नगर स्तरीय कार्यक्रम तथा योजना | | | |
|---|---|---|---|
| क.सं. | कार्यक्रम तथा योजनाहरु | ठेगाना | बजेट रु. |
| १ | न्यायिक समिति व्यवस्थापन | भेरीगंगा | ७००००० |
| २ | सहकारी प्रबर्द्धन | भेरीगंगा | २००००० |
| ३ | गरिबसंग विश्वेश्वर कार्यक्रम | भेरीगंगा | ५००००० |
| ४ | मानसिक स्वास्थ्य सहयोग | भेरीगंगा | २००००० |
| ५ | अपांगता पुनर्स्थापना केन्द्र सन्चालन तथा व्यवस्थापन | भेरीगंगा १२ | २००००० |
| ६ | मानव सेवा आश्रम सहयोग | वीरेन्द्रनगर | २००००० |
| ७ | सन्चार माध्यम परिचालन तथा सहयोग | भेरीगंगा | २००००० |
| ८ | बजार क्षेत्र सडक बृक्षारोपण | भेरीगंगा १२ | ३००००० |
| ९ | बजार तथा सार्बजनिक क्षेत्र सोलार तथा मर्मत | भेरीगंगा | ४००००० |
| १० | साझा भवन क्षेत्र हाटबजार ब्यबस्थापन | भेरीगंगा १२ | ३००००० |
| ११ | नगरपालिका स्थापना दिवस | भेरीगंगा | १००००० |
| १२ | लैंगिक हिंसा निवारण कोष | भेरीगंगा | ३००००० |
| १३ | मुख्य बजारमा सिसि क्यामरा जडान तथा मर्मत | भेरीगंगा | २००००० |
| १४ | ओसीएमसी कार्यक्रम | भेरीगंगा | ४००००० |
| १५ | लैससास परीक्षण तथा जिआरभि कोडिङ्ग | भेरीगंगा | १००००० |
| १६ | नेपाल रेडक्रस सोसाइटी आँखा अस्पताल छिन्चु सहयोग | भेरीगंगा १२ | २००००० |
| १७ | बालबिबाह न्यूनिकरण कार्यक्रम | भेरीगंगा | १००००० |
| १८ | ठुलोडाँडा सिमबास सडक नयाँ ट्र्याक निर्माण | भेरीगंगा १ | ३००००० |
| १९ | जनजागरण प्रावि तल्लो भर्याङ्ग अधुरो भवन निर्माण | भेरीगंगा १ | ५००००० |
| २० | जनआस्था प्रावि टाकुरी भवन प्लाष्टर तथा रंगरोगन | भेरीगंगा १ | ३००००० |
| २१ | सिसौघारी सुनकाउली सडक नयाँ ट्र्याक निर्माण | भेरीगंगा १ | ३००००० |
| २२ | हर्रे मनिरामकाँडा सडक निर्माण (हान्नेसिमल लेखपराजुल थर्मुसे खण्ड) | भेरीगंगा २,३,४ | २०००००० |
| २३ | निस्सी गालिल एजी चर्च मर्मत तथा घेरबार | भेरीगंगा २ | १५०००० |
| २४ | गोगनपानी दलवहादुर शाहीको घर नजिक सिंचाई ड्याम निर्माण | भेरीगंगा २ | २००००० |
| २५ | औलपराजुल सुनारीखोरिया सडक नयाँ ट्र्याक निर्माण | भेरीगंगा ३ | ३००००० |
| २६ | खोरिया सानोडुँगी सडक निर्माण | भेरीगंगा ३ | ४००००० |
| २७ | छिन्चु मुरलीखोला हर्रे सडक निर्माण (आवि मुरलीखोला खोरीया खण्ड) | भेरीगंगा ४ | ५००००० |
| २८ | हर्रे सालघारी खोरिया सडक (खोरिया खोला कल्भर्ट) | भेरीगंगा ४ | ९००००० |
| २९ | हात्तीसुँडे दमारगाँउ डिपबोरिङ्ग मोटरपाईप खरिद | भेरीगंगा ४ | ३००००० |
| ३० | दमारगाँउ घारीटोल डिपबोरिङ्ग निर्माण | भेरीगंगा ४ | ६००००० |
| ३१ | गिद्देडाँडा धार्मीक तथा पर्यटकीय क्षेत्र मर्मत तथा ब्यबस्थापन | भेरीगंगा ५ | ५००००० |
| ३२ | बबई हात्तीखाल मिलमिले खोला कल्भर्ट निर्माण | भेरीगंगा ५ | ६००००० |
| ३३ | ओइला खजुरा सडक निर्माण | भेरीगंगा ५ | २००००० |
| ३४ | घारीवन ठुलोजात्री सडक निर्माण | भेरीगंगा ६ | ९००००० |
| ३५ | मावि झिङ्नी डिपबोरिङ्ग निर्माण | भेरीगंगा ६ | ५००००० |
| ३६ | किच दुर्गा मन्दिर देखि शिव मन्दिर जाने सडक निर्माण | भेरीगंगा ६ | २००००० |
| ३७ | चिलढाले सडक निर्माण | भेरीगंगा ६ | ३००००० |
| ३८ | मूलपानी टोल सडक निर्माण | भेरीगंगा ७ | ४००००० |

| नगर स्तरीय कार्यक्रम तथा योजना | | | |
|---|---|---|---|
| क.सं. | कार्यक्रम तथा योजनाहरु | ठेगाना | बजेट रु. |
| ३९ | मूलपानी खानेपानी मर्मत | भेरीगंगा ७ | २००००० |
| ४० | नवज्योती टोल सिंचाइ ड्याम निर्माण | भेरीगंगा ७ | २००००० |
| ४१ | विजय टोल सडक निर्माण | भेरीगंगा ८ | ३००००० |
| ४२ | तल्लो भिड्नी खोला मुलपानी सिंचाइ कुलो निर्माण | भेरीगंगा ८ | ३००००० |
| ४३ | देउती खोला कर्णबहादुरको घर नजिक कल्भर्ट निर्माण | भेरीगंगा ८ | २००००० |
| ४४ | पुर्सिगे बाँध देखि देबकोटाको मिलसम्म सिंचाई नाला निर्माण | भेरीगंगा ८ | २००००० |
| ४५ | खाली देखि मन्धरे सार्कीको जग्गासम्म सडक निर्माण | भेरीगंगा ८ | ३००००० |
| ४६ | कुइरे माईभगवती मन्दिर घेरबार | भेरीगंगा ८ | १५०००० |
| ४७ | शन्त निरंकारी भवन मर्मत | भेरीगंगा ९ | २००००० |
| ४८ | विकासपुर टोल सिंचाइ मोटर पाइप खरिद | भेरीगंगा ९ | ३००००० |
| ४९ | नाच्ने खोला देखि गलातीको घरसम्म गोरेटो बाटो निर्माण | भेरीगंगा ९ | १५०००० |
| ५० | साझा सुन्दर टोलमा सिंचाइ ड्याम मर्मत | भेरीगंगा ९ | २००००० |
| ५१ | दुर्गा टोल सडक नाला र ग्राभल | भेरीगंगा ९ | ३००००० |
| ५२ | हरियाली टोल कृष्ण बि.क.को घर देखि भेरी हरियाली सडक ग्राभल | भेरीगंगा ९ | २००००० |
| ५३ | महतारा माइलाको घर देखि भेरी पुल सडक निर्माण | भेरीगंगा ९ | ५००००० |
| ५४ | जहरे प्रहरी चौकी अधुरो भवन निर्माण | भेरीगंगा ९ | ५००००० |
| ५५ | भेरी सुनचाँदी पसल नजिक सडक ग्राभल | भेरीगंगा ९ | १००००० |
| ५६ | गोलपार्क धामी बोहोराको घर नजिक डिपबोरिङ्ग निर्माण | भेरीगंगा ९ | ५००००० |
| ५७ | खग्लेल टोल कुवा निर्माण | भेरीगंगा ९ | १००००० |
| ५८ | रत्नराजमार्ग सोलार जडान | भेरीगंगा १० | ४००००० |
| ५९ | मदानीचौर नयाँ बस्ती लिफ्ट खानेपानी मर्मत | भेरीगंगा १० | २००००० |
| ६० | थानीचौर तालबारी कुलो मर्मत (साहुकान्छाको घर देखि ढालबहादुर थापाको घरसम्म) | भेरीगंगा १० | २००००० |
| ६१ | दिपा गिरीको घर देखि डिल्ली घर्तीको जग्गासम्म सडक निर्माण | भेरीगंगा १० | २००००० |
| ६२ | भुतचौर कुलो निर्माण | भेरीगंगा ११ | २००००० |
| ६३ | जयबहादुर बुढाथोकीको घर नजिक डिपबोरिङ्ग मर्मत | भेरीगंगा ११ | २००००० |
| ६४ | सेवाकेन्द्र चुनारा टोल डिपबोरिङ्ग निर्माण | भेरीगंगा ११ | ५००००० |
| ६५ | रानाचौर डिपबोरिङ्ग मर्मत तथा पाइप खरिद | भेरीगंगा ११ | ३००००० |
| ६६ | नगरपालिका चोक देखि इप्रका जाने सडक विस्तार | भेरीगंगा १२ | ५००००० |
| ६७ | यामबहादुर थापाको घरदेखि होप एकेडेमी जाने सडक निर्माण | भेरीगंगा १२ | ३००००० |
| ६८ | कृषि सिकाई केन्द्र निर्माण | भेरीगंगा १२ | २००००० |
| ६९ | मसिनाडाँडा लिफ्ट सिंचाई मर्मत | भेरीगंगा १२ | २००००० |
| ७० | पाखापानी टोल डिपबोरिङ्ग निर्माण | भेरीगंगा १३ | ५००००० |
| ७१ | गाइनाखोली पुरानोघाट सडक कलभर्ट निर्माण | भेरीगंगा १३ | ४००००० |
| ७२ | चौतारी मगर टोल सिंचाई पाईप खरिद | भेरीगंगा १३ | १५०००० |
| ७३ | डिपबोरिङ्ग मर्मत तथा सन्चालन (मैनतडा र मदानीचौर) | भेरीगंगा | ५००००० |
| ७४ | ट्राफिक कार्यालय भवन निर्माण | भेरीगंगा १२ | ५००००० |
| ७५ | ब्रम्हकुमारी बिश्वविद्यालय कार्यालय ब्यबस्थापन | भेरीगंगा १२ | १००००० |
| ७६ | बिबिध खर्च | भेरीगंगा | १००००० |
| | जम्मा रु. | | २५५००००० |

| आ.व. २०८३।०८४ का लागि आवश्यक पर्ने समपुरक कोष | | | |
|---|---|---|---|
| क.सं. | शीर्षक | रकम रु. | साझेदार संस्था |
| १ | बबई हात्तीखाल गेरुवानी घुइयाबारी सल्यान सडक स्तरोन्नती | ३०००००० | संघीय सरकार |
| २ | घारीबन ठुलाखाल सडक स्तरोन्नती | ६०००००० | प्रदेश सरकार |
| ३ | रामघाट बजार देखि समैजिघाट सडक स्तरोन्नती | १२०००००० | प्रदेश सरकार |
| ४ | नगरपालिका देखि वडा नं. १० को वडा कार्यालय जाने सडक निर्माण | १२०००००० | प्रदेश सरकार |
| ५ | खाद्य सुरक्षा तथा पोषण कार्यक्रम | ११८३००० | फियान नेपाल |
| ६ | लेखपराजुल खानेपानी निर्माण वडा नं. २ तथा अन्य | ५०००००० | सुन्दर नेपाल |
| ७ | खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रम | ५०००००० | सुस्वा परियोजना |
| ८ | विद्यालय दिवा खाजा कार्यक्रम भान्सा घर निर्माण | १०००००० | विश्व खाद्य कार्यक्रम |
| ९ | अपांगता भएका व्यक्तिका लागि साझेदारी कार्यक्रम | १५००००० | आइएनएफ, एचआरडिसी, करुणा फाउन्डेसन, अन्य |
| १० | शिखर मावि रामघाट भवन निर्माण बहुवर्षीय योजना | २०००००० | अम होङ गिल ह्युमन फाउन्डेशन |
| ११ | अन्य समपुरक | १३५१००० | |
| | जम्मा रु. | ५००३४००० | |

## विषयगत समितितर्फको बजेट

| बन, वातावरण तथा विपद् व्यवस्थापन | | | |
|---|---|---|---|
| क्र.स. | योजनाको नाम | रकम रु. | कै |
| १ | जाली खरिद | ६००००० | |
| २ | पाइप खरिद | ५००००० | |
| ३ | समिति व्यवस्थापन, दै.भ्र., तथा बैठक भत्ता | १००००० | |
| ४ | हावाहुरी, बाढी, पहिरो, आगलागी तथा विपद् सहयोग | ३००००० | |
| | जम्मा | १५००००० | |

## सार्बजनिक सेवा तथा क्षमता विकास समिति

| क्र.स. | बजेट शिर्षक | विनियोजित रकम रु. |
|---|---|---|
| १. | जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास तालिम | २,७५,००० |
| २. | बाँकी रहेका स्वास्थ्य चौकीमा ई हाजिरी र वडा कार्यालयमा सि सि क्यामरा जडान | १,५०,००० |
| ३. | अनुगमन तथा भ्रमण खर्च | २,००,००० |
| ४. | सार्वजनिक सुनुवाई (३ पटक नगरपालिका स्तरिय) | १,२५,००० |
| ५. | प्रशासन शाखामा ल्यापटप र १०नं वडा कार्यालयमा डेस्टप खरिद | १,३०,००० |
| ६. | प्रशासनिक खर्च | २०,००० |
| ७. | विविध खर्च | १,००,००० |

| विधेयक समिति | | | |
|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | रकम रु. | कैफियत |
| १ | समिति व्यवस्थापन तथा बैठक | १,५०,००० | |
| २ | बिबिध | ५०,००० | |
| | जम्मा रु. | २,००,००० | |

| पूर्वाधार समिति तर्फ | | | |
|---|---|---|---|
| क्रस | वडा | योजनाको नाम | रकम |
| १ | १ | धारापानी सिचाई ड्याम निर्माण (साझेदारी) | ५००००० |
| २ | ७ | वाडगेबारा सिचाई कुलो मर्मत | १३०००० |
| ३ | ९ | प्रभात प्रा.वि. ठूलोजात्री भवन निर्माण (साझेदारी) | ५००००० |
| ४ | १२ | जेसीज कार्यालय कम्पाउण्ड निर्माण | ५००००० |
| ५ | १ | डाँडापारी सिंचाई ड्याम (साझेदारी) | ५००००० |
| ६ | ३ | जनज्योति प्रा.वि. मर्मत | १५०००० |
| ७ | ५ | टुनिको रुखदेखि सिंचाईकुलोसम्म सडक ग्राभेल | १५०००० |
| ८ | १ | बसेरी सडक स्तरोन्नती | २००००० |
| ९ | ७ | पम्पसेट पाइप खरिद | ७०००० |
| १० | ११ | साघुरेटोल सिंचाई मोटरपाइप खरिद | १५०००० |
| ११ | १३ | आपघारी टोल भण्डारी बस्ती सडक ग्राभेल | १५०००० |
| | | | ३०००००० |

| भेरीगंगा नगरपालिका | | |
|---|---|---|
| न्यायिक समिति | | |
| क्र.सं. | कार्यक्रमको नाम | जम्मा बजेट रकम रु. |
| १ | ईजलास मर्मत, संभार र फर्निचर व्यवस्थापन खर्च | ८०००० |
| २ | न्यायिक समिति बैठक, अनुगमन, भ्रमण, ईन्धन तथा अन्य विविध खर्च | २००००० |
| ३ | वडा मेलमिलाप केन्द्र गठन तथा व्यवस्थापन खर्च | ७०००० |
| ४ | सूचिकृत मेलमिलापकर्ताहरुलाई पुनर्ताजकी तालिम | २००००० |
| ५ | न्यायिक समिति पदाधिकारी र कर्मचारी अन्तरपालिका अवलोकन भ्रमण खर्च | १५०००० |
| | जम्मा | ७००००० |

| गरिबसँग विश्वेश्वर कार्यक्रमको प्रस्तावित वार्षिक कार्यक्रम | | | | |
|---|---|---|---|---|
| क.स | कार्यक्रमको नाम | रकम रु. मा | कार्यक्षेत्र | कैफियत |
| १ | सिचाइ मोटर वितरण | ९५०००/ | वडा न १,२ र ३ | |
| २ | खानेपानी पाईप वितरण (विपन्न टोलमा) | ९५०००/ | वडा न ४, ५, १० र १२ | |
| ३ | धान वताउने पंखा वितरण (विपन्न टोलमा) | ९५०००/ | वडा न ६, ७, ८ र९ | |
| ४ | फलफुल विरुवा काट्ने र फल झिक्ने समाग्रीहरु वितरण (विपन्न टोलमा) | ९५०००/ | वडा न ११ र १३ | |
| ५ | विपन्न परिवारलाई अतिआवश्यक सहयोग सामाग्री वितरण | ८०,०००/ | नगरस्तर | |
| ६ | कार्यक्रम सञ्चालन, इन्धन, अनुगमन तथा विविध खर्च | ४००००/ | शाखा | |
| ७ | जम्मा | ५,००,०००/ | | |

| कार्यपालिका योजना तर्फ | | | |
|---|---|---|---|
| क्रस | वडा | योजनाको नाम | रकम रु. |
| १ | ६ | पोलिथिन पाइप खरिद | ५००००० |
| २ | ७ | कैनपानी सडक निर्माण | ५००००० |
| ३ | २ | टोप रोकाको घर हुँदै बिचगाउँसम्म कृषि सडक | २५०००० |
| ४ | २ | खोचेखोला कृषि सडक | २००००० |
| ५ | २ | बेथानी चर्च कालपानी सामाग्री खरिद | ५०००० |
| ६ | ३ | माई भगवती मन्दीर निर्माण सानोडाँगी | ५०००० |
| ७ | १२ | भेरीगंगा जेसीज तालिम हल र स्टेज निर्माण | १२५००० |
| ८ | ३ | अमलडाँडा सुनारीखोरीया पाइप खरिद | २५०००० |
| ९ | ३ | कुरीले टोल सिचाइ पाइप खरिद | ७५००० |
| १० | ८ | लामीतडा सतह सिचाइ कुलो मर्मत | ५००००० |
| ११ | ९ | ब्यूटीसिइन तालिम ९ नम्बर | ३००००० |
| १२ | ९ | नाच्नेखोला आल भेरीकिनारा हुँदै जहरे पुल जोड्ने सडक सडक ग्राभेल ९ नम्बर | २००००० |
| १३ | १० | सिसौघारी झिंगेनारा कल्वर्टमा तटबन्धन | २००००० |
| १४ | १० | दुर्गाटोलदेखि हरियाली दमारटोल जाने बाटोमा पक्की नाली निर्माण | २००००० |
| १५ | १० | नवविहानीमा सिचाई कुलो मर्मत | १००००० |
| १६ | १३ | खोलिगाउँ अमीलाचौर सिचाई ट्यांकीसम्म पाइप खरिद भेरीगंगा १३ | १००००० |
| १७ | ११ | हिमालटोल चोकदेखि विष्णु आचार्यको घरसम्म सडक निर्माण | १००००० |
| १८ | ११ | भीमपुर टोलमा पोलिथिन पाइप खरिद | २००००० |
| १९ | ११ | चिप्लेप्रहरी चौकीदेखि गोठेरी जोड्ने सडक ग्राभेल | १००००० |
| | | | ४०००००० |

| लक्षित बर्ग शसक्तिकरण कार्यक्रम | | |
|---|---|---|
| क.सं. | शीर्षक | बजेट रकम रु. |
| १ | दलित शसक्तिकरण कार्यक्रम | १२००००० |
| २ | महिला शसक्तिकरण कार्यक्रम | १००००० |
| ३ | अपांगता शसक्तिकरण कार्यक्रम | १००००० |
| ४ | एकलमहिला शसक्तिकरण कार्यक्रम | १००००० |
| ५ | बालबालिका शसक्तिकरण कार्यक्रम | १००००० |
| ६ | जेष्ठ नागरिक शसक्तिकरण कार्यक्रम | १००००० |
| ७ | युवा शसक्तिकरण सकारात्मक सोच कार्यक्रम | १००००० |
| ८ | आदीबासी जनजाती महासंघ सुर्खेत | १००००० |
| ९ | लोपोन्मुख राजी जाति शसक्तिकरण कार्यक्रम | १००००० |
| | जम्मा रु. | २०००००० |

## उप-प्रमुख स्वरोजगार कार्यक्रमतर्फ (संघीय विषेश अनुदान समेत) :

### १. पशुपन्छी विकास शाखातर्फ

| क.स. | कार्यक्रमहरु | जम्मा बजेट रु | नगरपालिकाको सहकार्य रकम प्रतिशतमा | किसान/फर्मले सहकार्य गर्ने रकम प्रतिशतमा |
|---|---|---|---|---|
| १ | गाई/भैसीको भकारो निर्माण सुधार कार्यक्रम | १५,००,०००/- | ५० प्रतिशत सहकार्य | ५० प्रतिशत सहकार्य |
| २ | बाख्राको खोर निर्माण सुधार कार्यक्रम | २०,००,०००/- | ५० प्रतिशत सहकार्य | ५० प्रतिशत सहकार्य |
| ३ | ईलेक्ट्रिकल चारा मेसिन बितरण कार्यक्रम | ५,००,००० /- | ५० प्रतिशत सहकार्य | ५० प्रतिशत सहकार्य |
| ४ | सादा चारा मेसिन बितरण कार्यक्रम | १०,००,०००/- | ५० प्रतिशत सहकार्य | ५० प्रतिशत सहकार्य |
| ५ | मासु पसल सुधार तथा सामाग्रि खरिद कार्यक्रम | ५,००,००० /- | ५० प्रतिशत सहकार्य | ५० प्रतिशत सहकार्य |
| ६ | नापतौल सामाग्री वितरण | ५,००,०००/- | ५० प्रतिशत सहकार्य | ५० प्रतिशत सहकार्य |
| | जम्मा रु | ६०,००,०००/- | | |

## २. कृषि विकास शाखा तर्फको कार्यक्रम

| क्र. स. | कार्यक्रमहरु | जम्मा बजेट रु | नगरपालिकाको सहकार्य रकम प्रतिशतमा | किसान/ फर्मले सहकार्य गर्ने रकम प्रतिशतमा |
|---|---|---|---|---|
| १ | फलफुल बिरुवा बितरण तथा व्यवस्थापन कार्यक्रम | ७,००,००० /- | ५० प्रतिशत सहकार्य | ५० प्रतिशत सहकार्य |
| २ | जलवायु मैत्री साना सिचाई कार्यक्रम | ३०,००,००० /- | ५० प्रतिशत सहकार्य | ५० प्रतिशत सहकार्य |
| ३ | जैविक विविधता संरक्षणका लागि मौरी पालन प्रवर्द्धन कार्यक्रम | ८,००,०००/- | ५० प्रतिशत सहकार्य | ५० प्रतिशत सहकार्य |
| ४ | महिला मैत्री कृषि यान्त्रीकरण (मिनिटिलर, मकै छोडाउने मेसिन, धूलो उडाउने मेसिन) | ७०,००,०००/- | ५० प्रतिशत सहकार्य | ५० प्रतिशत सहकार्य |
| | जम्मा बजेट रकम रु | १,१५,००,०००/- | | |

## ३. उद्योग विकास तथा सहकारी शाखा तर्फको कार्यक्रम

| क्र.स | कार्यक्रमहरु | जम्मा बजेट रु | नगरपालिकाको सहकार्य रकम प्रतिशतमा | किसान/ फर्मले सहकार्य गर्ने रकम प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| २ | होमस्टे व्यवस्थापन कार्यक्रम | ५,००,०००/- | सत प्रतिशत | | |
| | जम्मा रु | ५,००,०००/- | | | |

## ४. वित्तिय समानिकरणको विनियोजित रकम रु.२५,००,०००।(पच्चीस लाख मात्र) तर्फः

| क्र.स | कार्यक्रमहरु | जम्मा बजेट रु | नगरपालिकाको सहकार्य रकम प्रतिशतमा | किसान/ फर्मले सहकार्य गर्ने रकम प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | उद्योग अनुदान सहयोग कार्यक्रम | २०,००,०००/- | ७० प्रतिशत | ३० प्रतिशत | |
| २ | बैठक अनुगमन तथा विविध | ५,००,०००/- | | | |
| | जम्मा रु | २५,००,०००/- | | | |

| गरिबसँग नगर प्रमुख कार्यक्रम २०८३।०८४ | | |
|---|---|---|
| क्र.सं. | क्रियाकलापहरु | बजेट रकम रु. |
| १ | ब्यबसायिक अनुदान | ५००००० |
| २ | आवास तथा पूर्बाधार सहयोग | १०००००० |
| ३ | पोषण तथा उपचार सहयोग | १००००० |
| ४ | आपतकालिन राहात तथा उद्धार सहयोग | १००००० |
| ५ | छात्रबृत्ति बितरण | २००००० |
| ६ | लक्षित बर्ग निशुल्क स्वास्थ्य विमा | ५०००० |
| ७ | कार्यक्रम सन्चालन खर्च | ५०००० |
| | . | २०००००० |

## सामाजिक विकास समितितर्फका बजेट तथा कार्यक्रमहरु

### आ.व. २०८३।०८४ का लागि शिक्षा युवा तथा खेलकूद शाखाको कार्यक्रम (समान्यिकरण)

| क्र सं | कार्यक्रम।क्रियाकलाप | लक्ष्य | दर | वार्षिक वजेट रु. |
|---|---|---|---|---|
| १ | प्रारम्भिक वाल विकासतथा शिक्षा | | | |
| १.१ | ७ वटा नगर कोटा प्रारम्भिक वालविकास शिक्षा कक्षा सञ्चालन पारिश्रमिक १७५००का दरले र पोशाक ७०००का दरले व्यवस्थापन | ७ | २२८००० | १६४१५०० |
| १.२ | वालविकास केन्द्रको सहजकर्ताहरुको वैठक | ५७ | | १००००० |
| १.३ | प्रारम्भिक बालविकासका सहयोगी कार्यकर्ताका लागि थप ७०००। पारिश्रमिक | ५० | ९१००० | ४५५०००० |
| २ | आधारभूत तथा माध्यमिकशिक्षा | | | |
| २.१ | स्वयंसेवक शिक्षकपारिश्रमिक -प्राथमिक तह १७००० का दरले र पोशाक ७०००का दरले व्यवस्थापन | २७ | २२८००० | ६१५६००० |
| २.२ | स्वयंसेवक शिक्षक पारिश्रमिक -निम्नमाध्यमिक तह २०००० का दरलेर पोशाक खर्च ७०००का दरले व्यवस्थापन | १८ | २६७००० | ४८०६००० |
| २.३ | स्वयंसेवक शिक्षक पारिश्रमिक माध्यमिक तह २७००० र पोशाक ७००० का दरले व्यवस्थापन | १० | ३५८००० | ३५८०००० |
| ३. | प्राथमिक / निम्नमाध्यमिक / माध्यमिकतहमा कार्यरत विद्यालय कर्मचारीलाई थप पारिश्रमिक | ६७ | ९१००० | ६०९७००० |
| ४ | पाठ्यक्रम पाठ्य सामग्री र मुल्यांङ्कन | | | |
| ४.१ | सह तथा अतिरिक्त कार्यकलाप अन्तरगत निवन्ध प्रतियोगिताका , चित्रकला प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता | ३ | | २००००० |
| ४.२ | प्रारम्भिक कक्षाको पढाइ मेला एक केन्द्र | १ | १५०००० | १५०००० |
| ४.३ | स्थानीय पाठ्यक्रमको परिमार्जन र स्थानीय पाठ्यपुस्तक निर्माण एवं विकास | १ | | १८०००० |
| ४.४ | शैक्षिक सुशासन प्रवर्धनका लागि सयुंक्त अनुगमन | १ | | २५०००० |
| ४.५ | कक्षा ८ उत्तरपुस्तिका, प्रश्नपत्र र ग्रैडसीट छपाई र विविध | १ | | ३१५००० |
| ४.६ | आधारभूत शिक्षा परीक्षा समितिको बैठक खर्च | ५ | २०००० | १००००० |
| ४.७ | कक्षा ८ को प्रश्नपत्र निर्माण कार्यशाला र मोडरेशन | १ | | ८०००० |
| ४.८ | कक्षा ८ को उत्तरपुस्तिका परीक्षण पारिश्रमिक र अंक इन्ट्रि पारिश्रमिक समेत | १ | | २५०००० |
| ५ | शिक्षक विकास र व्यवस्थापन | | | |
| ५.१ | प्रधानाध्यापक नियमित वैठक एवं आवश्यकता अनुसार सका कर्मचारी एवं विषयगत शिक्षक वैठक | १० | ४५००० | ४५०००० |

| क्र सं | कार्यक्रम।क्रियाकलाप | लक्ष्य | दर | वार्षिक वजेट रु. |
|---|---|---|---|---|
| ५.२ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन (IEMIS) सम्बन्धी तालिम र सास लेखासम्वन्धी तालिम | १ | | २७५००० |
| ५.३ | नगर शिक्षा समितिका पदाधिकारीहरु सहितको शैक्षिक भ्रमण | १ | | १५०००० |
| ६ | पूर्वाधार तथा भौतिक संरचना विकास | | | |
| ६.१ | सामुदायिक विद्यलय मर्मत सम्भार | ५ | ७०००० | ३५०००० |
| ७ | संस्थागत संरचना र क्षमता विकास | | | |
| ७.१ | विभिन्न समितिहरुको वैठक भत्ता (नगर शिक्षा समिति, दरवन्दी मिलान, कार्यदल, विषयगत समिति) | आवश्यकता अनुसार | | ३७५००० |
| ७.२ | विभिन्न समितिहरुकोवैठक बस्दाको खाजा खर्च | आवश्यकता अनुसार | | ८०००० |
| ७.३ | विद्यालय भर्ना अभियानतथा विभिन्न दिवसहरु मनाउनका लागि व्यवस्थापन खर्च | आवश्यकता अनुसार | | ८०००० |
| ७.४ | नगर स्तरीय गणित विषयको तालिम आवि र मावि | २५ | | १६०००० |
| ७.५ | शैक्षिक क्यालेन्डर निर्माण तयारी र प्रकाशन | १ | | १००००० |
| ७.६ | शैक्षिक झलक तयार, निर्माण र प्रकाशन | १ | | १६०००० |
| ८. | शाखा सञ्चालन तथा व्यवस्थापन | | | |
| ८.२ | कार्यालय सञ्चालन र व्यवस्थापन खर्च | १ | | ६०००० |
| ८.३ | सवारी साधन मर्मत | २ | | ४५००० |
| ८.४ | भैपरी खर्च, विविध र संचार खर्च, | १ | | ६०००० |
| ८.५ | शिक्षा युवा खेलकूद शाखाको ल्यापटप, कम्प्यूटर प्रिन्टर मर्मत र कार्टेज खरिट | १ | | १५०००० |
| ८.६ | जीवनपर्यन्त तथा निरन्तर शिक्षा | | | |
| ८.७ | सामुदायिक सिकाइ केन्द्र परिचालिका र स्रोतकक्षा आयाको थप पारिश्रमिक | ५ | ९१००० | ४५५००० |
| ८.८ | प्रावि तहमा सूचना प्रविधि सम्वन्धी ल्यापटप र प्रिन्टर सहितको एक सेट | ५ | | ४७५००० |
| ९. | अनुगमन र मुल्याङ्कन | | | |
| ९.१ | भ्रमण अनुगमन, विद्यालय सुपरीवेक्षण र शिक्षकलाई पेसागत सहयोग | १ | | २५०००० |

| क्र सं | कार्यक्रम।क्रियाकलाप | लक्ष्य | दर | वार्षिक वजेट रु. |
|---|---|---|---|---|
| ९.२ | कक्षा ८, एस इ इ र कक्षा १२ परीक्षाएवं वार्षिक परीक्षा अनुगमन एवं आवेदन फाराम छपाइ | १ | | २४५००० |
| ९.३ | वार्षिक परीक्षा विश्लेषण कार्यशाला | | | १२५००० |
| ९.४ | कक्षा ८ को परीक्षाँमा विद्यालयगत रुपमा कम्तिमा २० जना वालवालिकालाई परीक्षाँमा सम्मिलित गराई सामुदायिक र संस्थागत तर्फ प्रथम स्थान प्राप्त गर्ने विद्यालयलाई पुरस्कार र प्रमाणपत्र | २ | | २५००० |
| ९.५ | कक्षा ८ को परीक्षामा प्रथम द्वितीय र तृतीय स्थान प्राप्त गर्ने वालवालिकालाई क्रमस ५०००, ३०००,२००० रकम पुरस्कार र प्रमाण पत्र वितरण | ३ | | १५००० |
| ९.६ | कक्षा ८ को सवै विषयको ग्रेडवृद्धि परीक्षा संचालन र व्यवस्थापन एवं प्रमाणिकरण | सवै विषयको | | ४५०००० |
| ९.७ | प्रश्नपत्र निमार्ण कार्यशाला /मागमा आधारित सूचना प्रविधि तालिम | | | २३६००० |
| १०. | क्षमता विकास र संस्थागत सुधार | | | |
| १०.१ | विद्यालय तहमा नेपाल स्काउट र रेडक्रसका कार्यक्रम संचालन | १ | | १००००० |
| १०.२ | वृत्ति माग कक्षा ९ र १० संचालन सहयोग एवं व्यवस्थापन | | | १३०००० |
| १०.३ | वहुकक्षा वहुस्तर कार्यक्रम संचालन भएका विद्यालयलाई शैक्षिक सामग्री निर्माण सहयोग अनुदान प्रतिविद्यालय पैतिस हजारका दरले अनुदान तथा कार्यशाला संचालन दुई लाख | १० विद्यालय | | ५००००० |
| १०.४ | असहाय गरीव एवंजेहन्दार वालवालिकाहरुका लागि पोशाक र शैक्षिक सामग्री वितरण कार्यक्रम | | | १००००० |
| १०.५ | प्राविधिक तथा व्यावसायिक शिक्षा सीपर तालिम साझेदारीमा संचालन | | | २२३५०० |
| | जम्मा | | | ३४२८०००० |
| ११. | खेलकुद विकास | | | |
| ११.१ | मेयर कप प्रतियोगिता सञ्चालन | १ | | ६२५००० |
| १२.२ | नगर खेलकुद विकास समितिको बैठक र खाजा खर्च | २ | | ६०००० |
| १३.३ | पालिका /जिल्ला/प्रदेश प्रतियोगित संचालन सहयोग | १ | | १२५००० |
| १४.४ | विभिन्न खेलमा राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरमा उत्कृष्टता हासिल गर्नेलाई प्रोत्साहन | | | ६०००० |
| १५.५ | खेलकुद प्रर्वधनात्मक कार्यक्रम | १ | | १५०००० |
| १६.६ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन | १ | २००००० | ३००००० |
| | जम्मा रु | | | १३२०००० |
| | कुल जम्मा रु | | | ३५६००००० |

## नगर स्वास्थ्य शाखातर्फ

| स्वास्थ्य शाखा तर्फ | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भेरीगंगानगरपालिकाको आ.ब २०८३।०८४ को स्वास्थ्य तर्फको निशर्त समानिकरण बजेटकोप्रस्ताबित बार्षिक कार्यक्रम (बजेट हजारमा) | | | | | | | | | | | | | | |
| | कार्यक्रम तथा | ईकाई | बार्षिक लक्ष | | | प्रथम चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | |
| सि.न | क्रियाकलाप | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट |
| १ | औषधि तथा सर्जिकलसामग्री खरिद | बार्षिक | १ | ० | ३००० | १ | ० | ३००० | ० | ० | ० | ० | ० | ० |
| २ | भ्याक्सिन तथा औषधिढुवानी | बार्षिक | ३ | ० | १२० | १ | ० | ४० | १ | ० | ४० | १ | ० | ४० |
| ३ | मासिक संस्था स्तरियबैठक | बार्षिक | १२ | ० | ३६० | ४ | ० | १२० | ४ | ० | १२० | ४ | ० | १२० |
| ४ | म.स्वा.से बिदाई तथासम्मान | बार्षिक | १ | ० | १०० | ० | ० | ० | १ | ० | १०० | ० | ० | ० |
| ५ | नाईट ड्युटि खाजा खर्चवर्थिङ सेन्टरमा | बार्षिक | १२ | ० | २७५ | ० | ० | ० | ० | ० | ० | १२ | ० | २७५ |
| ६ | बाह्य खोप तथा गाँघरक्लिनिक सन्चालन | बार्षिक | १२ | ० | १०० | ० | ० | ० | ० | ० | ० | १२ | ० | १०० |
| ७ | भैपरी तथा विविध | बार्षिक | १ | ० | ४५ | ० | ० | ० | ० | ० | ० | १ | ० | ४५ |
| जम्मा | | | | | ४००० | | | ३१६० | | | २६० | | | ५८० |

| भेरीगंगा नगरपालिका आ.व.०८३/८४ को आयुर्वेद सेवा कार्यक्रम (समानीकरण अनुदान) बजेटको वार्षिक कार्यक्रम | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शिर्षक | इकाई | लक्ष्य | आ.व.०८३/८४ मा विनियोजन बजेट | | | | कैफियत |
| | | | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा | |
| १ | आयुर्वेद औषधी खरिद | | पटक | २ | ० | ५५० | ० | ५५० | |
| २ | गृहणी महिलाहरुको लागि भान्सा सुधार सम्वन्धी अभिमुखीकरण | | पटक | १ | ० | ० | ५० | ५० | |
| ३ | राष्ट्रिय/अर्न्तराष्ट्रिय योग दिवस र राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती | | पटक | ३ | १० | १५ | १५ | ४० | |
| ४ | चुर्ण औषधी निर्माण कार्यक्रम | | पटक | १ | ० | ५० | ५० | १०० | |
| ५ | जेष्ठ नागरिक स्वास्थ्य प्रर्वधन सेवा कार्यक्रम | | पटक | १ | १०० | ० | ० | १०० | |
| ६ | नागरिक आरोग्य सेवा क्लिनिक सञ्चालन | | स्थान | १ | १५० | ५० | १०० | ३०० | |
| ७ | नागरिक आरोग्य कार्यक्रम | | पटक | | ७० | ० | ३० | १०० | |
| ८ | मेडिकल उपकरणजन्य तथा स्वास्थ्य सुरक्षा सामाग्री खरिद | | संख्या | १ | ० | ० | ३० | ३० | |
| ९ | निःशुल्क आयुर्वेद चिकित्सा शिविर | | पटक | १ | ० | १८० | ० | १८० | |
| | जम्मा | | | | ३३० | ८४५ | २७५ | १४५० | |

## महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण शाखा

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | बार्षिक बजेट | | |
|---|---|---|---|---|
| | | एकाई | परिमाण | बजेट रु.हजारमा |
| १ | सकरात्मक सोच तथा मनोसामाजिक सुस्वास्थ्य सम्वन्धि सचेतना कार्यक्रम २ दिने नगरस्तर (कर्मचारी/जनप्रतिनिधी) | पटक | १ | १४० |
| २ | लैङ्गिक हिंसा तथा दुर्व्यवहार सम्वन्धी सचेतनामुलक कार्यक्रम २ दिने नगरस्तर (महिला, पुरुष) | पटक | १ | १३० |
| ३ | महिलाहरुको नेतृत्व विकास तालिम २ दिने नगरस्तर (राजी, बादी, दलित, जनजाती महिला लगायत) | पटक | १ | १३० |
| ४ | बाल विकास,बाल शिक्षा, बालमनोविज्ञान सम्वन्धी अभिमुखीकरण २ दिने कार्यक्रम (बाल विकास सहजकर्ता/अभिभावक) | पटक | १ | १२५ |
| ५ | किशोर किशोरीहरुका लागी प्रजनन स्वास्थ्य तथा लैङ्गिक हिंसा सम्वन्धि सचेतना कार्यक्रम १ दिने नगरस्तर | पटक | १ | ७० |
| ६ | नगर युवा परिषद् गठन | पटक | १ | ७० |
| ७ | बाल कोष | पटक | १ | ६० |
| ८ | वडा स्तर बाल क्लव गठन | वडा | १३ | १३० |
| ९ | लैङ्गिक संवेदनशिलता सम्वन्धी अभिमुखीकरण कार्यक्रम १ दिने नगरस्तर (महिला शिक्षक/कर्मचारी) | पटक | १ | ८० |
| १० | अंपागता समन्वय समितिको बैठक संचालन | पटक | ४ | १८० |
| ११ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान | पटक | १ | १३५ |
| १२ | अन्तर्राष्ट्रिय महिला दिवस संचालन | पटक | १ | ५५ |
| १३ | राष्ट्रिय/अन्तर्राष्ट्रिय बाल दिवस | पटक | २ | ७० |
| १४ | राष्ट्रिय/अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस | पटक | २ | ६० |
| १५ | सामाजिक विकास समितिको बैठक संचालन | पटक | ३ | ४५ |
| १६ | सूचना तथा संचार | महिना | १२ | २० |
| १७ | कार्यालय व्यवस्थापन तथा विविध | | | १०० |
| १८ | दै.भ्र.भ.तथा अनुगमन | महिना | १२ | १०० |
| | जम्मा | | | १७००।- |

## आर्थिक विकास समितितर्फका बजेट तथा कार्यक्रम

## पशुपंक्षि विकास शाखातर्फ

### आर्थिक विकास समिति

| क्र.सं. | विषयगत शाखाको नाम | यस आ.मा विनियोजित रकम रु.व. | कैफियत |
|---|---|---|---|
| १. | पशुपंक्षी विकास शाखा | २८,००,०००।(अट्ठाईस लाख मात्र) | |
| २. | कृषि विकास शाखा | १३,००,०००।(तेह्रलाख मात्र) | |
| ३. | उद्योग विकास तथा सहकारी शाखा | १३,००,०००।(तेह्रलाख मात्र) | |
| ४. | रोजगार सेवा केन्द्र | ६,००,०००।(छलाख मात्र) | |
| | जम्मा रकम रु. | ६०,००,०००।(साठीलाख मात्र) | |

## १. पशु विकास

| चालु तर्फ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमको विवरण | इकाई | बजेट रु हजारमा | कैफियत |
| १ | **पशु स्वास्थ्य कार्यक्रम** | | | |
| | मेडिकलउपचार सेवा | पटक | १००० | |
| | महामारी तथा अन्य रोग नियन्त्रण कार्यक्रम | पटक | २०० | |
| २ | **जुनोटिक तथा महामारीजन्य रोग नियन्त्रण कार्यक्रम** | | | |
| | विविध भेटेरिनरी दिवस | पटक | ५० | |
| ३ | **कार्यालय व्यवस्थापन तथा विविध** | | | |
| | कार्यालय मर्मत तथा व्यवस्थापन | पटक | ८० | |
| | सवारी मर्मत | पटक | ५० | |
| | अनुगमन, भ्रमण, मुल्याङ्कन खर्च | पटक | १५० | |
| | बैठक सञ्चालन खर्च | पटक | ५० | |
| | विविध खर्च | पटक | ८० | |
| | रेडियो कार्यक्रम तथा पत्रपत्रिका खर्च | पटक | ५० | |
| ४ | **कृत्रिम गर्भाधान मिसन कार्यक्रम** | | | |
| | नश्लसुधार तथा तरल नाइट्रोजन, सिमेन, र अन्य सामाग्री खरिद | पटक | ७० | |
| ५ | **विविध रोग निदान कार्यक्रम** | सङ्ख्या | १२० | |
| ६ | **पशु पोषण सुधार कार्यक्रम** | | | |
| | ५०अनुदानमा हिँउदे तथा बर्षे घाँसको बीउ%, बेर्ना र सेट्स वितरण कार्यक्रम | पटक | ५०० | |
| **पुँजिगत तर्फ** | | | | |
| क्र.सं. | कार्यक्रमको विवरण | इकाई | बजेट रु हजारमा | कैफियत |
| १ | मोटरसाइकल खरिद | पटक | ४०० | |
| **कूल जम्मा** | | | | |

## २. कृषि विकास

| क्र.स. | कार्यक्रम शिर्षक | अनुमानित बजेट (रु.) |
|---|---|---|
| १ | बाली संरक्षण सामाग्री खरिद (जैविक तथा रासायनिक) | ४००००० |
| २ | माटो जाच तथा परिक्षण शिविर | २५०००० |
| ३ | कृषि प्रदर्शनी मेला संचालन | २००००० |
| ४ | स्थलगत प्राविधिक सेवाको लागि मोटरसाईकल खरिद | ३५०००० |
| ५ | कार्यालय व्यवस्थापन एवम विविध खर्च | १००००० |
| | कुल जम्मा | १३००००० |

## ३. उद्योग विकास तथा सहकारी शाखा

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक बजेट | | | प्रथम चौमासीक | | दोस्रो चौमासीक | | तेस्रो चौमासीक | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट |
| १. | बजार अनुगमन (उद्योग,वाणिज्य) | पटक | ३ | ३५० | १ | १२० | १ | ११५ | १ | ११५ |
| २. | उद्योग दिवश कार्यक्रम | पटक | १ | ८० | - | - | १ | ८० | - | - |
| ३. | सहकारी दिवश कार्यक्रम | पटक | १ | ८० | - | - | - | - | १ | ८० |
| ५. | सहकारी तथा गरिबी सम्बन्धि व्यवस्थापन सुचना प्रणाली (COPOMIS ) तालिम (४ दिने) | जना | ४० | १९० | - | - | ४० | १९० | - | - |
| ६. | टोल विकास सस्था पासबुक छपाई | वटा | १२००० | १८० | - | - | १२००० | १८० | - | - |
| ७. | रेडियो सन्देश कार्यक्रम संचालन (स्थानिय एफ.एम. रडियोबाट सचेतनामुलक कार्यक्रम) | वटा | | ४० | - | - | | ४० | - | - |
| ८. | विभिन्न समितिको बैठक भत्ता तथा खाजा खर्च | पटक | ३ | ४० | १ | १० | १ | १५ | १ | १५ |
| १०. | कार्यालयको कार्यक्रम संचालनको लागी दैनिक भ्रमण भत्ता खर्च | महिना | १२ | ८० | | १० | | ४० | | ३० |
| ११. | कार्यालयको कार्यक्रम संचालनमा सवारी इन्धन | महिना | १२ | ३५ | | १० | | १५ | | १० |
| १२. | सवारी साधन मर्मत | पटक | २ | १५ | | | १ | १० | १ | ५ |
| १३. | शाखा व्यवस्थापन अन्तर्गत डेस्कटप कम्प्युटर, प्रिन्टर र २ वटा UPS | थान | ५ | १३० | ५ | १३० | | | | |
| २. | *कान्जी हाउस दस्तुर* | दर रु. | पक्रेर ल्याउनेलाई लाग्ने दस्तुरको ५० प्रतिशत पुरस्कार दिइनेछ । |
|---|---|---|---|
| २.१ | बंगुर सुंगुर प्रति दिन प्रति जिउ | ३० | |
| २.२ | घोडा, खच्चड, गधा प्रति दिन प्रति जिउ | २५ | |
| २.३ | खसी बोका, बाखा, भेडा प्रति दिन प्रति जिउ | १० | |
| २.४ | गाई, गोरु, भैंसी, राँगा प्रति दिन प्रति जिउ | २५ | |
| २.५ | पशुको दुधे बच्चा सहित माउ आएमा दुध खाने बच्चाको दस्तुर लिइने छैन । | | |
| **३. सरकारी स्रोत उपयोग वापत** | | | |
| ३.१ | नगरपालिका नयाँ हल भाडा (प्रति दिन) | १५००। | |
| ३.२ | नगरपालिका पुरानो हल भाडा (प्रति दिन) | १०००। | |
| ३.३ | कुर्ची मात्र (न.पा. हल भन्दा बाहिर) प्रति कुर्सी प्रति दिन | १०। | |

**द्रष्टव्य :** कुर्ची टुटफुट भएमा बजार मूल्य अनुसार उपयोग गर्नेले व्यहोर्नु पर्नेछ।

**४. घर नक्सा तथा अभिलेखिकरण पास दस्तुर रु. :**

| क्र. सं. | घरको बनावट | व्यापारीक प्रयोजन | | | आवासीय प्रयोजन | | |
|---|---|---|---|---|---|---|---|
| | | राजमार्ग | आय पिच | अन्य | राजमार्ग | आय पिच | अन्य |
| १. आर सि.सि. ढलान बनावट | | | | | | | |
| क | भूई तला | ४ | ३ | ३ | ३ | २ | २ |
| ख | प्रथम तला | ५ | ४ | ३ | ४ | ३ | २ |
| ग | दोश्रो तथा सो भन्दा माथि | ६ | ५.५ | ५ | ५ | ४.५ | ४ |
| २. लोड वयरिङ्ग वनावटको ढलान तथा कडीपोल | | | | | | | |
| क | भूई तला | ४ | ३ | २.७५ | ३ | २ | १.७५ |
| ख | प्रथम तला | ४ | ३ | ३ | ३ | २ | २ |
| ग | दोश्रो तथा सो भन्दा माथि | ५ | ४ | ३ | ४ | ३ | २ |
| ३. इट्टालाई मसलाले जोडेर बनेको जस्ता छाना भएको | | | | | | | |
| क | भूई तला | २.५० | २ | १.७५ | १.५० | १ | ०.७५ |
| ख | प्रथम तला | ३.२५ | २.७५ | २ | २.२५ | १.७५ | १ |
| ग | दोश्रो तथा सोभन्दा माथि | ३.५० | ३ | २.२५ | २.५० | २ | १.२५ |

- घर नक्सा पास दरखास्त फाराम रु.५००।–
- घर नक्सा अभिलेखिकरण दरखास्त फाराम रु.५००।–
- कन्सल्टेन्ट सुचीकृत तथा नविकरण रु.५०००।–

नक्सा नामसारी प्रति वर्गफुट रु.२।– (पक्की घरको लागि मात्र)

**४. नक्सा पास गर्दा रेखांकन शुल्क (लेआउट)**

(क) ६५ वर्ग मी.सम्म ७००।
(ख) ६६ वर्ग मी. देखि ९० वर्ग मी. सम्म १०००।
(ग) ९१ वर्ग मी. देखि ११५ वर्ग मी. सम्म १२००।
(घ) ११६ वर्ग मी. देखि माथि २०००।
(ङ) आइ. एस. पी. प्रोभाइडर ३०००।

**नोट :**

- नक्सापास प्रकृयामा रहेको अवस्थामा।
  अ) एक चरण अगाडीको कार्यसुरु गरेमा प्रति वर्ग फिट ५ प्रतिशत
  आ) एक चरण अगाडीको कार्य सम्पन्न गरेमा प्रति वर्ग फिट १० प्रतिशत
- पूर्व स्वीकृति लिई नक्सापास भएको हकमा थप संरचनाको मात्र प्रचलित नियमानुसार दस्तुर लिने।
- नक्सापास गरिसकेपछि दुई वर्ष भित्र निर्माण कार्य गरिसक्नुपर्नेछ। यदि सो अवधि भित्र निर्माण सम्पन्न नभएमा म्याद थप गर्दा पहिले लागेको दस्तुरको ५ प्रतिशत थप दस्तुर लिई पुनः दुई वर्षको म्याद थप गरिनेछ।

**नोटः**मर्मत सुधारका लागि क्षेत्रफल खुलाई पेश गर्नुपर्ने। मर्मत सुधारको इजाजत दिंदा प्रति वर्गफुट ५० पैसा लाग्नेछ।

नगरपालिका क्षेत्रभित्रका सडक क्षेत्रमा व्यापारिक तथा घरायसी प्रयोजनका लागि कुनैपनि मालसामान, सामग्री आदी राख्न पाइनेछैन । यदी सडक अवरोध हुने गरी सामग्री मालसामान छाप्रो ठेला रिक्सा राखेमा निम्नानुसार दस्तुर लिइनेछ ।

बजार क्षेत्रमा ओगटेको क्षेत्रफलको आधारमा प्रतिदिन प्रति वर्गफिट : रु. ५।–
आवासीय तथा अन्य क्षेत्रमा प्रतिदिन प्रति वर्गफिट : रु. १।–

**५. बिभिन्न सिफारिस दस्तुर, सेवा शुल्क तथा अन्य राजश्व :**

| क.सं. | विवरण | दर रु. | |
|---|---|---|---|
| ५.१ | क. नागरिकता सिफारिस फाराम सहित बंशज | निःशुल्क | |
| | ख. नागरिकता सिफारिस फाराम सहित बैवाहिक अंगिकृत | | |
| ५.२ | नागरिकता प्रतिलिपी सिफारिस | २५०। | |
| ५.३ | सामान्य सिफारिस दस्तुर | २५०। | |
| ५.४ | नाम, थर संशोधन सिफारिस | २५०। | |
| ५.५ | नाता प्रमाणित सिफारिस | २५०। | |
| ५.६ | नाता कायम सिफारिस | २५०। | |
| ५.७ | पारिवारिक विवरण सिफारिस | २५०। | |
| ५.८ | बसोबास/स्थायी बासिन्दा प्रमाणित सिफारिस | २५०। | |
| ५.९ | पिछडिएको क्षेत्र सिफारिस | २५०। | |
| ५.१० | नाबालिग सिफारिस | २५०। | |
| ५.११ | जन्म मिति प्रमाणित सिफारिस | २५०। | |
| ५.१२ | बैवाहिक सम्बन्ध प्रमाणित सिफारिस | २५०। | |
| ५.१३ | अविवाहित प्रमाणित सिफारिस | २५०। | |
| ५.१४ | व्यक्ति प्रमाणित सिफारिस | २५०। | |
| ५.१५ | व्यवसाय दर्ता सञ्चालन सिफारिस | २५०। | |
| ५.१६ | मदिरा व्यवसाय सिफारिस चार किल्ला सहित | १०००। | |
| ५.१७ | व्यक्तिगत घटना दर्ता (३५ दिन पछि) | २००। | |
| ५.१८ | घर नभएको जग्गा खरिद बिक्रि, बकसपत्र, सट्टापट्टा आदि प्रयोजनका लागि मालपोत कार्यालयलाई गरिने सिफारिसमा (ग फारम) | ६००। | |
| ५.१९ | घर समेत भएको जग्गा सिफारिस | ६००। | |
| ५.२० | जग्गा वालाको मृत्यू पछि नामसारी वा अंशबण्डा प्रयोजनका लागि मालपोत कार्यालयलाई गरिने सिफारिस | ६००। | |
| ५.२१ | पेन्सनपट्टा सिफारिस (स्वदेशी) | ६००। | |
| ५.२२ | पेन्सनपट्टा सिफारिस (विदेशी) | १०००। | |
| ५.२३ | खानेपानी, विद्युत, टेलिफोन जडान र नामसारी, ठाँउसारी सिफारिस (आवासीय) | २५०। | |
| ५.२४ | खानेपानी, विद्युत, टेलिफोन जडान र नामसारी, ठाँउसारी सिफारिस (व्यवसायिक) | ६००। | |
| ५.२५ | चार किल्ला प्रमाणित | २५०। | |
| ५.२६ | चार किल्ला प्रमाणित (मुचुल्का सहित) | ६५०। | |

| क.सं. | विवरण | दर रु. | |
|---|---|---|---|
| ५.२७ | सिफारिस दस्तुर (योजना माग सिफारिस समेत) | २५०। | |
| ५.२८ | आर्थिक सहायता सिफारिस | निशुल्क | |
| ५.२९ | वस्तुगत विवरण (घर, गोठ, टहरा) भए नभएको प्रमाणित सिफारिस, शहरी | ३००। | |
| ५.३० | वस्तुगत विवरण (घर, गोठ, टहरा) भए नभएको प्रमाणित सिफारिस, ग्रामीण | २५०। | |
| ५.३१ | अस्थाई घर ईजाजत दस्तुर | २५०। | |
| ५.३२ | जग्गा नामसारी प्रति रोपनी शहरी बजार क्षेत्र | ७०। | |
| ५.३३ | जग्गा नामसारी प्रति रोपनी अन्य क्षेत्र | ३५। | |
| ५.३४ | छात्रवृत्ति सिफारिस दस्तुर | २५०। | |
| ५.३५ | खाता खोल्ने सिफारिस दस्तुर | २५०। | |
| ५.३६ | खाता बन्द सिफारिश | २५०। | |
| ५.३७ | अंग्रेजी सिफारिस दस्तुर | ५००। | |
| ५.३८ | आयुर्वेद औषधालय नाम दर्ता दस्तुर | निशुल्क | |
| ५.३९ | पशु तथा कृषि सेवा नाम दर्ता दस्तुर | ५०। | |
| ५.४० | राहदानी सिफारिस दस्तुर | ५००। | |
| ५.४१ | पानी घट्ट दर्ता दस्तुर | १०००। | |
| ५.४२ | पानी घट्ट नविकरण दस्तुर | ५००। | |
| ५.४३ | सुधारिएको घट्ट दर्ता दस्तुर | १२००। | |
| ५.४४ | सुधारिएको घट्ट नविकरण दस्तुर | ५००। | |
| ५.४५ | न्यायिक समिति निवेदन दस्तुर | २००। | |
| ५.४६ | न्यायिक समिति निर्णय प्रतिलिपी प्रति पाना | निशुल्क | |
| ५.४७ | लिखित जवाफ दस्तुर | १५०। | |
| ५.४८ | म्याद सूचना दस्तुर | १५०। | |
| ५.४९ | मिलाएको संयुक्त निवेदन दस्तुर | २५०। | |
| ५.५० | लेनदेन कागज दस्तुर | ५००। | |
| ५.५१ | घर कायम दस्तुर | ५००। | |
| ५.५२ | उद्योग तथा फर्म दर्ता मुचुल्का | ५००। | |
| ५.५३ | उद्योग तथा फर्म दर्ता सिफारिश | २५०। | |
| ५.५४ | वडा तथा नगरबाट गरिने अन्य सम्पूर्ण सिफारिस दस्तुर | २५०। | |
| ५.५५ | घ वर्गको इजाजत पत्र नामसारी | १०००। | |
| ५.५६ | विधान संशोधन | १०००। | |
| ५.५७ | टोल विकास संस्थाहरुले गर्ने सिफारिश दस्तुर | १००। | |
| ५.५८ | खानेपानी व्यवस्थापन, सरसफाई तथा फोहोरमैला ब्यबस्थापन र सिंचाई दर्ता तथा नविकरण | मुहान दर्ता (सिंचाई), खानेपानी, सरसफाई फोहोरमैला शुल्क सम्वन्धित कार्यविधि अनुसार हुनेछ। | |
| **कक्षा थप अनुमति सिफारिस दस्तुर** | | | |
| ५.५९ | सामुदायिक विद्यालय कक्षा ९ र १० | ५०००। | ८ सम्म निःशुल्क |
| ५.६० | सामुदायिक विद्यालय कक्षा ११ र १२ | ५०००। | |

| क्र.सं. | विवरण | दर रु. | |
|---|---|---|---|
| **संस्थागत विद्यालय अनुमति दस्तुर** | | | |
| ५.६१ | कक्षा १ देखि ५ सम्म | १००००। | |
| ५.६२ | कक्षा ६ | १२०००। | |
| ५.६३ | कक्षा ७ र ८ | १५०००। | |
| ५.६४ | कक्षा ९ र १० | २००००। | |
| ५.६५ | कक्षा ११ | २५०००। | |
| ५.६६ | कक्षा १२ | २००००। | |
| **शिक्षक सरुवा, सिफारिस अनुमति, अभिलेख** | | | |
| ५.६७ | प्रा.वि. | ७००। | |
| ५.६८ | आ.वि. (६ देखि ८) | १०००। | |
| ५.६९ | मा.वि. (९ र १०) | १५००। | |
| ५.७० | मा.वि ११ र १२ | २०००। | |
| ५.७१ | कक्षा ८ ग्रेडसिट | ३५०। | |
| ५.७२ | अनुमतिको निवेदन | १०००। | |
| ५.७३ | ट्यूसन सेन्टर, कोचिङ्ग सेन्टर परामर्श दस्तुर | १००००। | |
| ५.७४ | ट्यूसन सेन्टर, कोचिङ्ग सेन्टर परामर्श नविकरण | ५०००। | |
| ५.७५ | तलब प्रमाणित | १००। | |
| ५.७६ | विद्यालयको खाता खोल्ने, प्रतिलिपी तथा अन्य सिफारिस | १००। | |
| ५.७७ | रोष्टर बिशेषज्ञ आधारभुत | ५००। | |
| ५.७८ | रोष्टर बिशेषज्ञ मावि | ६००। | |
| ६.**घर बाटो प्रमाणित दस्तुर** | | | |
| ६.१ | (क) राजमार्ग | ४००। | |
| | (ख) ग्राभेल | ३५०। | |
| | (ग) कच्ची बाटो | ३००। | |
| | (घ) भित्री खेतियोग्य जग्गा | २५०। | |
| ६.२ | रुख कटान सिफारिस (सिसौ, साबुन,सिमल, खयर, बकाइनो,बबुर, लिप्टीस तथा अन्य प्रति रुख | ३००। | |
| ६.३ | कागजातको नक्कल प्रति पाना | १०। | |
| ६.४ | नक्साको प्रतिलिपी प्रति थान | ३००। | |
| ६.५ | मोही जग्गा नामसारी प्रति रोपनी शहरी | ५०। | |
| ६.६ | मोही जग्गा नामसारी प्रति रोपनी ग्रामीण | ४०। | |
| ६.७ | जीर्ण श्रेस्ता जग्गाधनी प्रतिलिपी सिफारिस | २५०। | |
| ६.८ | श्रेस्ता कार्यान्वयन सिफारिस | २५०। | |
| ६.९ | (व्यापार/व्यवसाय)नामसारी, ठाउंसारी नगर बाहिर | १०००। | |
| ६.१० | (व्यापार/व्यवसाय) नामसारी, ठाउँसारी नगर भित्र | ५००। | |
| ६.११ | अमिन सेवा शुल्क (व्यक्तिगत र विवादित जग्गा छुट्याउँदा प्रति कित्ता तथा घर नक्सा सर्जमिन | २०००। | |
| ६.१२ | घर नक्सा प्रमाणपत्र प्रतिलिपि | ६००। | |

| क्र.सं. | विवरण | दर रु. | |
|---|---|---|---|
| ६.१३ | बाउन्ड्री/प्रति वर्ग फिट | २। | |
| ६.१४ | सूचना प्रिन्ट प्रति पेज थप प्रति पाना | १०। | |
| ६.१५ | अध्ययन प्रतिवेदन विद्यार्थी सिफारिस | २५०। | |
| ६.१६ | काचो छाला निकासी/छाला | ३००। | |
| ६.१७ | मल्टीमिडिया (प्रोजेक्टर) भाडा प्रति दिन | ५००। | |
| ६.१८ | तेलजन्य पदार्थ निकासी प्रति लिटर | २। | |
| ६.१९ | पशु प्रवेश शुल्क प्रति जिउ | ५०। | |
| ६.२० | पशु हाट बजारमा पशु खरिद विक्री प्रति जिउ | १००। | |
| ६.२१ | पशु हाट बजारमा पशु सट्टा पट्टा प्रति जिउ | ५०। | |
| ६.२२ | पशु हाट बजारमा प्रति जिउ | ५०। | |
| ६.२३ | मनोरन्जन कर सिनेमा हल प्रवेश शुल्कको | २ प्रतिशत | |
| ६.२४ | घरनक्सा संसोधन ग्रामिण | ५००। | |
| ६.२५ | घरनक्सा संसोधन शहरी | १०००। | |
| ६.२६ | नीजी विद्यालय स्थापना सिफारिस शुल्क | ३०००। | |
| ६.२७ | निजी विद्यालय थप कक्षा संचालन सिफारिस | १०००। | |
| ६.२८ | कृषि तथा पशु विकास सम्बन्धि अन्य सिफारिस | २५०। | |
| ६.२९ | कृषि तथा पशु समूह दर्ता | ५००। | |
| ६.३० | कृषि तथा पशु समूह नबिकरण | १००। | |
| ६.३१ | राशायनिक मल विक्रेता प्रमाणपत्र | १०००। | |
| ६.३२ | राशायनिक मल विक्रेता नविकरण | ५००। | |
| ६.३३ | पशू निकासी इजाजत सिफारिश (राँगा भैंसी, गोरु, गाई, बाखा, भेडा, बंगुर)प्रति गोटा | १००। | |
| ६.३४ | नामसारी वस,ट्रक | १५००। | |
| ६.३५ | नामसारी ट्याम्पु, ट्याक्टर, जीप | १०००। | |
| ६.३६ | व्यवसाय संचालन सम्बन्धी निवेदन दस्तुर | १००। | |
| **७. आय श्रोत मूल्याङ्कन सिफारिस दस्तुरः** | | | |
| ७.१ | सम्पति मुल्यांकन शुल्क | ०.१ प्रतिशत | |
| ७.२ | आयश्रोत प्रमाणित १ लाख देखि ३ लाखसम्म | ५००। | |
| ७.३ | आयश्रोत प्रमाणित ३ लाख देखि १० लाखसम्म | ८००। | |
| ७.४ | आयश्रोत प्रमाणित १० लाख देखि माथि | १०००। | |
| **८.सर्जमिन दस्तुर :** | | | |
| ८.१ | वंशजको नागरिकताको सिफारिस सर्जमिन | ५००। | |
| ८.२ | नाता प्रमाणित सर्जमिन मुचुल्का दस्तुर | ५००। | |
| ८.३ | अन्य प्रयोजनका लागि सर्जमिन | ५००। | |
| ८.४ | प्रतिलिपी दस्तुर (A4वा सो भन्दा सानो साईजमा) | १०। | |
| ८.५ | प्रतिलिपी दस्तुर (A4भन्दा ठुलो साईजमा जस्तैः गुरुयोजना) | २०। | |
| ८.६ | ट्रेस नक्सा निर्माण तथा प्रमाणितः पहिलो १ कित्ता माग भएमा | २००। | |

| क्र.सं. | विवरण | दर रु. | |
|---|---|---|---|
| ८.७ | ट्रेस नक्सा प्रमाणित मात्र : पहिलो १ कित्ता माग भएमा | १५०। | |
| ८.८ | ट्रेस नक्सा १ कित्ताभन्दा बढी माग भएमा थप प्रति कित्ता | २००। | |
| ८.९ | सम्बन्ध विच्छेद सिफारिस | २५०। | |
| **९.सहकारी तथा अन्य संस्था दर्ता तथा नवीकरण** | | | |
| ९.१ | नयाँ संस्था दर्ता | २०००। | |
| ९.२ | संस्था नवीकरण | १०००। | |
| ९.३ | टोल विकास संस्था दर्ता | ५००। | |
| ९.४ | टोल विकास संस्था नविकरण | ५००। | चालु आ.व.मा नविरकण गर्नेलाई गत आ.ब.सम्मको शुल्क छुट |

| **१०.दरभाउ पत्र वा बोलपत्र दस्तुरः** | | |
|---|---|---|
| १०.१ | दरभाउ पत्र वा बोलपत्र फाराम दस्तुर | सार्वजनिक खरिद ऐन, नियमावली अनुसार हुने |
| १०.२ | रु. १ लाख भन्दा माथी १० लाखसम्म | |
| १०.३ | रु. १० लाख भन्दा माथी ६० लाखसम्म | |
| १०.४ | रु. ६० लाख भन्दा माथी ६ करोडसम्म | |
| १०.५ | रु. ६ करोड देखि माथी १० करोडसम्म | |
| १०.६ | रु. १० करोड देखि माथी २५ करोडसम्म | |
| १०.७ | रु.२५ करोडभन्दा माथी जतिसुकै भएपनि | |

**स्थानीय पाठ्यक्रम छपाईको लागि ईकपि सहित अनुमति दस्तुरः**

| सि नं. | कक्षा विवरण | बार्षिक दर |
|---|---|---|
| १ | कक्षा १ | १२०००। |
| २ | कक्षा २ | १२०००। |
| ३ | कक्षा ३ | १२०००। |
| ४ | कक्षा ४ | १२०००। |
| ५ | कक्षा ५ | १२०००। |
| ६ | कक्षा ६ | १५०००। |
| ७ | कक्षा ७ | १५०००। |
| ८ | कक्षा ८ | १५०००। |

| ११. खानेपानी तथा सिचाई संस्था दर्ता सम्बन्धीः (कार्यविधी बमोजिम) | | |
|---|---|---|
| अनुमती पत्र दस्तुर | | |
| क्र.सं. | उयोगको किसिम | लाग्ने दस्तुर रु. |
| ११.१ | खानेपानी तथा घरेलु उपयोग | २०००। |
| ११.२ | सिचाई | २०००। |
| ११.३ | पशुजन्य तथा मत्स्यपालन जस्ता कृषि जन्य उपयोग | १०००। |
| ११.४ | घरेलु उद्योग, औधोगिक व्यवषाय तथा खानी जन्य उपयोग | २०००। |
| ११.५ | जल यातायात | ५०००। |
| ११.६ | आमोद प्रमोदजन्य उपयोग | ५०००। |
| ११.७ | अन्य उपयोग | ५०००। |

## १२. जलश्रोत उपयोग वापत बुझाउनुपर्ने वार्षिक शुल्क

| क्र.सं. | सिंचाईको हकमा | वार्षिक शुल्क रु. |
|---|---|---|
| १२.१ | २ हजार हेक्टरसम्म | १०००। |
| १२.२ | २ हजार देखी ५ हजार हेक्टरसम्म | २०००। |
| १२.३ | ५ हजार देखी १० हजार हेक्टरसम्म | ५०००। |
| १२.४ | १० हजार देखी १५ हजार हेक्टरसम्म | १००००। |
| १२.५ | १५ हजार देखी २० हेक्टर बमोजिम | १५०००। |
| १२.६ | २० हजार देखी २५ हजार हेक्टरसम्म | २००००। |
| १२.७ | २५ हजार हेक्टर भन्दा माथि | २५०००। |
| खानेपानीको हकमाः | | |
| १२.८ | २ हजारसम्म जनसंख्या | ५००। |
| १२.९ | २ हजार देखी ५ हजार जनसंख्या | २०००। |
| १२.१० | ५ हजार देखी १० हजार जनसंख्या | ५०००। |
| १२.११ | १० हजार देखी १५ हजार जनसंखया | १००००। |
| १२.१२ | १५ हजार देखी २० हजार जनसंख्या | १५०००। |
| १२.१३ | २० हजार देखी २५ हजार जनसंख्या | २००००। |
| १२.१४ | २५ हजार भन्दा बढी जनसंख्या | २५०००। |

## १३. अन्य शुल्कः

१. प्रोजेक्टर भाडा प्रतिदिन रु. ५००।–

२. माछा मार्ने ठेक्का लगाउने (नगरपालिका क्षेत्र तर्फको भेरी नदी वा खोलामा) कार्यविधि बमोजिम

३. पशुपंक्षि नाम दर्ता शुल्क दर निर्धारणः आर्थिक विकास समितिको निर्णयबमोजिम हुनेछ।

४. नगरपालिकामा सूचीकृत प्रतिफर्म रु ५००।–

५. योजना किताव : रु. १५०।–

६. सहकारी विधान संशोधन / पुनर्लेखन दस्तुर – १०००।–
७. सहकारी एकीकरण दस्तुर – ४०००।–
८. परियोजना अन्तर्गतका उपभोक्ता समिति दर्ता – १०००।–
९. परियोजना अन्तर्गतका उपभोक्ता समिति नविकरण – २००।–
१०. भवन निर्माण गर्नुपर्ने अवस्थामा सडक वा सार्वजनिक स्थानमा सामग्री राख्नुपर्ने बाध्यात्मक परिस्थिती आएमा वडा कार्यालयको सिफारिसमा बढीमा ७ दिनका लागि रु. १,०००। र त्यसभन्दा बढी भएमा थप प्रतिदिन रु. १००। का दरले राजस्व लिइनेछ।

**द्रष्टव्य :** नगरपालिकाबाट गरिने सम्पूर्ण सिफारिस, सेवा तथा शुल्कमा दमकल शुल्क वापत रु.१०। थप लिइनेछ।

**१४. निषेधित क्षेत्रमा चोरी पैठारीमा संलग्न ट्याक्टर, टिप्पर, जेसिवि जरिवानाः**

| क्र.सं. | विवरण | जरिवाना रकम | कैफियत |
|---|---|---|---|
| १ | जेसिवि, स्काईभेटर, ब्याक हो लोडर | २०००० | दोहोर्याएमा प्रत्येक पटक दोब्बर |
| २ | टिप्पर | १५००० | दोहोर्याएमा प्रत्येक पटक दोब्बर |
| ३ | ट्याक्टर | ५००० | दोहोर्याएमा प्रत्येक पटक दोब्बर |

## अनुसूची–१०
## फोहोरमैला व्यबस्थापन शुल्क
(आर्थिक ऐन २०८३ को दफा ११ संग सम्बन्धित)

| क्र.सं. | फोहोर उत्पादन क्षेत्रको विवरण | मासिक शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | प्रति घरधुरी | ५० | |
| २ | खुद्रा पसल | १२५ | |
| ३ | थोक पसल | १७५ | |
| ४ | ठुला होटेल | २०० | |
| ५ | साना होटेल | १६० | |
| ६ | रेष्टुरेन्ट | १७० | |
| ७ | तरकारी तथा फलफुल पसल | १८० | |
| ८ | मासु पसल | ३०० | |
| ९ | सरकारी अस्पताल | ३०० | |
| १० | निजी अस्पताल तथा मेडिकल | ३५० | |
| ११ | नर्सिङ्ग होम | १००० | |
| १२ | नीजि क्याम्पस | १५०० | |
| १३ | सरकारी तथा गैरसरकारी संघ संस्थाहरु | ३०० | |
| १४ | अटोपार्टस तथा ग्यारेज | २०० | |
| १५ | कवाडी व्यबसाय | २०० | |
| १६ | अन्य उद्योग | २०० | |

कोल्ड स्टोर

| क्र.सं. | अन्य उद्योग / फोहोर उत्पादन क्षेत्रको विवरण | मासिक शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १७ | [illegible] | १५० | |
| १८ | ड्राई क्लिनर | १०० | |
| १९ | मदिरा पसल | १५० | |
| २० | घुम्ती पसल | ५० | |
| २१ | ठेला फलफुल पसल | १२५ | |
| २२ | ठेला चार्ट पसल | १२५ | |
| २३ | व्यूटिपार्लर तथा हेयर कटिङ्ग सेन्टर | १२५ | |
| २४ | निजी मन्टेस्वरी | १५० | |
| २५ | फिटनेश सेन्टर | १५० | |
| २६ | स्केटिङ सेन्टर | १५० | |
| २७ | संस्थागत प्रावि | ५०० | |
| २८ | संस्थागत निमावि | १००० | |
| २९ | संस्थागत मा वि | १५०० | |
| ३० | सामुदायिक प्रा वि | ३०० | |
| ३१ | सामुदायिक निमावि | ५०० | |
| ३२ | सामुदायिक मा वि | ८०० | |
| ३३ | पोलिक्लिनिक | १००० | |

**नोटः** एकमुष्ट वार्षिक रुपमा असोज सम्म फोहरमैला शुल्क बुझाउनेलाई १० प्रतिशत छुट गरिनेछ।

## अनुसूची-११

## भेरीगंगा नगरपालिकाको आ.व. २०८३/०८४ को भूमि तथा संरचनाको मूल्यांकन दर :

(आर्थिक ऐन २०८३ को दफा १३ सँग सम्बन्धित)

**(क) भूमिको मूल्यांकन दर :**

**सम्पति करको भूमि मूल्यांकन दर (प्रति रोपनी) २०८३/०८४**

**वडा नं. १**

| क्र.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | आवाशीय | तल्लोभऱ्याङ, माथिल्लो भऱ्याङ, मनिरामकाँडा, बसेरी, सालघारी क्षेत्रको सडकको दाँया बाँया जोडिएका कित्ताहरु | ५०,०००। | |
| २ | कृषि | अन्य सबै जग्गा | २५,०००। | |

**वडा नं. २**

| क.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसायिक | सत्तरी क्षेत्रको रत्नराजमार्ग दायाँ बायाँ जोडिएका कित्ताहरु | ३,००,०००। | |
| २ | आवाशीय | सिस्नेरी काल्पानी सडक र सत्तरी मोहटी सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ५०,०००। | |
| ३ | कृषि | व्यवसायिक तथा आवाशीय क्षेत्रबाहेक अन्य सबै जग्गा | २५,०००। | |

**वडा नं. ३**

| क.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसायिक | डुँगीखोला सिमलतडा टोलक्षेत्र | १,००,०००। | |
| २ | आवाशीय | डुँगीखोला र अवलपराजुल क्षेत्रको सडक दायाँ बायाँ जोडिएका कित्ताहरु | ५०,०००। | |
| ३ | कृषि | व्यवसायिक तथा आवाशीय बाहेकका अन्य सबै जग्गा | २५,०००। | |

**वडा नं. ४**

| क.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | ठूलो हर्रेक्षेत्रको रत्न राजमार्ग दायाँ बायाँ जोडिएका कित्ताहरु | १७,००,०००। | |
| २ | व्यवसायिक | तोलीखोला पुल देखि ताउले खोला पुल आसपास रत्न राजमार्ग दायाँ बायाँ जोडिएका कित्ताहरु | १५,००,०००। | |
| ३ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ५,००,०००। | |
| ४ | कृषि | व्यवसायिक र आवाशीय क्षेत्रबाहेकका साविकका वडा नं.५ र ६ का अन्य सबै जग्गा | ३,००,०००। | |
| ५ | कृषि | व्यवसायिक तथा आवाशीय क्षेत्रबाहेकका साविकका वडा नं. ३ र ४ का अन्य सबै जग्गा | २,००,०००। | |

**वडा नं. ५**

| क.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | कालिदमार क्षेत्रको रत्न राजमार्ग दायाँ बायाँ जोडिएका कित्ताहरु | १५,००,०००। | |
| २ | आवाशीय | कालिदमार भर्लेनी सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ३,००,०००। | |
| ३ | आवाशीय | भर्लेनी लेखहात्तिखाल सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| ४ | आवाशीय | बबई पुल देखि गेरुवानी सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ३,००,०००। | |
| ५ | कृषि | साबिक वडा नं. २ (कालिदमार, तोलिखोला, लामितडा) का अन्य जग्गा | १,५०,०००। | |
| ६ | कृषि | साबिक वडा नं. १ (बबई हात्तीखाल, गेरुवानी, लेखहात्तिखाल, सिरेनी, भर्लेनी, ओइला, खजुरा) का अन्य जग्गा | १,००,०००। | |

### वडा नं. ६

| क्र.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | छिन्चु घारीबन काल्चे सडक खण्डको ड्वारड्वारे खोला देखि भिङ्नीखोला क्षेत्रको दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| २ | आवाशीय | जहरे लेखभिङ्नी सडक खण्डको खानेपानी टंकीसम्म दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| ३ | आवाशीय | छिन्चु घारीवन काल्चे सडक खण्डको घारीवनदेखि ड्वारड्वारे खोलासम्मका दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| ४ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | १,५०,०००। | |
| ५ | कृषि | व्यवसायिकर आवाशीय बाहेकका अन्य सबै जग्गा | ५०,०००। | |

### वडा नं. ७

| क्र.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | छिन्चु घारीबन काल्चे सडक खण्डको दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| २ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | १,५०,०००। | |
| ३ | कृषि | सडकले छोएका बाहेकका अन्य सबै जग्गा | ५०,०००। | |
| ४ | कृषि | कैनपानी सामाखोरिया क्षेत्रका जग्गाहरु | २५,०००। | |

### वडा नं. ८

| क्र.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | छिन्चु जाजरकोट सडक खण्डको दायाँ बायाँ जोडिएका कित्ताहरु | ७,००,०००। | |
| २ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| ३ | कृषि | व्यबसायिक र आवाशिय क्षेत्र बाहेकका अन्य सबै जग्गा | ५०,०००। | |

### वडा नं. ९

| क्र.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | छिन्चु जाजरकोट सडक खण्डको जहरे बजार क्षेत्रको भिङ्नी खोलादेखि नाच्ने खोलासम्म दायाँ बायाँ जोडिएका कित्ताहरु | १२,००,०००। | |
| २ | व्यवसायिक | छिन्चु जाजरकोट सडक खण्डको लोहोरे खोलादेखि नाच्ने खोलासम्म र जहरे भेरी पुलदेखि गोलपार्कसम्म दायाँ बायाँ जोडिएका कित्ताहरु | ७,००,०००। | |
| ३ | आवाशीय | जहरे लेखभिङ्नी सडक खण्डको गोलपार्कदेखि शान्तिपुरसम्म दायाँ बायाँ जोडिएका कित्ताहरु | ३,००,०००। | |
| ४ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| ५ | कृषि | व्यवसायिक र आवाशीय क्षेत्रबाहेकका अन्य सबै जग्गा | ५०,०००। | |

## वडा नं. १०

| क.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसायिक | दुर्गा मन्दिर देखि तालबारी कल्भर्टसम्म रत्न राजमार्ग दाया ँबायाँ जोडिएका कित्ताहरु | ३०,००,०००। | |
| २ | व्यवसायिक | तालबारी कल्भर्ट देखि तोलीखोला पुलसम्म रत्न राजमार्ग दायाँ बायाँजोडिएका कित्ताहरु | २५,००,०००। | |
| ३ | व्यवसायिक | छिन्चु जाजरकोट सडक खण्डको मदानीचौर क्षेत्रको दायाँ बायाँ जोडिएका कित्ताहरु | ८,५०,०००। | |
| ४ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ३,००,०००। | |
| ५ | कृषि | ब्यबसायिक र आवाशीय क्षेत्रबाहेकका अन्य जग्गा | १,००,०००। | |
| ६ | कृषि | करेले क्षेत्रको जग्गा | ५०,०००। | |

## वडा नं. ११

| क.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसायिक | छिन्चु जाजरकोट सडक खण्डको दायाँ बायाँ जोडिएका कित्ताहरु | ८,००,०००। | |
| २ | व्यवसायिक | रामघाट बजार भेरीपुलदेखि सेवाकेन्द्र हुँदै राताचौरसम्म सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ९,००,०००। | |
| ३ | आवाशीय | शिखर मावि देखि थोत्रेखोलासम्म सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ५,००,०००। | |
| ४ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ३,००,०००। | |
| ५ | कृषि | व्यबसायिक र आवाशीय बाहेकका अन्य जग्गा | ५०,०००। | |

## वडा नं. १२

| क.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसायिक | दुर्गा मन्दिर देखि बसपार्क चोकसम्म रत्न राजमार्ग दायाँ बायाँ जोडिएका कित्ताहरु | ३५,००,०००। | |
| २ | व्यवसायिक | इलाका प्रहरी कार्यालय देखि छिन्चु खोला पुलसम्म सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | २५,००,०००। | |
| ३ | व्यवसायिक | बसपार्क चोक देखि उद्योग बाणिज्य संघ भवन र नगरपालिका भवन हुँदै इलाका प्रहरी कार्यालयसम्म सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | २०,००,०००। | |
| ४ | व्यवसायिक | बसपार्क चोक देखि टेलिकम टावरसम्म रत्न राजमार्ग दायाँ बायाँ जोडिएका कित्ताहरु | २०,००,०००। | |
| ५ | व्यवसायिक | मसिना जाजरकोटी टोल देखि पाँडुलेसम्म रत्न राजमार्ग दायाँ बायाँ जोडिएका कित्ताहरु | १०,००,०००। | |
| ६ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ६,००,०००। | |
| ७ | कृषि | व्यबसायिक र आवाशीय बाहेकका अन्य जग्गा | ३,००,०००। | |

**वडा नं. १३**

| क.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | आवाशीय | रामघाट रिङ्गरोड र राताचौर समैजीघाट सडक खण्डको दायाँ बायाँ जोडिएका कित्ताहरु | ३,००,०००। | |
| २ | आवाशीय | ८ मिटर देखि माथिका सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| ३ | आवाशीय | ६ देखि ८ मिटरसम्मका सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | १,५०,०००। | |
| ४ | कृषि | व्यवसायिक र आवाशीय क्षेत्रबाहेकका अन्य सबै जग्गा | ५०,०००। | |

## (ख) संरचनाको मूल्यांकन दर निर्धारण रु. (प्रति वर्ग फिटमा) देहायबमोजिम हुनेछ :

| क्षेत्र वर्गिकरण | आर.सि.सि. फ्रेम स्टक्चर | | सिमेन्ट जोडाईमा आर.सि.सि. छाना | | सिमेन्ट जोडाईमा जस्ता वा टायलको छाना | | माटोको जोडाईमा जस्ता वा टायलको छाना | | माटोको जोडाईमा खरको छाना | | सेड | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यापारिक औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक औद्योगिक तथा संस्थागत | वसोवास | व्यापारिक औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक औद्योगिक तथा संस्थागत | वसोवास | व्यापारिक औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक औद्योगिक तथा संस्थागत | बसोवास |
| बजार क्षेत्र | २००० | १५०० | १००० | ८०० | ८०० | ५०० | ४०० | ३०० | २०० | १०० | ३०० | १०० |
| ग्रामिण क्षेत्र | १५०० | १००० | ८०० | ५०० | ५०० | ३०० | ३०० | २०० | १०० | १०० | १०० | १०० |

## अनुसूची-१२

आर्थिक ऐन २०८३ को दफा १५ संग सम्बन्धित

| कवाडी, जडीबुटीर जीवजन्तु निकासी करदररेट | | | | |
|---|---|---|---|---|
| **क.सं.** | **कवाडी सामानको नाम** | **ईकाइ** | **दररेट** | **कैफियत** |
| १ | अखवार कागज तथा कार्टुनजन्य पदार्थहरु | प्रति केजी | रु. २ | |
| २ | **जेजस्तो अवस्थामा छ पुनः सोही रुपमा प्रयोग गर्न सकिने** | | | |
| २.१ | खाली शिशी हल्का पेयपदार्थ वाहेक (वियरको) | प्रतिगोटा | ०.२५ पैसा | |
| २.२ | खाली शिशी (५०० एम एल भन्दा माथि | प्रतिगोटा | ०.२५ पैसा | |
| २.३ | खाली शिशी (५०० एम एल भन्दा तल | प्रतिगोटा | ०.२५ पैसा | |
| २.४ | प्लाष्टीकका वोतल, भाडाकुडा, जुत्ता, चप्पल ग्यालेन, | प्रतिगोटा | ०.२५ पैसा | |
| ३ | **खाली बोरा** | | | |
| ३.१ | जूटको बोरा ५० केजी क्षमता भन्दा माथि | प्रतिगोटा | ०.१५ पैसा | |
| ३.२ | जूटको बोरा ५० केजी क्षमता भन्दा तल | प्रतिगोटा | ०.१० पैसा | |
| ३.३ | प्लाष्टीकको बोरा ५० केजी क्षमता भन्दा माथि | प्रतिगोटा | ०.१० पैसा | |
| ३.४ | प्लाष्टीकको बोरा ५० केजी क्षमता भन्दा तल | प्रतिगोटा | ०.०५ पैसा | |
| ४ | **पुनः प्रशोधन गरी प्रयोग गर्न सकिने** | | | |
| ४.१ | झिण्ड्राकृति र कृतिम ऊन तथा धागोजन्य टुक्रा | प्रति के जी | ०.५० पैसा | |
| ४.२ | गार्मेट कपाडाका टुक्रा | प्रति के जी | रु १ | |
| ४.३ | जलेको मोविल | प्रतिलिटर | ०.२५ पैसा | |
| ४.४ | प्लाष्टिक टुक्रा | प्रति के जी | ०.५० पैसा | |
| ४.५ | पुराना टायर, ट्युव | प्रति के जी | ०.५० पैसा | |

| क.सं. | कवाडी सामानको नाम | ईकाइ | दररेट | कैफियत |
|---|---|---|---|---|
| ४.६ | पुराना टिन | प्रति के जी | रु १ | |
| ४.७ | पुराना ड्रम | प्रति के जी | ०.५० पैसा | |
| **५** | **धातुका कवाडी सामानहरु** | | | |
| ५.१ | फलामजन्य सामान तथा टुक्रा | प्रति के जी | रु.२।– | |
| ५.२ | अन्य धातु–तामा पित्तल, जिङ्क आदीका सामानहरु | प्रति के जी | रु.३।– | |
| ५.३ | बिग्रेका मेसिनरी औजार तथा पार्टपुर्जा, सोलार, ब्याट्री | प्रति के जी | रु.३।– | |
| ५.४ | पोलिथिन पाइपका टुक्रा | प्रति के जी | रु.१।– | |
| ५.५ | सिसा (लिडका टुक्रा र धुलो) | प्रति के जी | रु.२।– | |
| ५.६ | कांचको टुक्रा र धुलो | प्रति के जी | रु.१।– | |
| ५.७ | मिनरल वाटरका बोतलहरु | प्रतिगोटा | ०.१० पैसा | |
| ६ | **जडीबुटी तथा जीवजन्तु निकासी** | | | |
| ६.१ | मृत जीवजन्तुको हाड, छाला,सिङ, प्वाँख (कानूनले निषेधित गरिएका जीवजन्तु बाहेक) | प्रतिटीप | रु.५०।– | |
| ६.२ | खोटो | प्रति केजी | ५० पैसा | |
| ६.३ | सालको विया | प्रति केजी | ५० पैसा | |
| ६.४ | अन्य बनस्पतिको विया | प्रति केजी | २० पैसा | |
| ६.५ | अदुवा | प्रति क्यून्टल | रु १०। | |
| ६.६ | टिमुर | प्रति केजी | रु १। | |
| ६.७ | साल सिसौ खयर काठ निकासी | प्रति ट्रक | रु १०००। | |
| ६.८ | अन्य काठ निकासी | प्रतिट्रक | रु ५००। | |
| ६.९ | वास प्रति घना | प्रतिघना | रु २। | |
| ६.१० | पशु निकासी रागा खसी बोका भेडा | प्रति गोटा | रु १०। | |
| ६.११ | सल्लोको सिम्टा | प्रति केजी | ०.२५ पैसा | |
| ६.१२ | बाँस | प्रति घना | रु.२। | |
| ६.१३ | साल सिसौ खयर काठ निकासी | प्रति ट्रक | रु.१०००। | |
| ६.१४ | अन्य काठ निकासी | प्रति ट्रक | रु.५००। | |
| ६.१५ | तेलजन्य पदार्थ निकासी | प्रति लिटर | रु.१। | |
| ६.१६ | ठुलो छाला | प्रति गोटा | रु.४०। | |
| ६.१७ | सानो छाला | प्रति गोटा | रु.१५। | |
| ६.१८ | अन्य जडिबुटी (कानूनले निषेधित गरिएको बाहेक) | प्रति केजी | ०.५० पैसा | |
| ६.१९ | बनकस, निगालो, अम्लिसो, पराल, लोक्ता | प्रति गाडी | रु. ५०। | |
| ६.२० | काठको धुलो | प्रति टिप | रु. ५००। | |
| ६.२१ | धानको भुस | प्रति टिप | रु. २००। | |

यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा २०८३।०३।३० मा सम्पन्न भेरीगंगा नगरपालिकाको नगरसभाको १९औँ अधिवेशनको दोस्रो बैठकबाट देहायबमोजिमका निर्णयहरु सर्वसम्मतिले पारित गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. १ :** यस भेरीगंगा नगरपालिकाको आ.व. २०८३।०८४ का लागि नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूबाट पेश गरिएको बार्षिक नीति तथा कार्यक्रम उपर दफावार छलफल भई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** यस भेरीगंगा नगरपालिकाको आ.व. २०८३।०८४ का लागि नगर उपप्रमुख श्री धनसरा बोहरा ज्यूबाट पेश गरिएका प्रश्ताबित बजेट, योजना तथा कार्यक्रमहरु र देहायबमोजिमका विधेयकहरु, प्रतिवेदनहरु उपर दफावार छलफल भई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(क) भेरीगंगा नगरपालिकाको आर्थिक ऐन, २०८३
(ख) भेरीगंगा नगरपालिकाको विनियोजन ऐन, २०८३
(ग) न्यायिक समितिको आ.व. २०८२/०८३ सालको प्रतिवेदन
(घ) मलेप तथा सार्बजनिक लेखा समितिको आ.व. २०८२/०८३ सम्मको प्रतिवेदन
(ङ) स्थानीय सरकार कार्यसम्पादन मूल्यांकनको आ.व. २०८१/०८२ सालको प्रतिवेदन
(च) आ.व. २०८३/०८४ को बजेट, योजना तथा कार्यक्रमहरु

**निर्णय नं. ३ :** यस भेरीगंगा नगरपालिका वडा नं. ५ को दक्षिणतर्फ र बाँसगढी नगरपालिका वडा नं. १ को सिमा रहेको बबई नदी देखि उत्तरतर्फको यस न.पा.को प्रशासनिक सिमाना विगत देखि नै बबई नदीलाई नै आधार मानी भेरीगंगा नगरपालिकाले भोग चलन गर्दै आएको, नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाण पूर्जा, मतदाता नामावली र मतदान केन्द्र, सामुदायिक विद्यालय, स्वास्थ्य संस्था लगायतका अन्य सम्पूर्ण प्रशासनिक कार्य समेत भेरीगंगा नगरपालिका वडा नं. ५ बाट नै कार्यसम्पादन हुँदै आएको र राष्ट्रिय गौरवको थी बबई डाइभर्सन बहुउदेश्यीय आयोजना समेत भेरीगंगा नगरपालिकाको वडा नं. ५ मा नै रहेको ब्यहोरा अवगत गर्दैछ प्राविधिक त्रुटीबश भेरीगंगा नगरपालिकाको वडा नं. ५ स्थित उक्त बबई क्षेत्रका केही भागहरु टोपोग्राफिक नक्सामा बर्दिया जिल्लाको बाँसगढी नगरपालिकामा देखिन गएको हुँदा चमेरेडाँडा (गिद्धेडाँडा देखि दक्षिणतर्फ र बबई नदी देखि उत्तरतर्फको हाल भेरीगंगा नगरपालिकाको वडा नं.५ मा पर्ने तर नक्सामा भेरीगंगा नगरपालिका वडा नं. ५ मा नदेखिएका उक्त क्षेत्रहरुलाई टोपोग्राफिक नक्सामा सुधार गरी भेरीगंगा नगरपालिकामा पर्ने गरी नक्सांकन गरिदिनका लागि प्रदेश सरकारमार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो

**निर्णय नं. ४ :** यस भेरीगंगा नगरपालिका वडा नं. ११ मा रहेको शिखर मावि रामघाटमा दक्षिण कोरियाको अम होङ गिल ह्युमन फाउन्डेशन संस्था, भेरीगंगा नगरपालिका र शिखर माविको सहलगानीमा विद्यालय भवन, छात्रबास, पुस्तकालय, ल्याब र कम्पाउन्ड निर्माण गर्न समन्वय गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ५ :** भेरीगंगा नगरपालिकाको सरसफाई तथा फोहरमैला ब्यबस्थापन गर्नका लागि नगरपालिकाले बिभिन्न कार्यक्रम सहित घोषणा गरेको सरसफाई बर्ष अभियानलाई सफल बनाउनका लागि सरसफाई तथा फोहरमैला ब्यबस्थापन गर्न बिभिन्न कार्यक्रमहरु सन्चालन गर्ने र उक्त कार्यक्रममा सहयोगका लागि बिभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई अनुरोध गर्ने र नगरपालिकाको खानेपानी, सरसफाई तथा वातावरण शाखालाई थप ब्यबस्थित बनाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ६ :** भेरीगंगा नगरपालिका वडा नं. १२ छिन्चुमा नगर विकास कोष काठमाण्डौको ७० प्रतिशत ऋण सहयोग र यस नगरपालिकाको ३० प्रतिशत लागत सहभागिता गरी संयुक्त लगानीमा छिन्चु बसपार्क निर्माण कार्य सुचारु भैरहेकोमा यस बर्ष पनि नगरपालिकाले लागत सहभागिता गरी कार्य सम्पन्न गर्ने र उक्त बसपार्क निर्माण कार्यमा अन्य सरकारी तथा गैरसरकारी निकायहरुमा सहयोगका लागि अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**निर्णय नं. ७ :** भेरीगंगा नगरपालिका वडा नं. १२ छिन्चुमा निर्माण भैरहेको नगर स्तरीय कवर्ड हल निर्माण कार्य आगामी वर्ष सम्पन्न गर्नका लागि संघीय सरकारलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**निर्णय नं. ८ :** भेरीगंगा नगरपालिकाको पन्ध्र शैयाको नगर अस्पताल निर्माण गर्न भेरीगंगा ९ जहरेमा जग्गा प्राप्ती गर्नका लागि नेपाल सरकारले स्वीकृती दिइसकेकोले उक्त जग्गा खरिद गर्ने साथै उक्त स्थानमा नगर अस्पताल भवन निर्माण गर्न DPR तयार गर्ने र बजेट ब्यबस्था गरिदिनका लागि संघीय सरकारसंग अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**निर्णय नं. ९ :** विपद् जोखिम न्युनिकरण तथा ब्यबस्थापन गर्नका लागि आवश्यक रणनीति तथा योजना तयार गरी बिपद् पिडितलाई उद्धार तथा राहतको ब्यबस्था गर्ने र सो कार्यमा सहयोग गर्नका लागि संघ तथा प्रदेश सरकार र अन्य संघसंस्थाहरुलाई समेत अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**निर्णय नं. १० :** भेरीगंगा नगरपालिका १२ छिन्चुमा ५० शैयाको अस्पताल निर्माण कार्य सुरु भएको र आगामी बर्ष कार्य सम्पन्न गर्न प्रदेश सरकार र संघीय सरकारसंग अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**निर्णय नं. ११ :** भेरीगंगा ११ रामघाटमा निर्माण सुरु गरिएको नगर औद्योगिक ग्रामको निर्माण तथा ब्यबस्थापन कार्यलाई निरन्तरता दिन संघीय सरकारसँग अनुरोध गर्ने साथै मैनतडा लगायत अन्य क्षेत्रमा उद्योग स्थापना गर्न प्रदेश सरकारलाई समेत अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**निर्णय नं. १२ :** भेरीगंगा ८ मा निर्माणाधिन मैनतडा रंगशाला निर्माण कार्यलाई निरन्तरता दिन संघीय तथा प्रदेश सरकारसंग अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**निर्णय नं. १३ :** भेरीगंगा नगरपालिकाको नगर गौरवको आयोजना हर्रे मनिरामकाँडा सडकको निर्माण कार्यलाई तिब्रता दिने र थप बजेट ब्यबस्था गर्न संघीय तथा प्रदेश सरकारसंग अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**निर्णय नं. १४ :** आ.व. २०७९।०८० देखि आ.व. २०८२।०८३ सम्म बेलायती राजदुतावासको सहयोगमा सन्चालित स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP)अन्तर्गत यस भेरीगंगा नगरपालिका भित्र सडक, खानेपानी, सिंचाई, विद्यालय, उर्जा र वातावरण क्षेत्रमा बिभिन्न आयोजनाहरु सन्चालन गरिएको र हाल परियोजनाको अवधि सकिएकोले सहयोगका लागि बेलायती राजदुताबास लगायत सबै सहयोगी निकायहरुलाई धन्यबाद दिने निर्णय सर्बसम्मतीले पारित गरियो।

**निर्णय नं. १५ :** यस भेरीगंगा नगरपालिकामा नियुक्ति भई कार्यरत रहेका अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई २०८२।४।१ देखि लागु हुने गरी नेपाल सरकारको सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने कार्य सुरु गरिएकोमा उक्त कार्यलाई निरन्तरता दिने र कोषको नियम अनुसार सम्बन्धित कर्मचारी र नगरपालिकाले रकम लागत सहभागिता गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**निर्णय नं. १६ :** मैनतडा आयुर्बेद औषधालयको निर्माणाधिन भवनलाई थप ब्यबस्थित गर्नका लागि बजेट ब्यबस्थापन गर्न संघीय सरकार र प्रदेश सरकारसँग माग गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. १७ :** बराहडाँडा, गिद्धेडाँडा, डुमकोटडाँडा, देउतीबज्यै मन्दिर, मुक्तेश्वर मन्दिर, शान्तेश्वर मन्दिर, नागेश्वर मन्दिर, रामजानकी मन्दिर, चमेरे गुफा, सिद्धचुली पिकनिक पार्क, रामजानकी शहिद स्मृती पार्क जस्ता भेरीगंगा नगरपालिका भित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धन तथा पुर्वाधार निर्माण गर्न संघीय सरकार तथा प्रदेश सरकारसंग माग गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. १८ :** शिक्षा क्षेत्रमा आमुल परिबर्तन गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने, दरबन्दी थप गर्ने र पूर्वाधार निर्माण गर्न र प्रबिधिमा सहयोगका लागि संघीय तथा प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. १९ :** स्वास्थ्य क्षेत्रको सुधार तथा प्रवर्द्धन गरी लक्षित बर्ग महिला, दलित, आदीबासी, जनजाती, जेष्ठ नागरिक, अपांगता भएका ब्यक्ति तथा बिकट क्षेत्रका र गरिब जनताहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नेर स्थापना भएका स्वास्थ्य संस्थाहरुको थप ब्यबस्थापन गर्ने निर्णय सर्बसम्मती पारित गरियो ।

**निर्णय नं. २० :** भेरीगंगा नगरपालिका वडा नं. १२ छिन्चु बजारमा रहेको साझा भवन भएको क्षेत्रमा कृषि हाटबजार निर्माण गरी सन्चालन गर्ने र उक्त जग्गा र छिन्चु बजार स्थित नेपाली सेना बसेको जग्गा नगरपालिकाको नाममा जग्गाधनी प्रमाण पूर्जा ल्याउने र सोको प्रकृया अगाडी बढाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. २१ :** भेरीगंगा नगरवासीलाई स्वच्छ पिउने पानीको ब्यबस्था गर्न र सरसफाई तथा स्वच्छता कायम गर्नका लागि यस नगरपालिका अन्तर्गत खानेपानी, सरसफाई तथा स्वच्छता वास क्षेत्रमा काम गरिरहेको सुस्वा परियोजनासंगको सहलगानी मार्फत आ.ब.२०८३।०८४ मा तपसिलबमोजिमका खानेपानी तथा सरसफाईका योजनाहरु निर्माण गर्ने र बजेट रकम बचत भएमा प्राबिधिकबाट अध्ययन भै सिफारिस भएका थप योजनाहरु पनि निर्माण गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**तपसिल**

| क्र.सं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | चिसेखोली एकता टोल हरियाली टोल लिफ्ट खानेपानी तथा सरसफाइ योजना | भेरीगंगा –६ | बजेट स्टीमेट अनुसार |
| २ | कुम्भेपानी थापा टोल खानेपानी तथा सरसफाइ योजना | भेरीगंगा –२ | बजेट स्टीमेट अनुसार |
| ३ | शान्ती जागरण खानेपानी तथा सरसफाइ योजना | भेरीगंगा -९ | बजेट स्टीमेट अनुसार |

**निर्णय नं. २२ :** भेरीगंगा नगरपालिका भित्रको खानेपानी तथा सरसफाई कार्यलाई थप ब्यबस्थित गर्न नगरपालिकामा एउटा खानेपानी तथा सरसफाई कोष खडा गर्नेर सो कोषमा रकम थप गर्न अन्य सरकारी तथा गैर सरकारी संघसंस्थालाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. २३ :** लेखपराजुल क्षेत्र लगायत बिद्युत नपुगेका सबै वडाका सबै घरधुरीहरुमा विद्युत लाईन बिस्तार गरी पूर्ण बिद्युतीकरण गर्न विद्युत प्राधिकरण र सामुदायिक विद्युतीकरण कार्यक्रमसँग माग गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. २४ :** शान्ति सुरक्षाको व्यवस्थापन, सडक दुर्घटना लगायतका कार्य न्यूनिकरण तथा व्यवस्थापन गर्नका लागि तपसिल बमोजिमको क्षेत्रमा प्रहरी चौकी स्थापना गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**तपसिल**

१. जहरे प्रहरी विट भेरीगंगा ९ लाई प्रहरी चौकीमा स्तरोन्नती गर्ने ।

२. मोहटी, बबई र हर्रेमा प्रहरी चौकी स्थापना गर्ने ।

**निर्णय नं. २५ :** भेरीगंगा ९ जहरेमा विद्युत बितरण केन्द्र स्थापना तथा संचालनका लागि नेपाल विद्युत प्राधिकरण तथा सम्बन्धित निकायमा माग गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. २६ :** भेरीगंगा नगरपालिकामा निर्माण गरिएको मध्यमकालिन खर्च संरचना, स्थानिय बिपद् तथा जलवायु उत्थानसील योजना (LDCRP), नगरपालिकाको आवधिक योजना (नगर गुरुयोजना) लाई स्वीकृती गर्ने साथै नगर प्रोफाइल र सडक गुरुयोजना अध्यावधिक गरी कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. २७ :** लक्षित बर्ग महिला, बालबालिका, एकल महिला, दलित, आदिबासी, जनजाती, जेष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकहरुको उत्थानका कार्यक्रम संचालन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. २८ :** बेरोजगारीलाई सम्बोधन हुने गरी रोजगारमुलक तथा युवा लक्षित उद्यम विकासका कार्यक्रमहरु संचालन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. २९ :** अतिगरिब तथा अशक्त, असाहाय ब्यक्तिहरुको उत्थानका लागि आ.ब. २०७९।०८० देखि सुरु गरिएको गरिबसँग नगर प्रमुख कार्यक्रमलाई निरन्तरता दिईनेछ र सो कार्यक्रमका लागि आर्थिक सहयोग गरि दिन बिभिन्न संघसंस्थाहरुलाई समेत अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३० :** आ.व. २०७९।०८० देखि सुरु गरिएको १० वटा जटिल रोगहरु (मुटु रोग, क्यान्सर रोग, मृगौला रोग, पार्किन्सेन्स, अल्जाईमर्स, हेडईन्जुरी, स्पाइनल ईन्जुरी, सिकलसेन एनिमिया, हिमोफिलिया र प्यारालाइसिसबाट पूर्ण अशक्त) भएका नागरिकहरुलाई नगरपालिकाको आन्तरिक कोषबाट मासिक रु. २,०००। का दरले उपचार तथा जीवन यापन खर्च दिने कार्यक्रमलाई निरन्तरता दिने साथै आ.व. २०८३।०८४ देखि कामुधेनु सुत्केरी भत्ता बितरण निर्देशिका बमोजिम सुत्केरी गाईभैंसी धनीलाई मासिक रु. १,०००। का दरले सुत्केरी भत्ता दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३१ :** फियान नेपाल संस्थाको आर्थिक तथा प्राबिधिक सहयोगमा निर्माण भएको यस नगरपालिकाको खाद्य सुरक्षा तथा पोषण रणनीतिक योजना २०८२–०८७ स्वीकृत गर्ने र बिभिन्न निकाय तथा संस्थाहरुको सहयोगमा उक्त रणनीतिक योजना कार्यान्वयन गर्दै जाने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३२ :** भेरीगंगा नगरपालिकाको वडा नं. ६, ९, १० र ११ को सिमानामा पर्ने मदानीचौर देखि पूर्बतर्फको खाली जग्गामा संघीय सरकारले सुरु गरेको क्षेत्रीय बिमानस्थल निर्माण कार्य यथाशीघ्र आरम्भ गर्नका लागि संघीय तथा प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३३ :** भूमि समस्या समाधान समितिसंग समन्वय गरी जग्गाधनी प्रमाण पूर्जा नभएका भूमिहिन सुकुम्बासी, भूमिहिन दलित, अब्यबस्थित बसोबासी र बिगतका अधुराअपुरा जग्गाको नापनक्सा गरी लालपुर्जा बितरण कार्य सम्पन गर्ने र जनताको भूमिसम्बन्धि समस्या समाधानगर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३४ :** मध्यपश्चिमाञ्चल विश्व विद्यालयको केन्द्रीय कृषि क्याम्पस भेरीगंगा वडा नं. ११ को रामघाटमा सन्चालन गर्नका लागि भेरीगंगा नगरपालिकाको रामघाटमा रहेको हिमशिखर बहुमुखी क्याम्पसले बिगतमा चर्चेको सेवाकेन्द्र क्षेत्रको केहिजग्गा समेत गरी अनुमानित १५ बिगाह ऐलानी प्रति जग्गा र तत्कालिन समयका भवन तथा संरचनाहरु समेत केन्द्रीय कृषि क्याम्पसलाई हस्तान्तरण गरिएको र उक्त क्षेत्रमा उपलब्ध हुनसक्ने जग्गा केन्द्रीय कृषि क्याम्पसलाई भोगचलन गर्न दिने र सेवाकेन्द्र क्षेत्रकै उत्तरतर्फको अनुमानित ५ रोपनी जग्गा हिमशिखर बहुमुखी क्याम्पस रामघाटलाई भोगचलन गर्न दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३५ :** यस नगरपालिकाको योजनाबद्ध सहरी विकास गर्नका लागि नगर विकास समिति गठन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३६ :** इसाई धर्मावलम्बीहरुको मृत्यु दफन कार्यका लागि प्रत्येक वडामा उचित स्थान पहिचान गरी ब्यबस्थापनगर्न वडा समितिलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३७ :** यस भेरीगंगा नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरी लागू गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३८ :** यस भेरीगंगा नगरपालिकामा दरबन्दीमा कार्यरत अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुको २०८३।०४।०१ देखि लागु हुने गरी म्याद थप गर्ने साथै निजहरुलाई नियमानुसार पोशाक भत्ता, चाडपर्ब खर्च र बिमाको सुबिधा समेत उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३९ :** मिति २०८२।४।१ गतेदेखि २०८३ असार मसान्तसम्म यस नगरपालिका कार्यालय एबं नगर कार्यपालिकाबाट भएगरेका सम्पूर्ण निर्णय तथा खर्चहरु अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ४० :** तत्काल नगरसभा बस्ननसक्ने अवस्था र कुनै निर्णय तत्कालै गर्नुपर्ने भएमा लगतै बस्ने नगर सभाबाट अनुमोदन गर्ने गरी आवश्यक पर्ने निर्णय गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ४१ :** यस नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने साथै यस नगरपालिका क्षेत्र भित्र नापनक्सा भएका वा नभएका सरकारी जग्गा र नगरपालिकाले बिगत देखि भोगचलन गर्दै आएको नगरपालिका कार्यालय क्षेत्रको जग्गा लगायत बिभिन्न प्रकारका जग्गाहरु भेरीगंगा नगरपालिकाको नाममा दर्ता गरी जग्गाधनि पूर्जा प्राप्त गर्ने प्रकृया अगाडी बढाउने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**निर्णय नं. ४२ :** यस नगरपालिकाबाट भौतिक पूर्वाधारतर्फ सन्चालन हुने सबै योजनाहरु निर्माण गर्दा अनिवार्य रुपमा लागत स्टीमेटमा नै १ प्रतिशत रकम वातावरण तथा विपद् व्यवस्थापन कोषमा तथा १ प्रतिशत रकम मर्मत सम्भार कोषमा रहने गरी कट्टा गरी राख्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**निर्णय नं. ४३ :** यस नगरपालिकाबाट अनुमति लिई बिभिन्न कार्यक्रमहरु सन्चालन गरिरहेका बिभिन्न गैह्र सरकारी संस्थाहरुलाई अनिवार्य रुपमा आगामी आर्थिक वर्षमा पनि अनुमति लिएर मात्र कार्यक्रम सन्चालन गर्न अनुरोध गर्ने र संस्थाबाट यस नगरपालिकामा सन्चालन गरिने बिभिन्न कार्यक्रमहरु र सोको बजेट सहित नगरको योजना किताबमा राख्ने ब्यबस्था मिलाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ४४ :** दिगो विकासका १७ वटा लक्ष चित्रण हुने गरी नगरपालिकाको बजेट विनियोजनलाई स्थानीयकरण गर्ने कार्यलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ४५ :** यस भेरीगंगा नगरपालिका भित्र पर्ने दर्तावाल जग्गाबाट सडक निर्माण गर्न प्रशताव आएमा जग्गाधनीहरुको बाटो खोल्ने सहमतीको कागज सहित बाटोको लगत कट्टा गर्ने ब्यबस्था मिलाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ४६ :** यस भेरीगंगा नगरपालिकाको तर्फबाट कुनै न्यायिक निकायमा पक्ष वा विपक्ष भई फिराद पत्र वा प्रतिउत्तर पत्र दायर गर्नुपर्ने वा पक्ष वा विपक्ष भई कानुन व्यवसायीबाट बहस पैरवी गराउनुपर्ने भएमा नगरपालिकाको तर्फबाट प्रतिनिधि तोक्ने र कानुन ब्यबसायी नियुक्ति गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई दिने र उक्त कार्यमा लाग्ने खर्च नगरपालिका कार्यालयबाट भुक्तानी गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**निर्णय नं. ४७ :** यस भेरीगंगा नगरपालिकाका सबै वडाहरुमा नै अनलाइन वेश कर तथा राजश्व असुली गर्ने र राजश्व बृद्धि अभियान सन्चालन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ४८ :** यस भेरीगंगा नगरपालिका क्षेत्रभित्र उत्पन्न हुने फोहोरलाई कुहिने र नकुहिने फोहोरमा वर्गीकरण गर्ने तथा फोहर व्यवस्थापन गर्नका लागि निजी क्षेत्र, सहकारी, संघसंस्था, टोल विकास संस्था, क्लब, आमा समूह लगायतसँग सहकार्यका लागि आह्वान गर्ने साथै प्लाष्टिक मुक्त नगरपालिका बनाउन पहल गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**निर्णय नं. ४९ :** यस नगरपालिका क्षेत्रमा बजार अनुगमनलाई प्रभावकारी रुपमा सन्चालन गर्ने र जिल्ला प्रशासन कार्यालयसँग पनि सहकार्य र समन्वय गर्दै अघि बढ्ने र पसलहरुमा मूल्य सुची राख्ने व्यवस्थालाई कडाईका साथ लागु गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**निर्णय नं. ५० :** लागूऔषध तथा धुम्रपान र मद्यपान नियन्त्रण सम्बन्धि बिभिन्न सचेतनामुलक कार्यक्रमहरु सन्चालन गर्ने र सोका लागि अन्य संघसंस्थाहरुसंग समेत समन्वय गर्ने र सो सम्बन्धि कानुन समेत निर्माण गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**निर्णय नं. ५१ :** यस नगरपालिका क्षेत्र भित्र हुने बालश्रम, बालविवाह, घरेलुहिंसा, जातीय बिभेद र छुवाछुत बिरुद्ध जनचेतनामुलक कार्यक्रमहरु सन्चालन गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**निर्णय नं. ५२ :** यस नगरपालिका क्षेत्र भित्र रहेका विद्युत सब–स्टेशन तथा ट्रान्समिटरहरुको क्षमता विस्तारका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**निर्णय नं. ५३ :** प्रदेश स्तरका नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका कार्यालयहरु भेरीगंगा नगरपालिका भित्र स्थापना गर्नका लागि प्रदेश तथा संघीय सरकारसंग अनुरोध गर्ने र आवश्यक पर्ने जग्गा समेत नगरपालिकाले ब्यबस्थापन गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**निर्णय नं. ५४ :** राष्ट्रिय गौरवको आयोजन भेरीबबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाबाट प्रभाबित क्षेत्रमा भौतिक पूर्बाधारका योजनाहरु निर्माण नगर्ने सरकारको नीतिका कारण प्रभाबित जनतालाई निकै अन्याय भएकोले पुनः भौतिक पूर्बाधारका योजनाहरुको निर्माण कार्य सन्चालन गर्न संघीय सरकारसंग माग गर्ने साथै प्रभाबित क्षेत्रमा विद्युत महशुल छुट गर्नका लागि आयोजना तथा सरकारसंग माग गर्ने र उक्त सुरुङ्गबाट बबई क्षेत्रमा निस्कने पानीबाट बबई क्षेत्रमा सिंचाई गर्ने ब्यबस्था मिलाउन आयोजनासंग अनुरोध गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**निर्णय नं. ५५ :** भेरी नदीबाट चिप्ले देखि चौराह हुँदै साँधिखोला घ्वानेल टोलसम्म सिंचाई नहर निर्माण गर्न र चिप्ले क्षेत्रमा पार्क निर्माण गर्नका लागि भेरीबबई डाईभर्सन बहुउद्देश्यीय आयोजना र भेरी कोरिडोर आयोजनासंग माग गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

